# प्राचीन नेपाल
# ANCIENT NEPAL

संख्या १६९
माघ २०६५

Number 169
January 2009

सम्पादक मण्डल
प्रधान सम्पादक
कोशप्रसाद आचार्य
सम्पादक
विष्णुराज कार्की
राजेश माथेमा
श्यामसुन्दर राजवंशी

**Editorial Board**
Chief Editor
**Kosh Prasad Acharya**
Editor
**Bishnu Raj Karki**
**Rajesh Mathema**
**Shyam Sunder Rajbanshi**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section

**Buddhism in the 21st Century**
*Dr. Khadga Man Shrestha* ........................................1-6

## नेपाली खण्ड
## Nepali Section

वास्तुकला र नेपालको मध्यकालीन केही वास्तुशब्दहरू
*तारानन्द मिश्र* ........................................ ७-१७

श्री महापिन्थवहार - पिथोवहार
(पिण्डबहार)
*हरिराम जोशी* ........................................१८-२०

नेपालमा संवत्हरू
*श्यामसुन्दर राजवंशी* ........................................ २१-५०

# Buddhism in the 21st Century

– *Dr. Khadga Man Shrestha*

Buddhism in the 21st Century is based on dual systems. On one hand, it is based on monastic Buddhism while on the other Buddhism is based on the educational institutions. Buddhism is studied in the institutions from school to tertiary level. In ancient and medieval Nepal, the *Viharas* and the *Bahils* served as educational institutions. Monasteries were / are the abode of Buddhist monks. Nepalese monks are married monks like Tibetan monks and they live in *Viharas* and *Gumbas*. In medieval Nepal, the Vajracharya *Bhikshus* (celibate monks) live in *Bahils*. Nowadays the monks in Nepal are not celibate but they assume the title of *Brahmacharya Bhikshus* and they live in traditional *Viharas* and *Bahils*. They practice *Shil* (discipline), *Samadhi* (concentrated meditation) and *Prajna* (wisdom) in the *Viharas, Bahils* and *Gumbas*. There are about 400 *Viharas* and *Bahils*, 4000 *Gumbas* as well as 96 Theravada *Viharas* in Nepal.[1]

To quote Metta Lodge, the term Buddha is derived from Pali language meaning, thereby, an awakened person. *Bodhisattva*, Siddhartha became Buddha unaided and unguided by any supernatural agency, solely relying on his own efforts and wisdom, eradicated all defilements, ended the process of grasping, and realizing things as they truly are by his own intuitive knowledge became a Buddha. One is not a Buddha by birth but becomes Buddha by his own efforts. He fully comprehended Four Noble Truths. He not only comprehends but also teaches and enlightens others. So he is called *Samma Sambuddha* (highly enlightened Buddha).[2] He is also known as *Tathagata* (thus gone). In his first discourse he declared – "Light arose in things not heard before". The Buddha in his discourses calls himself neither a *Deva* (God) nor *Yakkha* or *Yakshya* (demon), nor *Gandharba* (angel). He calls himself as *Brahman* and *Tathagata*. He says in his discourses that the *Tathagatas* are only teachers. The Buddha says – "You yourself should make exertion. The *Tathagatas* are only teachers". "Be you an island onto yourself; be you a refuge onto yourself, seek no refuse in others".[3] The Buddha raised voice against the evils of caste

1 Surendra Man Vajracharya, "Bauddha Dharma Ra Nepal", *Amritopadesh*, National, Year 4, No. 2, Kathmandu; Satya Sandesh Prakashak Prakashan, 2008, p. 27.

2 Metta Lodge, "The Buddha", *Amritopadesh*, National Year 4 no. 2, Kathmandu, Satya Sandesh Prakashak Prakashan 2008, p. 31.

3 *Ibid.*, p. 31

system and advocated equal opportunity for all. He declared that the gates of deliverance are open to all.[4]

Buddhism originated in about two and a half millennium years ago, is getting more and more popular. Everyone appreciates the Buddha way of life. Scholars divide the development of Buddhism in five phases such as

| | | |
|---|---|---|
| a) The 6th to the 1st centruy B.C | - | 1st phase of Buddhism |
| b) The 1st to the 5th century A.D. | - | 2nd phase of Buddhism |
| c) The 6th to the 10th centruy A.D. | - | 3rd phase of Buddhism |
| d) The 11th to the 15th century A.D. | - | 4th phase of Buddhism |
| e) The 16th to the 21st century A.D. | - | 5th phase of Buddhism |

The present Buddhists including Theravadians believe the existence of 27 human Buddhas before Siddhartha Gautam Buddha. Siddhartha Gautam Buddha was the 28th human Buddha. *Pratyek* Buddhas (isolated Buddhas) and the 25 *Bodhisattvas* also existed. Since then Buddhist beliefs and practices, literature and institutions have been spreading, developing and influencing their cultures and religious way of life. Some Indian scholars have tried to trace the history of Buddhism from the time of Indus valley civilization on the basis of Buddhist symbols drawn in the wall. But it has to be attested by concrete evidences. It demands increasing need of Buddhist historical researches. *Purana* mentions Svayambhu *(Adi* Buddha) originated in the Kathmandu Valley long before the advent of Lord Buddha. Attempts have been made to outline some of the significant Buddhist developments within the period of five centuries each.

## Buddhism during the first phase

It is obvious that Buddhism as a way of life has been variously understood followed and expanded by its adherence. The developments of Buddhist belief and practice have been influenced by several factors such as ethnic traits, social customs, subjective interests and partial knowledge of religion. Dr. Richard A Gard writes – "Conceived in Asia Buddhism remained as a historical expression of universal human ideal". Writing about *Triple Gems,* Gard further writes – "the Buddha (teacher), *Dhamma* or *Dharma* (Buddhist practices), the *Sangha* (Buddhist monasticism) took new courses from time to time. It offers an individual or society, a voluntary way of thought, based on analysis and conditioned existence dependent upon supreme human effort and directed towards the realization of freedom of perfect existence.[5]

During the first phase of development of Buddhism (i.e. the 6th to the first century A.D.) the Buddha was regarded as the teacher and conceived as the great man *(Mahpurusha)* and the Universal Ruler *(Chakravartin);* popular veneration of him developed into a Buddha *Puja* which expressed and facilitated belief in him as the Exalted one *(Bhagavanta).* The Buddha *Dharma* was developed into doctrinal statement and scholastic interpretation and textually begun in Pali, Sanskrit and Buddhist Hybrid Sanskrit.[6]

During the lifetime of Gautama Buddha his teachings were not written in black and white. It was the duty of *Bhanakas* (recollectors) to memorize his teachings. For about a century, the Buddhists remained united after his *Parinirvana.* About a century after his *Parinirvana* the Buddhists were split into separate schools. These schools had their own recessions of *Tripitakas* for the texts of giving authority to their new ideas.[7] By the 4th century B.C. Buddhism was divided into 18 sects or schools. Among them Theravada, Mahasangika, Sarvastivada and the Sautantriaka (followers of *Sutras)* became most influential. Sarvastivada is a sect that emerged from Sthaviravada in 260 B.C.

[4] *Ibid.,* p. 32
[5] Dr. Richard A Gard, Edt, *Great Religions of Modern Man - Buddhism,* New York; Washington Square Press, 1963, p.5
[6] *Ibid.,* p.6
[7] A.K. Warder, Indian Buddhism, Delhi; Moti Lal Banarasidas, 1970, p.4

## Buddhist Councils or Conferences

Several Buddhist Councils were held in India. The first council or conference at Rajgir, the capital of Magadha, held under the patronage of King Ajata Satru, three months after Buddha's demise questions Buddhist development. It mainly dealt with *Dharma* and *Vinaya*.[8] The second council was held in Balukaram *Vihara* during the reign of Kalashoka. Gard suggests Vaishali somewhere 100 or 110 years later. At that time the Buddha was known as *Shasta* and the Buddhism as *Shasana*. The council was divided in opinion. The followers of "Ten Rules", "Deshavathu" relating to *Dhamma* and *Vinaya* showed thier dissension and they were known as progressive *Bhikshus*.[9]

Under the protection of King Mandali the dissident *Bhikshus* who supported "Ten Rules" held a council led by Mahadeva were known as Mahasangikas. According to Theravada accounts the third council was held at Ashoka Ram in Pataliputra (Patna) under the patronage of Emperor Ashoka for nine months in the 3rd century B.C. They were known as separatists. The fourth council was held in Kashmir (Jalandhar) during the reign of Kanishka (78-101 A.D) under the chairmanship of Basumitra.[10] The Theravadians recognized that the fourth council was convened in the Alu *Vihara* at the Matali in Sri Lanka in the late first century B.C. during the reign of Battagamini in the 79 B.C.

It is commented that during the reign of Sunga dynasty (187-72 B.C), Kanwa dynasty (72-28 B.C.), the Theravadines (Hinayani) or lesser vehicle migrated from Magadha Koshala to Videsha (modern Sanchi, Gwalior) and Sarvastivadins to Mathura. The Sarvastivadins translated their *Tripitaka* in Sanskrit. The Sarvastivadins of Mathura had their dissentions with the Sarvastivadins of Magadha. The Sarvastivadins of Mathura called themselves as Mulasarvastivadins. During the reign of Kanishka, as they are the followers of *Vibhasha* they were called Mulasarvastivadins.[11]

In 260 A.D. the expelled Sarvastivadins from the 3rd council conducted their own council (conference) in Nalanda, the capital of Magadha separately.[12] Scholars write that a system of thought now known as Mahayana developed after the speculation of doctrinal controversies.[13] Reffering T.W. Rhys Davis, Pradhan writes - "Manjusri historical personnel had written an ancient text entitled *"Saddharmapundarika"* by the end of the 1st century B.C. and beginning of the 1st century A.D." On the basis of the principle propounded in that Mahayana text Mahayana developed.[14]

Historically the term Mahayana was widely used by Kanishka in the first century A.D. It is also stated that Mahayana philosophy was developed through *Lalitavistara, Mahavastu* and the *Buddha Charita*.[15] Shakya also mentions that Sarvastivadins held a council in Kashmir under the chairmanship of *Bhikshu* Basumitra and the vice-chairmanship of *Bhikshu* Ahwa Gosh. It was the fourth Buddhist council. Opinion of Scholars differs in it. However it is historically ascertained that Mahayana had its origin from Mahasanghika sect. The Mahasanghika fostered dissention from the Theravada. Together with other factors eventually resulted in the rise of Mahayana tradition. The *Prajnaparamita* doctrinal literature and related Mahayana tradition began to evolve *Nava Sutra Sangraha* (nine holy texts) of Nepal known as the holy texts of Mahayana Buddhism. However Nepalese Buddhists believe the

---

8 Dr. Laxman Shakya, *Bauddha Itihasma Shakyamuni Buddha*, Kathmandu; Human Gem Study Center, 2005, p.15
9 *Ibid.*, p. 16-17
10 *Ibid.*, p. 17
11 Bhuvan Lal Pradhan, *Nepalma Baudhha Dharma*, Kathmandu; Royal Nepal Academy, 1998, p.30
12 *Ibid.*, p. 30
13 Rahula Sankrityayana, *Intellectual Prespective of Rahula Sankrityayana Reminiscences*, Edt, Rajendra Ram, Patna; Janajagarana Prakashana, 2005, p 56
14 Pradhan, f.n. no.:11, p.82, T.W. Rhys Davis, Buddhism, London; 1912, p. 202
15 Shakya, f.n. no.8, p. 24

Mahayana and Vajrayana had its origin in the life time of Shakyamuni Buddha. They believe that Shakyamuni Buddha spread Mahayana in Gridhakuta hill. *Saddharmapundarika Sutra* mentions that lord Buddha made second *Dharma Pravartana* in Gridhakuta hill on Mahayana to promote *Samyek Sambuddhayana* (higher enlightenment).

From the 2nd to 4th centuries different texts were developed on the basis of Mahayana philosophy.[16] In the same way the followers of Vajrayana believe that the Buddha propounded Vajrayana to highly talented disciples in Dhanyakuta hill after sixteen years of his Buddhahood.[17] It is stated that Theravada Buddhists number over one hundred million worldwide today. Over thirty Asian countries and some twenty two Asian languages deal with Buddhism.[18] Theravada is based on Pali canon, *Tripitaka.* In Pali language "*Thera*" means "elder" and "*Vada*" denotes "doctrine". Theravada is the doctrine of elder *Bhikshus.* In recent days Theravada has taken route in the west primarily in Europe and USA.[19] In South and Southeast Asia traditionally Theravadians live in Bauddha *Shasana.* It is stated that Theravada conception of Buddhism lays emphasis on community spirit and order in life.[20] Theravada is also identified as Southern Buddhism in contrast to Northern Buddhism.[21] Theravada texts are written in Pali language and its aim it to make *Arhat.* Scholars state that and *Arhat* is a Buddhist saint who has attained liberation from the cycle of birth and death, generally accordance with the Buddha's teachings. This is the goal of Theravada practice.[22] *Arhats* live in the state of salvation free from five attachments.[23] The Buddhist followers as wanderers settled in residences, (at first as *Avasas*) during rainy season *Vassa* (retreat), later established as *Viharas,* in the next period became *Sanghas* (communities), thus monasticism was established. During the first phase Buddhist architecture, sculpture and literary arts also developed. It is stated that Buddhism being taken as agonistic religion, people were less attracted to it in order to make it popular mysticism was introduced in it along with the conception of *Sukhavati* heaven.

## Buddhism during Second Phase

During the first to the 5th centuries, Buddhism spread rapidly eastwards upto Malaysia, Vietnam, Cambodia, Thailand; northward to Kashmir, Gandhara and Bactria. Then eastward to Central Asia to China both by land and sea route from 148 A.D. onwards. Indian scholars went to China to translate nine texts of Mahayana Buddhism known as *Sutra* which is very popular in Nepal. The following holy texts of *Nava Sutra Sangraha* were translated from Sanskrit to Chinese language.

1. *Lalitavistara* - 221 A.D. It is regarded as the oldest text assigned to 3rd century B.C. –
2. *Saddharmapundarika* - 255 A.D.
3. *Suvarnaprabhasutra* - 397 A.D.
4. *Samadhirajasutra* - 148 A.D. earliest Chinese translation, 450 A.D.
5. *Lankavatarasutra* - 443 A.D
6. *Gandhavyuhasutra* - Ten great vows of *Bodhisattva*
7. *Dasabhumikasutra* - 265 A.D.
8. *Astasahasrika Prajnaparamita* - 659 A.D
9. *Tathagataguhekasutra* - Also known as *Guhya Samaj Tantra* - *[24]

---

[16] *Ibid.*, f.n. no. 8, pp. 25-26
[17] *Ibid.*, p.27
[18] Gard f.n. no. 5, p.6
[19] John Bullitt "What is Theravada Buddhism" *Amritopadesh*, National, Kathmandu; Year 4 no. 2, p. 33
[20] *Ibid.*, p. 6
[21] *Ibid.*, p. 33
[22] Gautam Bir Vajracharya, "Arhat", *Amritopadesh,* National, Year 4 no. 2, Kathmandu; Satya Sandesh Prakashak Prakashana, 2008 p. 43
[23] *Ibid.*, p. 43
[24] Min Bahadur Shakya, "Intro", *Nava Sutra Sangraha*, Lalitpur; Bodhiprakashan Kendra, 1990 A.D. pp. 24-34

During 399 to 414 A.D. Chinese Buddhist pilgrim Fahien visited central Asia, India, Sri Lanka (Ceylon) and Java. During the first century A.D. Kanishka of Kusana dynasty held a Buddhist council as mentioned above and strengthened Sarvastivada tradition. Sarvastivada viewed the Buddha as a human being with super human attributes. The *Prajnaparamita,* the *Guhya Samaja Tantra,* the *Saddharmapundarika Sutra* and other literature related to Mahayana tradition developed in Nepal, India, China, Central Asia and Korea. This movement was in two general directions- the Madhyamik School and the Yogacharya School each with varying sub-schools. Conceptions of Buddha further developed into *Bodhisattva* doctrine and numerous idealized Buddhas in Mahayana tradition. The Buddha cult was aided by Hindu *Bhakti* (devotional practices) and acquired various ethnic forms as it was being adopted by different people.[25] Ashwa Ghosa contemporary of Kanishka, 1st century A.D. wrote *Buddha Charita* in the 1st century A.D. Commentaries on the *Dharma* in Pali language and Hybrid Sanskrit expanded non Theravada and Mahayana school. In this period, Buddhist cultural pursued made remarkable progress and established their traditional place in Asian Art.

### Buddhism during the Third Phase

During the 6th to the 10th century A.D. Buddhism continued to spread particularly from Korea and China to Japan and from India and Nepal to Tibet. Foreign travels by Buddhist pilgrims and scholar increased. Hieun Tsang (629 - 644 A.D.), Itsing (633 - 718 A.D.) made extensive travel up to Sumatra and India. Theravada tradition grew in Sri Lanka (Ceylon). The Sarvastivada was still prominent in Central Asia and respected in Tibet but declined elsewhere; the Mahayana tradition generally prevailed. The Vajrayana tradition developed primarily in northern India, Bengal, Nepal and Tibet. Some of its beliefs and practices were incorporated into Chinese and Japanese esoteric forms of Mahayana tradition. Mahayana literature continued to be written, translated and studied while Vajrayana texts developed in relation to it. The Buddha concept and the Buddha cult culminated in the Buddhist Pantheons and elaborate rituals in Mahayana and Vajrayana traditions. In architecture painting, sculpture, literature and handicrafts. Buddhism everywhere made historic contributions in the cultural arts of Asia. In every way this period was perhaps the most remarkable and significant in the history of Buddhism.[26] Nepal remained as communication point between the scholars and preachers who went to preach Buddhism in Tibet. Trade developed on Buddhist cultural goods. The Vajracharyas like Leela Vajra and others contributed in preaching Buddhism to the Tibetans. The Siddhacharyas also contributed in the development of Buddhism.

### Buddhism during the fourth phase

During the 11th to 15th centuries A.D. Buddhist institutions in India declined. The Buddhists monks took asylum in the safe place like Nepal. They brought many Buddhist texts and copied them in the monasteries of Nepal. Many Buddhist manuscripts were copied and sent to Tibet. Nepalese monasteries developed as a place of copying Buddhist texts. *Tantric* practices greatly affected the esoteric Vajrayana rituals. Esoteric and exoteric practices were made in it. Refomed Vajrayana predominated in Tibetan cultural areas. The Buddha concepts, art and pantheons expanded in doctrinal practice and art forms. Buddhist literature continued to be written, studied and edited as canonical collections. The *Bhakti* cult and the Hindu influence appeared dominating in the development of Buddhism in Nepal.

### Buddhism during the fifth phase

During the 16th to 21st centuries, the most significant change appeared in Buddhist beliefs, practices, and institutions. Buddhism faced many challenges. Westernized ideas, values, modern technology and educational reforms posed many challenges to the traditional practice. Gard states – Henceforth conceptions and calts of Buddha are

25 Gard, f.n. no. 5, p. 10
26 Ibid., p. 215

questioned, *Dharma* is reinterpreted by non tradditional scholarship and the *Sangha* is conditioned by relatively new forms of political and public interests." Adherence of the Theravada, Mahayana and Vajrayana are beginning to study each other traditions as components of their common heritage and are attempting to determine, describe and support the role of Buddha *Shasana* in the present day world. Buddhists are making pilgrimages and visits in each other's countries"[27]

On the occasion of Buddha *Jayanti,* the Fellowship of Buddhist Conferences was held from 1950 - 1956 A.D. in Asia. The following World Fellowship of Buddhist conferences were held i.e. in Colombo, Sri Lanka 1950, Tokyo, Japan 1952, Rangoon, Myanmar 1954, Kathmandu, Nepal 1956, Bangkok, Thailand 1958, Phnom Penh 1961.

The Sri Lankan delegate to UN General Assembly moved a resolution proposing to celebrate *Baisakh Purnima* as Buddha *Jayanti* worldwide in 1995 A.D. After the adoption of the proposal by the UN General Assembly, *Baisakh Purnima* is being celebrated at UN and throughout the world for universal peace.

One of the significant changes that featured this period may be noted a reorganization of monastic education in the form of modern Buddhist schools, colleges and Universities. It has facilitated exchange of Buddhist publications in the forms of journals among the laities and the scholars. The increasing consciousness of *Sangha,* public welfare activities conducted by Buddhist organizations, ideological and material exploitation of the Buddhist beliefs are the characteristics of development of this period. Popularization of Buddhism as *Buddhayana Samyeksambodhiyana* may be taken as a major thrust of Buddhism of 21st century.

Mahayana and Vajrayana Buddhist text written in Sanskrit although disappeared in India, these are well preserved in Nepal. Brian Houghton Hodgson and Rahula Sankrityayana are credited for it. B. H. Hodgson (1820 - 1843 A.D.) and *Pandit* Amritanada collected 381 bundles of Sanskrit Buddhist literature. Apart from Pali, Buddhist literature in such great number was found in Nepal Hodgson sent these texts to India, London, and Paris which aroused the interest of Buddhist scholars in those countries, Rahula Sankrityayana brought a great number of Sanskrit Buddhist texts (22 mule loads) from Samaye monastery of Tibet. It revealed many hidden treasures of Buddhist history and culture. Although Pali Buddhist literature was studied and oriental and occidental scholars made research on them Sanskrit Buddhist literature has still remained unexplored. The Russian, French, Italian and the British scholars who have access to Sanskrit Buddhist literature are making vigorous efforts to bring about the hidden truth in limelight. Local Buddhist scholars as Vajracharyas are making new exposure on Sanskrit Buddhist literature based on Mahayana, Vajrayana tradition, well preserved in Tibet, Japan, China and Nepal. They are expected to bring about new chapter in Buddhist history and philosophy.

The First World Buddhist Summit held in Lumbini from 30th November to 2nd December 1998 A.D. recommended for the establishment of Lumbini Bauddha University in Lumbini for popularizing Lumbini, the birth place of the Buddha as the Fountain of World Peace and contribute for the development of Buddhist religion, philosophy, literature and culture using Gautama Buddha's teachings as guideline for promoting peace, amity and international understanding. The second Buddhist Summit held in 30th November to 2nd December 2004 A.D. appreciated the declaration of the founding of Lumbini Bauddha University. Its full form is still awaited. Everybody expects its successful implementaion.

[27] *Ibid.,* p. 16

# वास्तुकला र नेपालको मध्यकालीन केही वास्तुशब्दहरू

- तारानन्द मिश्र

कुनै पनि निर्माणकार्यलाई वास्तुशास्त्रभित्र राख्न सकिन्छ। वास्तुशास्त्रलाई शिल्पशास्त्र पनि भनिन्छ र शिल्प अन्तर्गत कला, उद्योग र यन्त्र समेतलाई समावेश गरिएको छ । वास्तुशास्त्रलाई मुख्यरुपमा तीन भागमा बाँड्न सकिन्छ । ती हुन् सबै किसिमका (धार्मिक, आवासीय र सैनिक अथवा सुरक्षा संग संबन्धित) भवनहरु, गाउँ र नगर संग संबन्धित योजना तथा वास्तुहरु (बगैंचा, पसल, नगर पर्खाल, नुहाउने घाटहरु, ताल र भर्याङ्ग आदि), तेश्रो भागमा सबै किसिमका आसन-शयनासन (शताङ्ग, अपशयम-चुल्लवग्ग), आलमारी, टेबुल, मुकुट, आभूषण तथा पिंजडा आदिलाई लिन सकिन्छ। मूर्तिकला वास्तुको अभिन्न अङ्ग हो र यस शास्त्रभित्र निर्माणस्थलको छनौट, माटोको परिक्षण, योजना तथा नक्सा कोर्नुका साथै औजार र ज्योतिषगणना, शुभमुहुर्त्त (साइत) खोज्ने पनि समावेश गरिएको छ ।

वास्तुकला र चित्रकलाको प्रारम्भ मध्यकालीन र नवप्रस्तरयुग (Mesolithic-Microlithic and Neolithic Period) बाट भएको हो[1] । वास्तुशास्त्रको चर्चा गर्दै अग्निपुराण (अध्या. १०६, २ को १) लेख्दछ राज्यको विकासका लागि नगर आदि वास्तुका वर्णन गरिन्छ । त्यस्तै गरुडपुराण (अध्या. ४६, श्लो २-३) मा आवास, वास., वेष्म (घर), पुर, ग्राम, वणिकपथ, प्रासाद, आराम, दुर्ग देवालय, मठ, र तिनका

1 The Mesolithic Neolithic Age represents hunting - gathering stage to village-farming in the Indian subcontinent when mankind had built their huts, rock-shelters, rock-cut caves, manufactured stone and copper tools, started making pottery, started domistication of animals and cooking their food, made ornaments, made hurials for thier dead-king and started carvings - engraving and paintings on the rock-walls within the cave and rock-shelters. At some places during the Neolithic phase in the Kashmir valley the floors of the caves have been found coated with lime or red ochre paints. The pigment stones of red-haematite-yellow, ochre and blue-black manganese belonging to the Mesolithic and chalcolithic periods at Bhimhetka in the Vindhyan range near Bhopal have been reported by wakankar. The group of figures depict groups of animals and human beings in dancing, hunting and fighting postures (B.K. Thapar, Recent Archaeological Discoveries In India, unesco, Paris and Tokyo, 1985, 15-30). The above sites have been dated between 8000 B.C. - 1500 B.C. In Nepal similar sites have been found from Surkhet and Mustang districts.

नाप (मान) र लक्षण वास्तुशास्त्र भित्र समावेश गरिएको छ। वास्तुकलाको विकास जम्बुद्धीपमा सिन्धुघाटी सभ्यता भन्दा पनि अगाडि, कोट.डि.जी सभ्यता देखिनै भएको पाईन्छ[२]। सिन्धुघाटी (२३००-१५०० ई.पूर्व) कालमा नगरहरु अत्यन्त योजनाबद्ध थियो। त्यस पछि ऋग्वेद देखि अथर्ववेद सम्मका ग्रंथहरुबाट वास्तुनिर्माण र प्रकारहरुलाई जनाउदिने शब्दहरु - गृह, धाम, पस्त्या, हर्म्य, उपमित (स्तंभ), प्रतिमित (धरणि, Beam), परिमित (गोपानसी, गोपानक, Cross-rafters), वंश (बांस), पलद (घांसको भारी) बारे उल्लेख पाइन्छ। ऋग्वेद (अध्या. २, ४१, ५) र अथर्ववेद (अध्या ३, १२) मा निर्मित भवनको धेरै काल सम्मको सुरक्षाको लागि पनि प्रार्थनाहरु पाइन्छन्। यस बाहेक एकसय ओटा ढोका भएको यन्त्रगृह, तिनतले भवन (त्रि-धातु-शरणम्), एक हजार स्तंभ भएको सभागृह, एक हजार स्तंभ र एक हजार ढोका भएको राजदरबार, चतुरस्त्र स्येनचित, कंकचित, प्रागचित, रथचक्रचित, द्रोणचित, कूर्मचित आकारका ईट्टद्वारा निर्माण गरिएका यज्ञवेदि र यज्ञमण्डपबारे उल्लेख शूल्वसूत्र, कल्पशूत्र र तैत्तिरीयसंहितामा पाइन्छ। अथर्ववेद (९-३-१७) मा घांस-पातबाट बनाइएको र हात्तिको पिठयु जस्तै रहेको छाने घरबारे उल्लेख पाइन्छ[३]। बैदिकयुगमा अनेक चक्राकार पर्खालले घेरिएका नगरहरुको वर्णन पनि पाइन्छ (Muir, Sanskrit Texts, V, 451)। महाभारतको लक्ष्यागृह र १०९७ ई.मा सिमरौनगढको नगर पनि यस्तै अनेक चक्राकार पर्खालले घेरिएको वर्णन र भौतिक प्रमाण हाम्रो सामुन्ने छँदैछ (तारानन्द मिश्र, सिमरौनगढ विषयक संगोष्ठि, ने. रा. प्रज्ञा प्रतिष्ठान, २०५७, पृ. २२)।

वास्तुकला समेतका प्राविधिक विषयको अत्याधिक विकास अथर्ववेद महाभारत, रामायण, पुराण,विनयपिटक (चुल्लवग्ग र महावग्ग), जातककथा र बुद्धघोषका अट्टकथाहरु (त्रिपिटकका भाष्यग्रंथहरु) मा पाइन्छ। विनयपिटक, जातककथा र महापरिनिब्बाणसूत्रमा वास्तु विषयका अनेक नया-नया शब्दहरु पाइन्छन्। बौद्ध ग्रंथहरुमा आवास निवेसनलाई लेण (नहपानको नासिक गुहालेख, ई.सं. ११९-१२५, लेणे वसतानं भिखुनं), गहथुव (चैत्यघर, चेतियगृह, कलवान स्तूप ताम्रपत्र र द्वितीय श.ई.को वीरपुरुषदत्तको नागार्जुन कोंण्डालेख), स्थपतिका लागि नवकम्मक शब्द (वीरपुरुषदत्तको नागार्जुनकोंण्डालेख, रा. अभिलेखालयको वास्तुशास्त्र हस्त लिखित ग्रंथ, (रा.अभि.ग्र.स.. २९७, वेजलर सूचि, १९८९ पृ. ५६६-५६७, वास्तुविद्यायां नवकर्म्मिको नाम चतुर्दशम: अध्याय), शालाका लागि संथागारशाला (दीधनिकाय, अम्बटठसुत, भरतसिंह, १९९१, ६), व्यायामका लागि निर्मित लामो पक्की चौतरा चंकमे, चंक्रमणशाला (कनिष्कको सारनाथ र श्रावस्तीबाट पाइएका बुद्ध प्रतिमा लेखहरु (बाराणसिये भगवतो चंकमे, शावस्तिये भगवतो चंकमे कोसंबकुटिये) आदि। बौद्धसाहित्यमा - वैशाली नजिकको महावनमा रहेको कूटागारशाला (संयुक्त निकाय), पाटलीपुत्रका कुक्कुटाराम, र घोटमुखी उपस्थानशाला, र थविनीत (राजमार्गमा रथ ठड्याउने र आराम गर्ने ठाउँ), थुल्लकोट्ठित (भाण्डागारशाला), दण्डकारण्य, कलिंगारण्य, अन्धकवन, मृगारमाताको श्रावस्तीमा निर्माण गरिएका पूर्व्वाराम प्रासाद, प्रशिद्ध राजवैद्य जीवकको जीवकाराम, वज्जीदेशको नातिकानगर नजिक रहेको झिंगटीले छाएको धर्मशाला - गिञ्जकावसथ, वज्जिका हत्थिगाम (हस्तिग्राम), अनोतत्त (अनोतप्त, मानसरोवर दह), पुटभेदन (मालसामान तौलने ठाउँ), उपस्थानशाला (सभागृह), आर्यआयतन (आर्यहरुका नगर -गाउँहरु), सुंकट्ठान (शूल्कशाला), का साथै पासाणकोत्तका (शिलाकर्मक), गहपति सिप्पकार (घर निर्माण

[२] F.A. Khan, Kot-Diji culture, in Indus Civilization, Ed. by Ahmad Hasan Dani, Islamabad, 1981, 18-22. Mr. Khan writes - 'The Kot Diji citadel, in all possibility, represented the earliest fortified town of the sub-continent. The date of Pre-Harappan or Kot Diji city and fort at Kalibangan on the left bank of dry Ghaggar (ancient Sarasvati) in the northern Rajasthana has been dated between 2450-2300 B.C.

[३] तृणैरावृता पलदान वसाना, रात्रीव शाला जगतो निवेशनी ।
मिता पृथिव्यां तिष्ठसि हस्तिनीव पद्वति ।।

गर्ने डकर्मी), इट्ठकबड्ढकी (डकर्मी), तच्छका (सिकर्मी) आदि अनेक शब्दहरु छन् । बौद्ध साहित्यमा जम्बुदीप (जातककथा, भाग १, ३८, जम्बुदीपे येव बुद्धा निब्बत्तन्तोति, विनयपिटक, पृ ९२, महाभारत, भीष्मपर्व, थेरगाथा-९१४, सुत्त निपात, नेक्त सुत्त, जम्बुसण्डस्स इस्सरो, रुपनाथको अशोकस्तंभ-जंबुदिपसि अमिसा देवा हुसु), उत्तरापथ, दक्षिणापथ, गंगायमुनाका अन्तर्वेदी, मध्यदेश (जातकट्ठकथा-भाग १, पृ ३८, मज्भिमं देसं पस्स), जम्बुद्वीपका बुद्धकालीन छ ओटा प्रमुख नगरहरु (महापरिनिब्बाणसुत्त-सन्तेहि भन्ते अञ्ञानि महानगरानि सेय्ययीदं चम्पा, राजगहं, सावत्थि, साकेतं, कोसम्बि, वाराणसी ।), महागोविन्दसुत्तमा सात ओटा राज्य र तिनका राजधानीहरु (कलिंग - दन्तपुर, अस्सक - पोतन, अवन्ति-माहिस्मति, सोवीर-रोरुक, विदेह-मिथिला, अंग-चम्पा, काशी-वाराणसी) बारे उल्लेख पाईन्छ । वग्गुमुदा नदी (वागमती) को उल्लेख विनयपिटक (हिन्दी अनु, ५४३), र मज्भिम-निकायमा यसैलाई बाहुमती भनिएको छ । (भरतसिंह, बुद्धकालीन-भूगोल, १९९१, १११) । यस्तै जम्बुद्वीपमा रहेका सोलह महाजनपद (ठूला राज्यहरु) बारे पहिलो उल्लेख अंगुत्तर- निकायमा (अध्या १, २१३) मा पाइन्छ । मज्भिम-निकायका सुत्तन्तहरुमा लिच्छवि, वज्जि, मल्ल, शाक्य आदि अनेक गणराज्यहरुलाई अजातशत्रुले विजय गरिएको (भगवती सूत्र, ३००; हिन्दु सभ्यता, १९६५, २०१, वज्जि विदेह पुत्ते जइत्था नवमल्लह, नव लेच्छई, कासी-कोसलगा, अट्ठारसवीं गणरायाणो पराजइत्था ।) चर्चा छ । त्यस कालका नगरहरुका केही वास्तुविवरण यस प्रकार पाइन्छन् - अश्वधोषले (सौन्दरानन्द र बुद्धचरितमा) कपिलवस्तुलाई, कपिलवास्तु कुक्षिहिमगिरेरिव (हिमाच्छादित पर्वत का काखामा) स्वर्गसरि नगर (पुरं तु स्वर्गभिव), मंदिर, फुलवारी, ऋषिहरुका आश्रम, कूआ, धारा, पोखरी, सुरक्षित वन, अत्यंत राम्रो तल्लाकार राजमहल, तीर्थहरु, हिमालयका वनक्षेत्रमा रहेका ब्रह्मऋषि, राजऋषि र देवऋषिका आश्रमहरु जहा यज्ञका आहुतिले वनका पातहरु डढेका तपगर्ने प्रदेश (हविर्धूमविवर्णवृक्षं तपः प्रशान्तं वनं-बुद्धचरित, अध्या ७, श्लो ३२), जप आराधना भइरहेका मंदिरहरु (जाप्यस्वना कूजित देवकोष्ठं, जजाप देवायतने, बुद्धचरित, अ.७, श्लो, ३३ र अध्या ८, श्लो १५), हिउभैं सेता रंगले रंगिएका, सबै ऋतुमा बस्न लायक, सबै सुख सम्पदाले सम्पन्न कैलासपर्वतमा रहेका राजदरबार सरिका विमान जस्तै भवन (वासं नृपो व्यादिशति स्म तस्मै हर्म्योदरेष्ठिव, शरत्तोयदपाण्डरेषु भूमौ विमानेष्टिव रञ्जितेषु, हर्म्येषु सर्वर्तुसुखाश्रयेषु, कैलासवत्तद्भवनं रराज - बुद्धचरित, अध्या-२, श्लोक-२८, २९, ३०) र जातक (भाग १, ३५२-३५५) अनुसार-१८ हात अग्लो, सात ओटा पर्खालले घेरिएको (अट्ठावसहटठुब्भेदं प्राकारं, सप्तहि प्राकारेहि), जोडिएका भ्यालहरु (अ. ८, श्लो. १४, गवाक्षमाला), घरहरुका जालि भएका भ्यालहरु (उद्घाटितवातयानैः बुद्धचरित, ३, श्लो. २०) महलका भ्याल, घरवास गर्ने चराहरु (गृहपक्षिसंङ्घा), प्रासाद सोपान (श्लो १५), नगरद्वारमा फलामे बलिया डण्डी समेतका खापाहरु (गुरुपरिघ कपाट संवृता पुरः प्रतोल्यः - अध्या. ५, श्लो. ८२) तथा भण्डा र फुलका भुप्पाहरुले सजिएका सफा राजमार्ग (राजमार्गे श्रीमान्बिनीता, .... प्रकीर्णोज्ज्वल पुष्पजालं विषक्तमाल्यं प्रचलत्पताकम्, बुद्धचरित, अ. ३, श्लो. ६ र ९) । राजमार्गलाई सफा-सुग्घर गराउने सरकारी कर्मचारी (बुद्धचरित, ।।।, श्लो. ४९ मार्गस्य शौचाधिकृतम) आदि वास्तुशब्दहरुद्वारा वर्णन गरिएको पाइन्छ । विनयपिटकमा पाँच प्रकारका आवासहरु (पञ्चलेनानि) क्रमशः - विहार, अद्धयोग, प्रासाद, हर्म्य र गुफा र पाँच किसिमका विभिन्न वस्तुद्वारा निर्माण गरिएका छानाहरु (पञ्चछदनानि) बारे उल्लेख पाइन्छ । महावग्ग (१, ३०, ४) मा उल्लेख भएका पंचलेनानि बारे बुद्धघोषले निम्न प्रकार व्याख्या गरेका छन् - 'अड्ढयोगो ति सुवन्नवङ्गगेहम् । प्रासादोति दीघप्रासादो । हम्मियानति उपरि आकासतले पतिट्ठित कुटागारो प्रासादो येव । गुहाति इट्ठकगुहा, सिलागुहा, दारुगुहा, पंसुगुहा ।'

नेपालमा वास्तुबारे प्राविधिक सूचना प्राप्त गर्ने प्राचीनतम श्रोत हो लिच्छविकालका अभिलेखहरु र हस्तलिखित वास्तुग्रंथहरु । हुनत नेपालको पहिलो सालिकबार

सूचना राजा जयवर्माको सालिक अभिलेखबाट पाइन्छ[४] । यो राजा जयवर्माको अभिलेख शक सं. १०७ (ई.सं. १८५) मा निर्माण गरिएका थिए । यस्तै नेपाल मण्डल (उपत्यका) बाट हाँडिगाउँको उत्खनन गर्दा पहिलो श.ई.को तहबाट मथुराको रातो बलौटे ढुंगामा कुँदिएको कृष्णले राक्षस केशिनको बध गरेको मूर्ति पाइएको छ र एउटा अर्को वर्माराजाको सालिक नजिकै जयवर्माको सालिक पाइएकै ठाउबाट, यक्षी मूर्ति (बालाजु, पाटन र हाडिगाउँ), श्रीलक्ष्मी (हांडिगाउँ, पीपलबोट), गजलक्ष्मी मूर्ति पाटन नाउधारा, हाडिगाउँ सत्यनारायण मंदिरबाट नारायण मूर्ति, पशुपति आर्यघाटबाट सूर्य र विरुपाक्ष मूर्ति आदि पाइएका छन्[५] । यसले नेपाल उपत्यका भित्र वास्तुको प्रारम्भ धेरै अगाडि देखि भएको प्रमाण प्रस्तुत गर्दछ । वास्तुशास्त्रको पूर्णरुपमा विकास नभपनि आंशिक रुपमा यहाँ प्रथम निवास गर्ने किरातहरुले गरिसकेको कुरा तिनका गाउँ, मंदिर, कुलो, पोखरी, सरकारी कार्यालयका नाउबाट प्रमाणित हुन आएको छ[६] ।

मध्यकालीन वास्तुग्रंथ र शिलालेखबाट एउटै शब्दको अर्थमा परिवर्तन भएको व्यहोरा जानकारीमा आएको छ । उदाहरणका लागि लिच्छवि अभिलेखको तल शब्द जसले पूर्वमा गाउँ भन्दा माथिको र द्रंग भित्रको क्षेत्रलाई बोध गराउँथ्यो, मध्यकालमा यस शब्दले नगर अथवा गाउँको एउटा सानो भागका लागि प्रयोग भएको पाइन्छ[६] । यस्तै हर्म्य शब्दले प्राचीन हिन्दु र बौद्ध ग्रंथहरुमा राजप्रासाद अथवा ठूलो तल्लाकार आवासलाई बोध गराउछ । सर्वतुसुखा श्रयेपु: भूपती नाम च, हर्म्यानाम आर्चाय, वास्तुशब्द कोश, १९९५, ७४०) । यही शब्द मध्यकालमा थुप्रै ठाउँमा मंदिरको लागि प्रयोग भएको छ (डि.आर. रेग्मी, १९६६, ४७, ने.सं. ७२५, हर्म्य गेहाबलंब । यस्तै मठ शब्दले प्राय: छात्रावास अथवा पाशुपताचार्यहरु बस्ने आवासलाई बोधगराउँछ (रेग्मी ५, १९६०, २९, ध्वलावडमथ दयकाव) । तर मध्यकालका अनेक मंदिरका लागि मठ शब्द प्रयोग भएको छ (रेग्मी ४, १९६६, ३६, मठ चकार नृसिंह देवार्थ, रेग्मी-४, पृ. १५, १६ तेनाकारि मठ, शम्भुहेतोर्म्मठमिमम विष्णु सिंहो व्यद्यत्त ।) रेग्मी - ४, २४८, शंभोर्म्मठ मतुलतरं चकार (अग्लो शिवको मंदिर निर्माण गरियो) ।

मध्यकालमा मंदिरलाई देवालय पनि भन्ने चलन थियो (शाक्य + वैद्य, १९७०, ने.सं. ७६१, देवालये सुन्दरे, पृ. ९४, ने.सं. ७२३, चोभार जलविनायक, देवछें) । देवमंदिर लाई मध्यकालमा देवल पनि भनिएको छ (गो.राज वंश पत्र ३८ क सं ३७५ आपाढ शुक्ल तृतीया सोमबार तव भुकम्प ववः । अनेक देवलछें डोक्व (संवत् ३७५ आपाढ शुक्ल तृतीया सोमबार ठूलो भुइचालो आयो र अनेक मंदिर भत्किए । राजप्रासादलाई जयस्कन्धावार पनि भन्ने गरिन्थ्यो । यसको प्रमाण नारायणपालको भागलपुर ताम्रपत्रले प्रस्तुत गरेको छ, यथा श्रीमुदगिरी - समावासित श्रीमज्जयस्कन्धावारात् ....महाराजाधिराजः श्रीमन्नारायणपालदेवः कुशली (वासुदेव उपाध्याय, भारतीय अभि., १९६१, II, पृ. १६७-६८) ।

गोपाल राज वंशा. पत्र ५७ क - "राजकुलस पूजा मदो ... "। गोपाल राज. वंशा. पत्र २४ क - 'राजा शिवदेव-तेन-चतु भूमिक पञ्चपुर समयुक्त श्री राजगृह

[४] प्राचीन नेपाल, सं. १४६; प्राचीन नेपाल संख्या-१३५, १९९३; Tara Nanda Mishra, The Nepal Mandala: Its Earliest settlements and the Architectural features of the Lichavi capital city, Nepalese and Italian Contributions to the History and Archaeology of Nepal, Ed. by G. Verardi,, ISIAO, Rome, 1997 , p. 58.
L.S. Bangdel, M.Aryal and T.N. Mishra, Report on the study of Iconography of Kathmandu Valley ... 1996 (2053 V.S.), Dept of Archaeology, Nepal, Chap I, PP. 6-15.

[५] लिच्छवि अभिलेखहरूमा किराती भाषाका निम्न वास्तुशब्दहरू आएका छन् - थेञ्चोग्राम, तेस्तुङ्ग गाम, टेग्वल ग्राम, किचप्रिचिङ्ग ग्राम, थंथुरीद्रंग, खृपुङग्राम, शिप्शिङको सेतु, गुंदीमक ग्राम, तेखुदुल्स्त्रो, कुथेर, लिग्वल, माप्चोक, लखमक आदि ।

[६] लिच्छविकालका अभिलेखहरूमा रहेका केही थप किराती शब्दहरूको विवरण यहाँ प्रस्तुत गरिन्छ । शिवदेवको संवत् ५१२ (ई.सं. ५९०) को अभि. मा थंथुरीद्रङ्ग (धनवज्र २०३०, २१७), चापागाउँको - स्थरूद्रङ्ग, भक्तपुर कुम्हाले टोल अभि. मा - माखोदुलं, तिलं (खोला-नाला), चांगुको शिवदेव-अंशुवर्माको अभि- गुङ्दीमक ग्राम, रिप्शिङको सेतु, गोलमाढी (गोलो मंडप) आकार माखो पृङ्न आदि ।

...लिखादितम्।' थ्यासफु (प्रकाशित - डि. रमण रेग्मी, मध्य. नेपाल - ४, १९६६, ३४६) ले लेख्दछ - 'जलया पर्जामुङ्गाओ, राजकुर वङ्गाओ' (ललितपुरका प्रजालाई जमा गरि राजदरबार गइयो)।

अश्वघोषले लेखेका बुद्धचरित महाकाव्यमा राजदरबारलाई - देवभवन र हर्म्य (अध्याय ५, श्लोक - ६६ र ६७, "द्वैर्भवनद्वारमपावृतं", "हर्म्यपृष्ठाद्युवतीस्ताः") भनिएको छ (अध्या २, श्लो २९, "हर्म्येषु सर्वर्तु सुखाश्रयेषु")।

लाजिम्पाटको संवत् ३८८ को नरवर्म्माको अभिलेखमा शिवमंदिरलाई प्रासाद शब्दले सम्बोधन गरिएको पाइन्छ। लाजिम्पाटको सं. ३८९ र नारायणचौरको उत्तर-पश्चिमको संवत् ३९० का शिवलिंग अभिलेखहरुमा - भवन शब्द पाइन्छ। स्कन्दगुप्तको विहारस्तंभ लेखमा अचीकरद देवनिकेतन (मंदिर निर्माण गरियो, बासुदेव उपाध्याय, भारतीय अभि. १९६६, II, ७२)। अश्वघोष लिखित बुद्धचरित महाकाव्य (अध्या. ८, श्लो. १५, जजाप देवायतने) मा देवायतन शब्द देवताको मंदिरका लागि प्रयोग भएको छ। शिवको मंदिरलाई कीर्तिपताकामा - रुद्रालयै भनिएको छ। कीर्तिपताका, श्लो. ३०. स्वनिह्म्न - रुद्रालयैः) लाजिम्पाटको सम्बत् ४१९ (ई.सं. ४९७) को अभि. मा देवकुलालय शब्द मंदिरका लागि प्रयोग गरिएको पाईन्छ।[७]

नेपाली अभिलेख, वंशावली र वास्तुग्रंथमा वास्तुशब्दहरुको अर्थबारे मैले लिच्छवि अभिलेखका केही वास्तुशब्दहरुको अर्थबारे प्रज्ञा ८३ ख मा माघ २०५३ मा लेख प्रकाशित गरेको थिए। मध्यकालीन अभिलेख, वंशावली र वास्तुग्रंथमा वास्तुशब्दहरु धेरै संख्यामा पाइन्छन्। त्यस मध्ये ३२ शब्दको अर्थ यहाँ प्रस्तुत गरिएको छ जो निम्नानुसार छ।

१. **चुलका-चूलिका** - (मंदिरको गजुर, घटकलश देखि वीजपूरक सम्मका भाग, शिरोभाग। चूलि शब्द भक्तपुर मा न्यातपोल मंदिर बारे लिखित सिद्धाग्नि-कोट्याहुति-देवलप्रतिष्ठा (रा. अभिलेखालयको हस्तलिखित ग्रंथ सं. १, १११५, रील सं. ए. २४९/५) मा उल्लेख भएको छ (अभिलेख पत्रिका, २०४७ आश्विन पृ. ७६)। यसका साथै अनेक नेपाली अभिलेखहरुमा पनि यो शब्द पाइन्छ। (पी.के. आचार्य (वास्तुशब्द कोश, १९९५, १९७, अनुसार मंदिरको शिरोभाग। (हेर्नुस श्रृंग-शिखर-रेग्मी ४, १९६६, पृ. २३, २५)। कामिकागम (अध्या. ५, २०७) मा मंदिरको शिखर-स्तूपिकालाई चूलिका भनिएको छ (शिखा स्तूपिर इतिख्याता चूलिका च ॥, प्रसन्न कुमार आचार्य, वास्तुशब्दकोश, १९९५, १९७)। गो.राज.वंशा पत्र २९ ख मा पनि इन्द्रेश्वर मंदिरको चुलका निर्माण बारे विवरण पाइन्छ (एन्देश्वरया चुलका छाया)। यसै चुलका शब्दको पर्यायवाचक शब्द चूडामणी हुन सक्दछ (हेमराज-वैद्य, १९७०, ६३, शिलापत्र- 'मंजुदेवस्य प्रासादतर ... सुवर्णकलश .. चूडामणि उपढोकृता ॥)'

२. **राजकुल** = राजगृह (राजदरबार, राजप्रसाद) - हाँडिगाउँको संवत ३० को अभि.मा राजप्रासादेपु कृत प्रसाद; बलम्बूको संवत् १२९ को अभि.मा 'सलम्ब्रूराजवासकस्योत्तरेण, नक्साल नारायणचौर अभि. धनवज्र, २०३०, ५६६,' मा "मानेश्वर राजाङ्गणाली दक्षिणेन प्रेक्षणमण्डपी" र हाँडिगाउँको संवत् ३२ को अभि.मा -'राजकुलवस्तुना' शब्दहरु पाइन्छन्।

७ ...र्मांको कीर्तिपताका, श्लोक २५. थंबु (स्तभ) टोलको वर्णन गर्दा उनले सो टोलमा सधैं यज्ञ र वेद पाठ भैरहने कुरा यसरी वर्णन गरेका छन् - 'श्रीयज्ञ ...राजते_ विध्यूक्तकुण्डेमृङ्गभृ स्वाचार्यैहविषाच वेदनिपुणै स्वाध्यायमन्त्रो ज्वलैः ॥ _ बेदघोषैस्समम् श्री थम्वुस्त्वभिधान टोललतितो ,.. । थबुटोलकै नाउबाट ... नगरको नाउ लिच्छविकालमा यूपग्राम (धनवज्र, २०३०, ४१ संवत् ३९९ (ई.सं. ४७७) यूप गामक्षेत्र प्रदेशे) र मध्यकालको नेवारी शब्द यल (सिं) नाउ हुन ...को हो । वास्तुशास्त्र अनुसार वेद विद् ब्राह्मण हुनु नगरको एउटा आवश्य शर्त हो । कौटिल्य अर्थशास्त्र, अध्या, १५, पृ. ११५-११६, धनिकः श्रोत्तियो राजा ...र्वैद्यश्च पञ्चमः । पंचयत्र नविद्यन्ते तत्र वासं न कारयेत ॥) रामायण (१, ५, ५-१७) मा नगरमा द्विजाति हुनु, यक्ष, वेद-वेदाङ्गको उद्घोषकहरू हुनु आवश्यक ...निएको छ ।

मध्यकालमा राजकुललाई राजकुर पनि उल्लेख गरिएको छ (रेग्मी, १९६६, ९४६, यलया पर्जामुङाओ राजकुर वङाओ)।

३. **देवकुल मन्दिर** = केशर पुस्तकालयमा रहेको ई.सं. ८७८ (संवत् ३०१) मा लेखिएको चिकित्साशास्त्र हस्तलिखित ग्रंथ सुश्रुतसंहिता सहोत्तरतंत्र ग्रंथमा - 'श्री गणदेव देवकुल'को उल्लेख पाइन्छ । यङगालहिटीको संवत् ६७ को अभिलेखमा भुवनेश्वर देवकुलं सुरालय (देवमंदिर)', क्वावहाल टोलको उमा-महेश्वर मंदिरको ई.सं. ९८७ को अभिलेखमा - 'मानिगलको सुरालय', भनि मंदिरका लागि सम्बोधन गरिएको छ। मध्यकालमा मंदिरलाई देवालय, देवनिकाय, देवल, प्रासाद, मठ आदि पनि भन्ने गरिन्थ्यो ।

४. **गुल्म** - सैनिक छाउनी । हरिसिंहदेवका मुख्यमंत्री चण्डेश्वरले लेखेका राजनीतिरत्नाकर ग्रंथ (पृ. ६०) मा दुईदेखि पाँच ओटा गाउँ मांझ एउटा गुल्म राख्ने सिफारिस गरिएको छ (उपेन्द्रठाकुर, हिष्ट्री अफ मिथिला, १९५६ पृ. ३५३) । मनुका अनुसार २००, ३०० अथवा ५०० गाउँहरुका मांझमा गुल्म (सैनिक छाउनी) राख्न पाईन्छ (मुकर्जी, हिन्दु सभ्यता, १९६५, १७४)। मृच्छकटिकानाटक (अंक ६) मा गुल्मस्थानमा रहने पालेहरुलाई निम्न अनुसार सम्बोधन गरिएको पाइन्छ - 'अरे, रे दौवारिकाः अप्रमत्ताः स्वेषु स्वेषु गुल्म स्थानेषु भवत' । काठमाडौं उपत्यकाका थानकोटको संवत् ४२८, ई.सं. ५०६ को अभिलेखमा- शीताटिगु-ल्मकस्य; पेटेक, नेपालको मध्यकालीन इतिहास, १९८४, पृ. ६३ ने.सं. २८५ (ई.सं. ११६५) को अभि.मा "श्री गण्डीगुल्मालये"; च्यासलटोलको नरेन्द्रदेवको ई.सं. ६६३ को अभिलेख, धनवज्र, २०३०, ४९४, यथैपाङ्गणि गुल्मको; तिब्बतको स-सक्य विहार मा रहेको ने.सं. ११९ (ई.सं. ९९८) मा लेखिएको प्रज्ञापारमिता ग्रंथ (पेटेक १९८४, ३४) मा गण्डिगुल्मक (सैनिक चौकीको) निवासिन सुवर्णकारबारे चर्चा पाइन्छ । अंशुवर्माको संवत् ३१ (ई.सं. ६०९) मो अभिलेखमा गुल्मअधिकृतबारे उल्लेख छ (धनबज्र, २०३०, ३०९ र ३११)।

५. **नेपालमण्डल** = नेपाल प्रान्त, नेपाल जिल्ला । ई.सं. १००४ को अमेरिकाको जिमरमेन संग्रहमा रहेको एउटा अभिलेखयुक्त विष्णुको धातु मूर्तिमा - 'श्रीमद् उदयदेवस्य राज्ये नेपालमंडले श्रीजिग्लोद्गम विषये' भन्ने उल्लेखले विषय (जिला) माथि मण्डल (प्रांत) को रुपमा राखिएको छ (पेटेक, १९८४, ३५) । काठमाडौं पशुपति, मंदिर परिसरवाट पाइएको मानदेव कालको अभिलेखमा 'नेपाल मण्डल नभस्तल निर्म्मलेन्दौः' भन्ने उल्लेख पाइन्छ । ज्ञानेश्वरको जयदेव कालको अभिलेखमा - 'नेपाल मण्डलान्तर्निवासिनो' भन्ने चर्चा गरिएको छ । गोपालवंशावली (पत्र-२७ ख) मा रुद्रमल्लश्वः नबकोट भुडती प्रजंत राज कृतम्' (नुवाकोट भुक्ति) सम्म राज्य गरेका थिए भन्ने लेखिएको छ। बलम्बूको शिवदेव द्वितीयको संवत् १२९ को अभिलेखमा - 'नेपाल भुक्तौ' भन्ने शब्दको प्रयोग भएको छ भने नेपाल उपत्यकाको मानदेवकालको स्वथटोल, पाटन अभिलेखमा विषयाधिपति भीमगुप्तको र टिप्टुङ्ग तथा भट्वालको अभिलेखहरुवाट पनि विषयपति बारे चर्चा भएको पाइन्छ। दिनेश चन्द्र सरकारका अनुसार मण्डल र विषय भुक्ति अन्तर्गत थिए । कहिले मण्डल अन्तर्गत विषय र कही-कही विषय अन्तर्गत मण्डल राखिएको पाइन्छ (सरकार, १९६५, ३८२)[6] । मानसार शिल्पशास्त्रले नौकिसिमका राजा बारे वर्णन गर्दछ। ती हुन् - चक्रवर्ती, महाराज (अधिराज), महेन्द्र (नरेन्द्र), पार्शनिक, पट्टधर, मंडलेश, पट्टभाज, प्राहारक र अस्त्रग्राहिन । मध्यकालीन मल्लराजाहरुले आफ्ना विरुद

D.C. Sircar, Indian Epigraphy, Delhi, 1965, 381 "Mandalas and Visayas forming parts of the Bhukti.."

मंडलेश अथवा मंडलाधीश राखिएको पाइन्छ (मंडलाधीश्वर ... श्रीजयभूपतीन्द्र डि रमण रेग्मी, भाग -४, १९६६, २३८) । पाटन गुइटोलको ने.सं. ७९३ (१६७२ ई.सं.) को अभि. मा 'हतिग्लत्वार' को उल्लेख पाइन्छ (हेमराज शाक्य, मध्यकालीन नेपाल, १९७०, १३८) । गोपाल राज वंशा. (पत्र ६३ क) ने.सं. ५०७ (१३९५ ई) मा टोल टोलको बाटोहरुमा ईंट बिछ्याउने उल्लेख पाइन्छ (ट्वाल ट्वालन, अट छेंस्य ..... थव थव दिशनं लञ्चिङ्गा) । रेग्मी ४, २०४, सुवर्ण प्रणाली महानगरे ॥ नवघरतोर वाशित ।

६) **तोर (टोल, त्वार, ट्वाल)** - नगर अथवा गाउँको एउटा सानो भाग । कुनूशर्माको ने.सं. ७७२ मा लेखिएको कीर्तिपताका ग्रंथमा पाटनमा २६ ओटा टोल (रथ्या) रहेको भन्ने उल्लेख भएको छ (श्लोक ५- आस्त श्री ललिताभिधीन नगरी .... सोप .... भास्वन्ती ... षडविंशंर थ्यादिभिः । श्लोक २५, श्रीथम्बुस्त्वभिधान टोल ललितो) शायद तोर शब्द लिच्छवि अभिलेखमा नगरभन्दा मुनि र ग्राम भन्दा माथिको क्षेत्रलाई सम्बोधन गर्ने शब्द तल (भन्सार चोक, ललितपुर दरबारको ई.सं. ६४३ को अभि., 'यूप ग्रामद्रंगस्य सर्वतलसहितस्य) बाट आएको हो कि?। चौकिटारको सं. ४८२ को अभि. मा - "शीताटिकातले टेग्वल ग्राम" भन्ने उल्लेख पाइन्छ । मानदेवका राज्यकालको काठमाडौंको ब्रह्मटोलको ने.सं. २५९ को धारा अभिलेखमा "दुनिश्वर दक्षिण टोलाधिवासिनं" भन्ने लेखिएको छ (पेटेक, मध्य नेपाल, १९८४, ५९) । अर्को सिद्धसारसंहिता नाउको ने.सं. २३४ मा लेखिएको हस्तलिखित ग्रंथमा यस प्रकार लेखिएको छ - "श्री सिंहदेवस्य विजयराज्य श्री ललितक्रमायाम श्री मानिग्वल मध्यमटोलके धिवासिना" (पेटेक, १९८४, ५३) ।

७) **मंडे-मंडो-मढी-मांडु** = मंडप । गोपाल राज वंशावली (पत्र ५१ क) मा भक्तपुर नगरका तलमण्डे र येटामंडे, (पत्र २७ ख) मंडप, भक्तपुरका गोलमढी र सूर्यमढी, टोलको नाउ; काठमाण्डू (काष्ठ - मंडप); कूनुशर्माको कीर्तिपताका (श्लो। ४४, नानामंडप मण्डितांगन - किसिम - किसिमका मंडलले श्रृंगारिएको आंगन), आदि मंडपको लागि प्रयोग भएका शब्द हुन् । स्तंभहरु माथि एक-दुई तिर पर्खाल भएको अथवा नभएको र छाना भएको घर, शाला, मंदिर आदि मंडप शैलीमा निर्माण गरिन्छ । गोपालराज वंशावली (पत्र. २४ ख) ले नेपाल उपत्यका भित्र मण्डल उल्लेख गरेको छ (श्री नेपालाः समस्त मण्डल महीत्राता) । रेग्मी, मध्य. नेपाल (१९६६, २१०) मा भक्तपुर दरबार भित्रको एउटा अभिलेखमा नेपाल उपत्यकाको परिचय यस प्रकार दिइएको छ - 'जम्बूद्वीपे, भरतखण्डे भारतवर्षे आर्य्यावर्त्तदेशे हिमवद् दक्षिणपादे, नेपाल मण्डले श्री श्री पशुपति सन्निधाने ..' ।

माढु र मण्डु शब्द कर्णाली प्रदेशका अनेक अभिलेखहरुमा पाइन्छन् । भृंङ्गारेश्वरको ने.सं. ८०६ (ई.सं. १६८५) को अभिलेखमा विश्रामशालालाई 'जनवास्तव्य मण्डप' भनिएको छ (रेग्मी ४, २०७) । माथि उल्लेख गरि सकिएको छ कि थामै थाम माथि छाना राखिएको र कहिले काही एक-दुई दिशामा पर्खाल पनि निर्माण गरिएको वास्तुगृहलाई मण्डप भनिएको छ । मानसार शिल्पशास्त्र अनुसार मंडप एउटा स्वतन्त्र भवन (detached building) अथवा मंदिरको मुखमा उभ्याइएको भवन, मुखमण्डप (a pavillion), एउटा खुला सभा भवन (an open or assembly hall), दुई ओटा भवनलाई जोड्ने खुला वरान्दा (a corridor), मंदिर (लिच्छविकालको संवत् ५२६ को लेले अभि., धनवज्र, २०३०, २८६ सिंहमण्डपे), र निजीवास घर हुन्छ । यस बाहेक विभिन्न कार्यका लागि अलग-अलग किसिमका मण्डपहरुको उल्लेख वास्तुशास्त्र र अभिलेखहरुबाट थाहा हुन आएको छ।

ती मध्ये केही हुन् - मेरुजमण्डप (पुस्तकालय), विजयमण्डप, विवाहमण्डप, पद्मक मण्डप (भान्साघर), अभिषेकमण्डप (पाटनको मणिमण्डप) आदि नागार्जुनकोंडाको तेश्रो श.ई.को लेखमा शिलामंडपको चर्चा गरिएको छ (बासुदेव उपाध्याय भारतीय अभि. १९६१, II पृ. ३७, विहारे सेल - मंडवो; कार्लेगुहाको ई.सं. १५४ को लेखमा पनि मंडप पाइन्छ, देयधम मडपो)।

८) **देगुलि** = पारिवारिक मंदिर (तलेजुको ने.सं. ७९४-(ई.सं. १६७४) को ताम्रपत्रलेखमा - श्री ३ तरेजुदेवी श्री ३ देगुलितले देवार्न्नित्य प्रतिमासाभ्यन्तरे कुतवद्धय परिमित तैलानि ... प्रतिदिन प्रदीपार्थ .... अप्टादशरोपनिकानि-संप्रदत्तानि") (श्री तलेजुदेवी र पारिवारिक देवी (द्वयमाजु) को मूर्तिहरु नजिक दैनिक दीयो बाल्नका लागि तेलको खर्चका लागि अठारह रोपनी खेत दान गरियो।)। गो.राज. वंशा (पत्र ६१क) मा पनि देघुरिको उल्लेख पाइन्छ (श्रीधर्मदेव ठाकुरस विवाहदिन थ्वनलिथो आदीतवारण देघुरिसके पूजा बिज्याङा)।

९) **दबुली** = नृत्य गर्ने ईटले निर्माण गरिने मंच। ने.सं. ७९३ को गावाहाल टोलको पूर्णचण्डी मंदिर नेरको दबुली अभिलेख - 'काशीराज भारोन - श्री हरिसिद्धिदेवीया दबुली दयकाव' (शाक्य - बैद्य, मध्यका अभि. १९७०, १३६)। कुनूशर्माको कीर्तिपताका (श्लोक-५९) मा ईटले बनाइएको सुन्दर डबलीको वर्णन पाइन्छ (नृत्यस्थान वरेष्टिका सुललितो विद्योतते नर्तनै ॥)।

१०) **टुंठि (नेवारी शब्द)** = इनार। गो.राज.वंशा. (पत्र. ६३ ख) मा राजा श्री जय स्थितिमल्लदेवसन मेनण्टुठिस लख्व काया,)।

११) **हिति (नेवारी शब्द)** = धारा। (रेग्मी, भाग-४, १९६६, १७० ने.सं. ७९६, महानवमिन - खलसेलेयात थव हितिस दुख कायजुऐ।

१२) **फल = पाटी, धर्मशाला। रेग्मी, भाग ४, १९६६, पृ. २१६, ने.सं. ८०८, ("चिकुति भारोण पुण्य प्राप्ति कामनं मवुगंथि लं ध्वाखा यतास फले दयका") चिकुती भारदारले पुण्य प्राप्तिको इच्छाले, मवुमंदिर नजिक रहेको बाटोमा रहेको ढोका नजिक पाटी निर्माण गरे।**

१३ **अन्नवास - सितैमा खाना समेत पाइने धर्मशाला। गो.राज.वंशा (पत्र ५६ ख) मा "अण्णवास आवन चेस्यं" धर्मशालामा ईट बिछ्याइयो। रेग्मी (भाग ४,१८) को अभिलेखसंग्रहमा साँखुको पाटीमा रहेको ने.सं. ६७९ को अभिलेखमा सो सतलमा बस्न आउने योगी, सन्यासी र परदेशीहरुलाई खानाका लागि जग्गा दिएको उल्लेख छ (शंकरपट्टन राजधान्यां - ध्वस कलशनामन सतलदयकाव, जतीजंगम योगी परदेशीनके यातं दत्तदयकं ... बुरोव १९, ... बुरोव ११ ..., सालखा सत्तलस)। भारतीय अभिलेख (वासुदेव उपाध्याय, १९६१, II, पृ. १८२ II, वि.सं. १११२ को उदयपुर प्रशस्ति) मा श्री उमरेश्वरे पट्टशाला ब्राह्मणेभ्यः ... भोजनादि निमित्तं ... भागभोगकर हिरण्यादिकं देवब्राह्मणभुक्ति ... समुपनेतव्यं।**

१४ **चतुर्व्यूहात्मकोविष्णु प्रासाद** = चारकुने विष्णुमंदिर **(Square or rectangular temple)। यो शब्द ने.सं. ६८४ को पाटन दरबारको पश्चिममा रहेको विष्णुमंदिर को अभिलेखमा पाइन्छ। यहाँ चतुर्व्यूहात्मक मंदिर र बिष्णुको पंचतत्त्वात्मक मूर्तिबारे उल्लेख पाइन्छ। अभिलेख अनुसार पंचमुखविष्णुको निम्न अनुसार दिशा तोकिएको छ - 'वासुदेवञ्च पूर्वेपु, याम्ये (दक्षिण) संङ्कर्षणं प्रभुं। प्रद्युम्न पश्चिमद्वारि, कौवेय्र्यामनिरुद्धकं ॥ मध्ये नारायणंरुपं। परब्रह्मस्वरुपिणं। पंचतत्त्वात्मकं देवं प्रासाद स्थापितो' ... (डि. रमण रेग्मी-४, २३)।**

**यसै सन्दर्भमा पंच मुखशिवलिंग (सद्योजात, वामदेव, अघोर, तत्पुरुप र नदेखिने मुख-ईशानको मूर्तिको चर्चा**

गर्नु सान्दर्भिक छ । मथुराका पञ्चवृष्णिवीरहरुको चर्चा प्रथम शताब्दी ई. को मोरा (मथुरा नजिक) अभिलेखबाट पाईएको छ र यिनको खुलासा वायुपुराणमा निम्न अनुसार पाइन्छ - सङ्कर्षण, वासुदेव, प्रदुम्न, शाम्व र अनिरुद्र । विष्णु धर्मोत्तरमा यी पंचवृष्णि बीरको मूर्ति निर्माण बारे विवरण पाइन्छ। चतुर्व्यूह दर्शनबारे उल्लेख पाणिनीको महाकाव्य, महाभारत र पुराणहरुमा पाइन्छन् (Age of Imp. unity 1968, 447 – 449) ।

१५ **त्रिपटल गोपानसी** = तीन छाने मंदिर । त्रिपटलै - तीन छाने, गोपानसी - घरणि (Beam, P.K. Acharya, Ency. of Hindu Architecture, 1995, 157) 'गोपानसी तु वलभि-छादने वक्र, दारुणि - अमर कोश (भाग-२, १५), छाना मुनिको बाँगो तुलाकाठ जसमाथि छानाको सम्पूर्ण वस्तुहरु क्रमशः पातलो-पातलो लामो काठको डण्डी, माटो र झिगटी अथवा छाइने घाँस-पात राखिएको हुन्छ । यो शब्द कुनूशर्माको वास्तुग्रंथ कीर्तिपताका ( श्लोक-१५) बाट लिइएको हो । डि. रमण रेग्मी, भाग - ४, १९६६, २६४, ने.सं. ८३७, 'प्रासादं कनकामिधान छदनं' (सुनको छाना भएको मंदिर) ।

१६ **श्रृङ्गाटक** = नगरको चोक । यो शब्द कुनूशर्माको कीर्तिपताकाबाट लिइएको हो (श्लोक ६६, श्री श्रृङ्गाटक देवभूतपगणैर्गेहै, श्लोक ६९, श्रृङ्गाटकप्रस्तर श्चत्वारायण) । श्रृङ्गाटक अथवा चतुष्पथको चर्चा महाभारतमा पाइन्छ (राधाकुमुद मुकर्जी, हिन्दू सभ्यता, १९६५, १५७) ।

१७ **श्रृंग** = शिखर । कुनूशर्माको कीर्तिपताका (श्लोक-६३, प्रासादे - प्रोतुङ्ग श्रृङ्गोत्तमे, श्लो. ७५, सुशिरैः प्रोत्तुङ्ग शीर्षोत्तमः ... मेरुश्च श्रृङ्गैरिव (अग्लो उत्तम शिखर भएको ... मेरु (पर्वत समान शिखर) ।" डि.आर. रेग्मी, भाग-४, १९६६, २७२, श्रृंगहेममयैर्मनोज्ञ कलशैः शिखरमा सुनको कलश राखिएको) । रेग्मी-४, २४८, ने.सं. ८२५, धृत्वा प्रसादश्रृङ्गे कलशम् ।

१८) **तुङ्गपञ्चशिखर प्रासाद** = मंदिर माथि अग्लो पाँच ओटा शिखर भएको (कुनूशर्मा कीर्तिपताका, श्लो. ७२) । पाटन दरबारको अगाडि रहेको शिखर शैलीको नरसिंह मंदिरको शिखरको वर्णन यहाँ गरिएको छ । यसै मंदिरलाई ने.सं. ७१० (ई.सं. १५८९) को पुरन्दरसिंहको अभिलेखमा 'मठ' र देवल 'ग्रंथकूट दयकं' (शिखरशैलीको मंदिर निर्माण गरियो) भनि वर्णन गरिएको पाइन्छ (रेग्मी, भाग-४, १९६६, ३६) ।

१९) चिकं अर्व्व, चेकन अतन (नेवारी शब्द) = तेलिया ईंट (रेग्मी, भाग-४, २७९) । रेग्मी ४, २०५, ने.सं. ८०५, फलेयान्हवने .. अतवनचिनकं । रेग्मी ८, २०३, ने.सं. ८०५, इष्टिका भिन्निवद्धा भूः (ईटले छायेको भूमि) । रेग्मी, ४, पृ. २१८, ने.सं.८१८, विहारस - सेवादयक चिकं अतवन चिङ्गा जुरो (विहारमा तेलियाईट विच्छाइयो) । रेग्मी, ४, पृ. २०४, थ्वविहारसन मनहर्पन चिकनअतन चिया जुरो (यस विहारमा मनहर्पले तेलियाईट विच्छाए) । श्री गणेशभट्टारक प्रीतिन अतवनचिङन दोहर पाजुरो भूस (गणेश मंदिर अगाडिको भूभाग (आंगन) मा ईट छापियो । रेग्मी-४, १९६६, पृ. १७३, आङ चेकन अतनदाङा (आंगनमा तेलिया ईंट ओछ्याइयो) ।

२०) **आवनचेया (नेवारी शब्द)** - झिंगटी छाइयो । (गो. राज. वशाः पत्र-५६, भैरवस चपाह आवन चेस्यं, .. वंटाक्षेत्र चपाह्न (सत्र) नाम्व आवासनो आवन चेया) । रेग्मी-४, २०३, ने.सं. ८०५, देवलदयकं तयास आवछटं थंछास्यं (मंदिर निर्माण गरि झिंगटी छाइयो) ।

२१) **गोपुर** - नगरद्वार । यो शब्द कीर्तिपताका (श्लोक-१०) बाट उधृत गरिएको छ । यसै गोपुरलाई कुनूशर्माले नेवारीमा तध्वाका (ठूलो ढोका) र पुरद्वार (नगरद्वार) पनि लेखेका छन् । अमरकोश (अध्या-२, भाग-२, १६) मा यसरी वर्णन गरिएको छ - "पुरद्वारम् तु गोपुरम् । द्वार-

मात्रे तु गो-पुरम् ॥" पाटन नगरमा १०३० ई. मा पढ्नका लागि आएका तिब्बती विद्वान वज्रकीर्तिले विशाल पाटन नगरमा चार ओटा ढोका, चार ओटा मुख्य सडक र नगरलाई एउटा पर्खालले घेरिएको थियो भन्ने वर्णन गरेकाछन् । (Biography of Majestic Lord Vajra-Kriti, from Rwa, New Delhi, 1974).

कौटिल्य अर्थशास्त्र (अध्या. २४, पृ. ५३) भन्दछ - 'गोधामुखम गोपुरम कारयेत' । शायद गोपुर शब्द (गौ-आवास) भन्ने वैदिक वस्ती नगर र तिनका द्वार बाट आएको हो । कामिकागम (अध्या. ३५, १२४-१२८) मा लेखिएको छ - 'निर्गमो गोपुरानाम् तु प्राकाराद वाह्यता भवेत ।' (नगरको पर्खाल बाट बाहिर निस्कने ढोकालाई गोपुर नाउ दिइएको छ ) । द्वारकोष्ठ भएको गोपुराट्टालकको उल्लेख रामायण र महाभारत (मिथिलाम् गोपुराट्टालकवतीम, अध्या. ३, २०७, ७) मा पाइन्छ ।

२२ **पोलल-पलि** = छाना, .छानेशैलीका मंदिर, मंडप आदि । हेमराज शाक्य-तुलसीराम बैद्य, मध्यका. अभि., १९७०, १५८, गन्धुरीस - पोलर ल्होडा (बौद्ध मंदिरको छाना छाएको) । अथर्ववेद (९-३-१७) मा घाँसले छायेको घरलाई राती जगतका मानिसहरुलाई आश्रय दिने र हात्तीको पिठ्यू जस्तो छाना भएको भन्ने वर्णन पाइन्छ (तृणैरावृता पलदान बसाना, रात्रीव शाला जगतो निवेशनी । मिता पृथिव्यां तिष्ठसि हस्तिनीव पद्धति ॥) । एउटा थ्यासफुमा ने.सं. ८३२ मा वज्रयोगिनिमा पुरानो शिखराकार मंदिरलाई भत्काएर तीनछाने मंदिर (स्वतपलि) निर्माण गर्ने वर्णन छ (रेग्मी भाग ४, ३४८)

२३ **कोपु (संस्कृतेतरभाषा)** = संस्कृतमा यसलाई मसूरक, स्वाराशन (Lintel) भन्ने गरिएको हो । यो शब्द ललितपुरको योतालिवि चैत्यमा रहेको ने.सं. ८०५ को अभिलेखबाट प्रस्तुत गरिएको हो (हेमराज शाक्य - बैद्य, १९७०, १६४) । मानसार (अध्या १४, १, ८) 'हर्म्य-तुंग-वसात प्रोक्तमतस्य मसूरकोन्नतम् ।' कर्णाटकको भीमेश्वर मंदिरको अभि. मा स्वारासनको चर्चा पाइन्छ (आचार्य १९९५, ७३८) ।

२४) **मोथल** = मंदिरको छाना मुनि रहेको काठको पट्टिका (रेग्मी, ४, २४५, ने.सं. ८२६) ।

२५) **विस्तीर्णा विशिखा** = चाक्लो बाटो (कीर्तिपताका, कुनूशर्मा लिखित, श्लोक ३१) ।

२६) **रम्येइष्टिका कुट्टिमै** - ईटले छापेको राम्रो चौतरा अथवा पेटी (कुनूशर्माको कीर्तिपताका, श्लोक ३१, श्लो. ३४, श्लो. ३६) । महाभारत (अध्या.१४, श्लो. २५२०-२५२४) मा मणि जडित आंगन-बराम्दाबारे उल्लेख पाइन्छ (प्रसन्न कुमार आचार्य, वास्तु शब्दकोश, १९९५, ७१४, प्रासाद - शत - संवाधम् मणि-प्रवर-कुट्टिमम ।) ।

२७) **वीथिका** - पसलहरु (कुनूशर्माको कीर्तिपताका, श्लो. ३२, दथलाभु टोल, 'नाना देशज वस्तु विक्रय बहुश्री वीथिकाभिस्समम्' - विभिन्न देशबाट आयातित वस्तुहरु बिक्रीका लागि राखिएका अनेक पसलहरु) । कामिकागम (अध्या. २५, ४, ५) मा एघार दण्ड चाक्लो वीथि (सडक) निर्माण गर्न भनिएको छ (आचार्य, वास्तु शब्दकोश, १९९५, पृ. ५६०) ।

२८) **हाटक** - हटिया, गाउँ-गाउँबाट ल्याइएको ताजा-फलफूल, मासु, चामल, दाल, मसला आदि मुख्यरुपमा खानेकुरा र लुगाहरु बिक्री हुने अस्थाई ठाउँ (कीर्तिपताका, श्लो. ६६) । एउटा भारतीय अभिलेखमा हाटको निम्न वर्णन छ - हट्ट: महाजनश्च स्थापित: (आचार्य, वास्तु शब्दकोश, पृ. ७३९) ।

२९) **सतिगलो टोलक**: खिदगैश्चवेश्यागणै: (ललितपुर नगरको) सतिगल टोलमा हस्यौली - ठट्टा गरिरहेकी

वेश्याहरु)। वास्तुशास्त्र अनुसार नगरका विभिन्न भागमा विभिन्न जाति, वास्तुहरुका साथै, एक चोकमा गणिकाहरु अनिवार्यरुपमा हुन्थे (कुनूशर्मा, कीर्तिपताका, श्लोक-६०)।

३०) **निरल** = धरणि, (Beam) यो शब्द भक्तपुरको राजा भूपतीन्द्रमल्लको राज्यकालमा ने.सं. ८२२ (१७०२ ई.) मा न्यातपोल मंदिरको संगै लेखिएको वास्तुपुस्तक सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा (MS. No. 1–1115, Reel No. A. 249/5) National Archives, Kathmandu) बाट प्रस्तुत गरिएको हो (अभिलेख पत्रिका, २०४७, आश्विन, पृ. ७६)।

३१) **पुषुडि-वापी** = पोखरी । यो शब्द कुनूशर्माको कीर्तिपताकाबाट प्रस्तुत गरिएको हो । पुषुडि-पोखरी शब्द संस्कृत पुष्करणीको अपभ्रंश हो । पाली भाषामा यसलाई पोक्खरणी भनिएको छ (दीधनिकायको सोणदण्डसुत्तको उपदेश भगवान बुद्धले अंग देशको चम्पा नगरको गग्गरा पोक्खरणीको किनारमा दिनुभएका थिए - डा. भरतसिंह उपाध्याय, बुद्धकालीन भारतीय भूगोल, प्रभाग, १९९१, २९२)। भद्दशालजातक र धम्मपदठ्ठकथा अनुसार लिच्छविहरुका नगर वैशालीको पश्चिम ढोका नजिक प्रख्यात अभिषेक-मंगल-पुष्करिणी थियो (भरत सिंह, १९९१, ३२७)।

३२) **यात्रा-जात्रा-उत्सव** = चाडपर्वको समारोह (यो शब्द कुनूशर्माको कीर्तिपताका श्लो ४३, बाट प्रस्तुत गरिएको छ - नाना नर्तकनर्तन प्रतिसमां काले च यात्रोत्सवै ... स्त्रीणां ततो ग्रामिनाम् । यात्रा-उत्सव मानव मात्रको एउटा आवश्यक र अति प्राचीन काल देखि चली आएको परम्परा हो। यसको उल्लेख प्राचीन हिन्दु तथा बौद्ध धर्म ग्रंथहरुमा पाइन्छ। कलिंगाधिपति खारवेलको पहिलो श.ई.पूर्वको हाथीगुम्फा अभिलेखमा उनले कलिंगनगरमा आयोजना गरिएको गीत-बाद्यबाजा समेतको उत्सव गराउने उल्लेख पाइन्छ (गीत-वादित - उसव- समाज कारापनाहि च क्रीडा पयति नगरिं - बासु. उपाध्या. भारतीय अभि. १९६१, भाग-२, २७)।

## सन्दर्भ ग्रंथ तथा लेखहरू


Acharya, P.K., A Dictionary of Hindu Architecture; An Encyclopedia of Hindu Architecture, Delhi, Reprint, 1995.
Sircar, D.C., Indian Epigraphy, Delhi, 1965.
**उपाध्याय, वासुदेव, प्राचीन भारतीय अभिलेखोंका अध्ययन, दिल्ली, १९६१.**
**शर्मा, कुनु, कीर्तिपताका, अनु. योगी नरहरिनाथ, जगदम्बा प्रकाशन, १०१८.**
The Gopalaraja Vamsavali, Ed. by Dhanavajra, Kamal P. Malla, wiesbaden, 1986.
**रेग्मी, डिल्लीरमण,** Medieval Nepal, Part III and IV, 1966.
Shakya, Hemaraj, T.R. Vaidya, Medieval Nepal, 1970.
**बज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, त्रि.वि. २०३० वि. संवत्.**
Vaidya, Dr. Janak Lal, Siddhagni Kotyahuti Devala Pratistha, in Abhileka Patrika, National Archives, V.S. 2047, PP. 69–77.
Petech, Luciano, Mediaeval History of Nepal, Roma, 1984.
The Buddhacarita of Asvaghosa, Ed. by E.H. Johnston, Delhi, 1972.
Mishra, Tara Nanda, The Traditional Material and Techniques used in the conservation of Nepalese Historical Monuments, 4th Seminar on the conservation of Asian Cultural Heritage, Nara, Agency for cultural Affairs pp. 97-116, Japan, 1993; Ancient Nepal, DOA Nepal, No. 135, 1993, pp. 22-31; conservation of Ancient Architectural Elements in Nepal, Journal of Nepalese Studies, Nepal Academy, 1996, Vol-II, Number 1; **वास्तुकला र लिच्छवि अभिलेखका केही वास्तुशब्दहरू, प्रज्ञा सं. ८३ ख, प्रज्ञाप्रतिष्ठान, कमलादी, वि.सं. २०५३ नेपाली वास्तु र वास्तुग्रन्थको संक्षिप्त परिचय, प्राचीन नेपाल, पुरातत्व विभाग, अंक १५९, जून २००५, पृ. २१-३४.**

# श्री महापिन्थवहार - पिथोवहार

## (पिण्डबहार)

- हरिराम जोशी

ललितपुरका विभिन्न इलाकाहरूमध्ये प्रस्तुत टोल इलाका पनि ज्यादै महत्वपूर्ण मानिन्छ। उत्तर प्राचीनकालमा यसको के नाम थियो, थाहा हुन सकेको छैन। तर, मध्यकालको पूर्व्वार्द्धदेखि भने यो थलोको ऐतिहासिक एवं धार्मिक महत्त्व औधीरूपमा स्थापित भएको कुरा निश्चतरूपले जानिन्छ। नेपाल संवत् ४७९ अर्थात् ई. सन् १३५९ को एक अभिलेख, जुन उपर्युक्त थलोमा प्रतिष्ठापित छ, को अध्ययनबाट बङ्गालका सुल्तान समसुद्धीनले त्यस इलाकामा प्रतिष्ठापित ठूलो चैत्यमा तोडफोड गरी विनष्ट पारेको कुराको जानकारी मिल्छ[1]। सुल्तान समसुद्धीनले त्यस समय नेपालमा आक्रमण मुख्यरूपले तीन ठाउँमा गरेका थिए, तीन स्थानहरू हुन् - स्वयम्भू[2], पशुपति नाथ[3] तथा प्रस्तुत पिन्थवहारको ठूलो चैत्य। यस आधारबाट मध्यकालको पूर्वार्द्धभै यो थलोको औधी महत्व स्थापित भइसकेको कुरा सुनिश्चि छ। यदि त्यस्तो नहुँदो हो त एकजना विदेशी आक्रामकले नेपालमा आई आक्रमण गर्दा यहाँका प्रमुख थलोको रूपमा रहेका स्वयम्भू र पशुपतिसँगै यहाँ पनि प्राथमिकताका साथ आक्रमण गरी उपर्युक्त ठूलो चैत्यलाई ध्वस्त पार्ने कार्य गर्ने थिएन।

ललितपुर पिन्थवहारको उपर्युक्त अभिलेखमा मेहापालवर्मालाई प्रधानमन्त्री भनी स्पष्टरूपले वर्णन गरिएको छ[4]। यस उल्लेखबाट नेपालको इतिहास, सम्भवतः विश्वइतिहासमै प्रधानमन्त्री नै भनी उल्लिखित पहिलो व्यक्तित्त्व उक्त मेधपालवर्मा भएको कुरा स्पष्टिन्छ। यस हिसाबले पनि यो अभिलेखको खास विशेपतापूर्ण महत्त्व भएको कुराको जानकारी मिल्छ।

---

१ योगी नरहरि नाथद्वारा सम्पादित 'संस्कृत-सन्देश' प्रथमेवर्षे १-१०-११-१२ संयुक्ताङ्क, वि.सं. २०१० चैत्रशुक्लैकादश्याम्, पृ. १०-१२

२ D.R. Regmi, Medieval Nepal, Part 3, Firma K.L. Mukhopadhyay, Calcutta, 1966 A.D., PP. 21-24

३ "तनतरे पूर्ब्व सुरतान समसदिनमागत्य नेपालम् श्रीपशुपति त्रिखंडीकृता नेपाल स्मस्त भस्मीभवान्। हाहीभवन्ति लोकश्च।" - गोपालराज वंशावली (२८ ख) The Gopal Raj Vamsavali, Franz Steiner Verlag Wiesbaden. GmbH, 1985 A.D., P. 36

४ "श्रीमेघपालस्य, प्रधानमन्त्रिरकास्ति नीया खलु, चैत्य भूयात" - महापिन्थवहारको लेख 'संस्कृत-सन्देश,' प्रथमे वर्षे १-१०-११-१२ संयुक्ताङ्क, पृ. १०-१२

अर्को, अहिलेसम्म प्राप्त जत्ति पनि श्रोत सामग्रीहरू छन् तिनीहरू मध्ये सर्वप्रथम उपर्युक्त अभिलेखमैं यो स्थानको नाम उत्कीर्ण गरिएको छ । यो अभिलेखमा, स्पष्टरूपले महापिन्थवहार भनी यो इलाकाको नाम वर्णित छ[५] । यसको अनन्तर यसै शताब्दीतिर लिखित गोपालराज वंशावलीमा यसको पिथोवहार नाम उल्लिखित छ[६] । यो थलोमा चण्डेश्वरी देवीको एक प्रसिद्ध मन्दिरको साथै शिलाभिलेख पनि विद्यमान छ । उक्त शिलाभिलेखको प्रतिष्ठापन नेपाल संवत् ७८३ अर्थात् ई.सन् १६६३ मा गरिएको थियो[७] । यस देवी स्थललाई ज्यादै प्रख्यात पीठको रूपमा लिइएको हुँदा यो इलाकालाई महापिन्थवहार तथा पिथोवहार भनी उपर्युत्र अभिलेखको साथै गोपालराजवंशावलीमा नामाङ्कन गरिएको ठीकै प्रतीत हुन्छ ।

फेरि, नेपाल संवत् ६३५ अर्थात् ई.सन् १५१५ को कीर्तिपुर वाघभैरव स्थानमा स्थित शिलाभिलेखमा यो थलोको श्री पिण्डवहार नाम उत्कीर्ण छ[८] । यो नामले त्यस थलोमा निर्मित जुन ठूलो जमलपोखरी छ त्यसको निर्माण सम्बन्धि अनुश्रुतिको स्मरण गराउँदछ । अनुश्रुति अनुसार पहिले-पहिले त्यस स्थलका लाखेहरूले पहाडबाट ठूला-ठूला ढुङ्गाहरू तानेर ल्याई ती ढुङ्गाहरूद्वारा आफ्ना इलाकामा एक ठूलो तडाग (पोखरी) को निर्माण गरेका थिए । पिण्ड भन्नाले कुनै द्रव्यका ठोस गोलालाई पनि बुझाइआएको छ, उदाहरणको लागि मृत्पिंड, अथ:पिंड आदि-आदिलाई लिन सकिन्छ[९] । पिंड शब्द वेताल, पिशाच, राक्षस अर्थवोधन, पनि भएको लाग्दछ[१०] । अनि नेपाल भाषामा लाखे शब्द राक्षसको अर्थमात्र युक्त छ । यी आधारबाट उपर्युक्त स्थानका लाखेहरूले माथि वर्णित भए अनुसार ठूला-ठूला शिला भनौं या ढुङ्गाहरू बोकेर ल्याई ती ढुङ्गाहरू मिलाई ठूलो जलाशय भनौं तडाग (पोखरी) निर्माण गरेको कारण श्री पिंडबहार पनि भन्ने गरेको ठीकै जँच्तछ । फेरि, उक्त पोखरीको निर्माण त्यस इलाकाका लाखेहरूद्वारा गरिएको हुँदा सोपोखरीलाई लाखेपुखु पनि भन्ने गरिन्छ । ती लाखेहरू शिव-शक्तिका उपासक थिए । शिवगणरहेका भूतहरूका अनेकों वर्ग रहेको विश्वास गरिन्छ । भिक्षु धर्मालोकको कथनानुसार नेपालमा अठाह्र (१८) प्रकारका भूतहरू छन्, तिनीहरू मध्ये राक्षस (लाखे) पनि एक रहेको छ[११] । तिनीहरूले अनि आफुहरूले निर्माण गरेको उक्त पोखरीको नाम आफ्ना आराध्यदेव भगवान् शिवको नामबाट जमलपोखरी भनी राखेको देखिन्छ । जमल भन्नाले यथार्थत: शिव-महादेवलाई बुझाएको छ । काठमाडौं स्थित रानीपोखरीको उत्तरी किनारमा जमलेश्वर महादेव प्रतिष्ठापन गरिएको पाइनु औ सो क्षेत्र जमल नामले विख्यात हुनु उपर्युक्त कुरोको पुष्टिमा सहायकस्वरूप छ । यहाँनिर काठमाडौं सेतो मत्स्येन्द्रनाथको इलाकालाई मध्यकालको मध्यताकातिर जमलगन्थि एवं कौलिग्राम नामले पुकार्ने गरेको यथार्थतालाई पनि स्मरण गर्नु प्रासङ्गिक हुन आउँछ । प्रत्येक वर्ष सेतो मत्स्येन्द्रनाथको रथयात्रा काठमाडौं जमलबाटै शुरू गरिने परम्परा रहेको औं उक्त सेतो मत्स्येन्द्रको मन्दिर क्षेत्रलाई जमलगन्थि भन्ने गरिएबाट मत्स्येन्द्रनाथको शिवमहादेव स्वरूप

---

५ उपर्युक्त संस्कृत सन्देश, पृ. ११

६ गोपालराज वंशावली (५३ क)
The Gopal Raj Vamsavali, P. 61

७ हरिराम जोशीद्वारा सम्पादित चण्डेश्वरी (बनेपा नगरपालिकाको स्मारिका) वैशाख २४, २०५०, चण्डीपूर्णिमा, पृ. ४५

८ शुक्र सागर श्रेष्ठ, कीर्तिपुरको सांस्कृतिक र पुरातात्त्विक इतिहास, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभूवन विश्वविद्यालय, कीर्तिपुर, वि.सं. २०५७, पृ. ८९

९ मुकुन्दिलाल श्रीवास्तव, ज्ञान शब्दकोश, ज्ञानमण्डल लिमिटेड, वाराणसी, १९९३ ई.सन्, पृ. ४७९

१० वामन शिवराम आप्टे, संस्कृत हिन्दीकोश, मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि., दिल्ली, १९९६ ई.सं.

११ अठार प्रकारका भूतहरूका नाम यी हुन् -
१) मुंडकटा २) अगतित्वों ३) राक्षस ४) कवं ५) कीच्कनी ६) मीचू लाखे ७) हौ न्याघर ८) सीक अगति ९) तुयुम्ह ख्या
१०) म्वाठ ग्वारा ख्या ११) नाड्सूख्या १२) गुरूरू ख्या १३) लँ पनेम्ह ख्या १४) ग्वदूमा मिसा १५) जड्की को १६) जू मी
१७) बारा ख्या १८) यों ख्या
हरिराम जोशी, अभिनव संस्कृति कोष, जोशी रिसर्च इन्स्टिच्यूटको निमित्त इ. सुशीलराम जोशी, नवीन्द्रराज जोशी, वि.सं. २०५८, पृ. ५६८

स्पष्ट भएको लाग्दछ । अर्को, उक्त इलाकाको मध्यकालमा कौलिग्राम नामले पनि पुकारिने गरेको पाइएबाट सो देवता कौलमार्गी देवता भनौं शिव-महादेवको रूपमा पनि पूजिने गरेको स्पष्टता प्रतीत हुन्छ । कौलिग्राम नामबाटै वर्तमान केलटोल नाम रहेको हो ।

"राजाधिराज परमेश्वर परमभट्टारक श्री श्री जय जक्षमल्ल-देवस्य विजयराज्ये । श्रेयोस्तु संवत् ५९० श्रावण श्रुक्ल प्रतिपद्याया मधा नक्षत्र परिघ योग कर्कटराशिगते सवितरि सिंहरासिगते चन्द्रमसि ॥ .... कसिक कौलिग्राम श्रीजमलगन्थि बज्राचार्य मानिक राजेन शुभमस्तु"[१२]

- दरबार पुस्तकालयमा संगृहित 'पञ्चरक्षा' ग्रन्थ पुष्पिका

ललितपुरका लाखेहरू वास्तुकलाकारितामा निष्णात भएको लाग्दछ । महापिन्थवहार स्थित जमल पोखरीको निर्माण त्यहाँका लाखे श्रेष्ठहरूले गरेका थिए, जसबारे माथि वर्णित भइसकेको छ । त्यस्तै ललितपुर कुमारीपाटीको अगाडि भनौं उत्तरमा पूर्णचण्डी जानेबाटोको दायाँतिर पहिले-पहिले एउटा ठूलो पोखरी विद्यमान थियो जसलाई लाखे पुखु भनिन्थ्यो । अहिले सो पोखरी बिगारेर त्यसमा घरहरू निर्माण गरिएका छन् । सम्भवत: सो लाखे पुखुको निर्माण ललितपुर मङ्गलबजार का लाखेहरूले गरेका थिए । तर यसबारे ठोकुवा गरी एवमित्थ भन्नु गाह्रो छ । यो कुरो अहिलेको लागि अनि अनुसन्धान कै विषय भएको छ ।

अर्को, प्रस्तुत महापिन्थवहार टोलको एक प्रमुख विशेषता यहाँ चण्डेश्वरी देवीको प्रतिष्ठापन हुनु हो । ललितपुरमा अत्यधिक मात्रामा प्रचलित एक लोकोक्ति अनुसार प्राचीन समय ललितपुरको एखालखु टोल स्थित एक सुरुङ्ग मुनि साँस्कृतिक दैवी नाच गान भइराखेको अवलोकन गर्न भोंत देशकी देवी चण्डेश्वरी त्यस स्थानमा आएकी थिइन् । त्यसबेला सो इलाका निवासी तान्त्रिक विद्या निपुण एकजाना गुरूवाचार्यले ती देवीलाई आफ्नो तान्त्रिक विद्याद्वारा वशमा पारी तिनीलाई सोही इलाकामा विराजमान गराएका थिए । चण्डेश्वरी देवी स्थल अहिले पनि त्यस ठाउँमा कायमै छ । भनिन्छ चण्डेश्वरी देवीले त्यस तान्त्रिक गुरूवाचार्यलाई आफु त्यहाँ उनान्सय (९९) वर्ष सम्मन् रहने वाचा गरेकी थिइन् । पछि सो अवधि समाप्त भएको लगत्तै ती देवी चण्डेश्वरीलाई ललितपुर र सुलिह्म टोलका गयोजुजु नामका एकजना राजोपाध्यायले आफ्नो तान्त्रिक वलले महापिन्थवहार स्थित जमलपोखरीको उत्तरी किनारमा लगी प्रतिष्ठापन गरेको कुराको लोकोक्ति यहाँ व्यापकरूपले प्रचलित छ । गयोजुजुको उक्त कार्यमा महापिन्थवहारका लाखे श्रेष्ठहरूको पनि महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । जनश्रूति अनुसार देवी चण्डेश्वरीलाई आफ्ना आराध्य मान्दै आएका उपर्युक्त लाखे श्रेष्ठहरूलाई प्राचीनकालमा भोंत देश भनौं बनेपामा बास दिइँदैनथ्यो । यसबाट निश्चितरूपले गयोजुजुको उक्त कार्यमा तिनीहरूको पनि महत्त्वको भूमिका रहेको स्पष्टिन्छ ।

देवी चण्डेश्वरी माईलाई जमल पोखरीको उत्तरी किनारमा प्रतिष्ठापन गरिसके पछि ती देवी त्यहाँबाट पुन: उम्केर जालिन् भनेर उक्त महापिन्थवहारको चारैतिर चार देवताहरूको प्रतिष्ठापन गरी उनीदेवीलाई त्यो ठाउँ छोडेर अन्त कतै जान नसक्ने गराएको कुरा पनि यहाँको लोकोक्तिमा अत्यधिक रूपले प्रचलित छ । लोकोक्ति अनुसार ती चार देवताहरू हुन् :

१) पाटनढोका समीपको कोट लाछी टोलको वैदिक शैलीमा निर्मित मन्दिरमा प्रतिष्ठापित गणेश,
२) छायवहालका भीमसेन,
३) साँल्हटोल स्थित भैरव र
४) महापिन्थवहारको चारतिर चार देवताहरू प्रतिष्ठापन गरिएको कुराको वर्णनले महापिन्थवहार क्षेत्रको चार सीमालाई दर्शाएको स्पष्टता लाग्दछ । यसरी कुनै एक टोलको चतुर्दिक सीमालाई दर्शाएको यो नै अहिलेसम्मको खोजीमा पहिलो उदाहरण हो कि ! भन्ने लाग्दछ, जुन यो इलाकाको महत्त्वपूर्ण विशेषता छ ।

१२ D.R. Regmi, Medieval Nepal, Part one, Firma K.L. Mukhopadhyay, Calcutta, 19 A.D. P.

# नेपालमा संवत्हरू

- श्यामसुन्दर राजवंशी

संवत्का विषयमा जिज्ञासा राख्नेहरू विरलै भेटिन्छ। भनाइको मतलव सीमित व्यक्तिले मात्र संवत्को विषयमा कुरा गर्दछ र चासो लिने गर्दछ। वर्तमान अवस्थामा संवत्का विषयमा चासो बढ्दै गएकोले धेरै मात्रामा मानिसहरूले संवत्का विषयमा कुरा गर्न थालेको देखिन्छ।

तर नेपाल संवत्का साश्वत सत्य एवं प्राविधिक पक्षलाई पूर्णतया बेवास्ता गरीकन बालुवा सुनमा परिणत हुन पुगेको निराधार किम्बदन्तीलाई मात्र अनेकौ भाँतिले तर्कहरू परिकल्पना गरिएका भएतापनि यो कुराबाट साँच्चै भन्नु पर्दा ती तर्कले कसैलाई विश्वास दिलाउन सकीरहेका छैन। यही संवत्का विषयमा विभिन्न गोष्ठी छलफल आयोजना गरियो भने बालुवा सुन भएको कथामा वाहेक अरू साश्वत पक्षमा [illegible] नै नगरी निष्कर्षहीन अवस्था मै टुङ्गिने गरेको छ। अत: [illegible]नै यथार्थलाई मनन गरी नेपाल संवत्को साश्वत पक्ष [illegible]न्याउन सकियोस् भनी यो लेख प्रस्तुत गरिएको छ।

हामी जुनसुकै विषयमा अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा सर्वप्रथम प्राचीन अभिलेखहरू खोतल्दछौ। सोको लागि हजारौ संख्यामा भेटी सकेका प्रकाशित अभिलेखहरू नै सर्वोपरि साक्षी मान्दछौं। हामी संवत्का विषयमा केन्द्रित भई कुरा गर्दैछौं भने अभिलेखमा भएका तिथिमितिमा बढी ध्यान दिने गर्दछौं। ती तिथिमितिको अगाडि संवत् शब्द आइरहेको भेटिन्छ तर त्यो संवत्को नाम शक, विक्रम, लिच्छवि आदि नामले सम्बोधित अवस्थामा पाइएका छैनन्। तैपनि हाम्रो चलन चल्तीमा कुन संवत्ले के विशेषता वा चिनारी लियो वा जेकुराको प्रतिनिधित्व गरे त्यही विशिष्ट नाम नै संवत् नामसंग जोड्ने गरिएका छन्।

जस्तै - लिच्छवि लिपिमा लेखिएको अभिलेखमा भएको संवत्लाई त्यसमा लिच्छवि संवत् नभनीए तापनि लिच्छवि संवत् नै मानि आएका छौं। खास महत्वपूर्ण कुरा प्रष्ट रूपमा के बुझ्न सक्दछौ भने संवत्को नाम भन्दा पनि प्रकृति, मतलव संवत् कुन आचरण र प्रकृतिले गतिलिएको छ त्यो कुरो मुख्य हुँदोरहेछ। नेवारी लिपि नेपाल भाषा प्रयोग भइरहेको अभिलेखमा नेपाल संवत् उल्लेख नभएपनि उक्त संवत्लाई नेपाल संवत् मान्नु पर्दछ। नेपाल संवत् कै कुरा गरौं। नेपाल संवत्को रूपमा चल्दै आएको संवत् हाम्रो सामु साश्वत सत्य भइ उभीरहेछ भने

त्यो कसले चलाएको भन्ने कुरा महत्व होइन। यसको चालचलन प्रकृति हेरर निश्चय मान्नु पर्ने कुरा हो।

कुनै तिथिमिति छ त्यसको वार पत्ता लगाउनु छ तारिख पत्तालगाउनु छ भने संवत् स्थापना जोसुकैले गरेको होस्। तारिख गणनाका वैज्ञानिक सिद्धान्तले मात्र गर्दछ। शंखधर जस्तै ती मूर्तिहरूले नेपाल संवत्का शुरूका दिन के वार पर्दछ कुन तारिख पर्दछ, भन्ने सिद्ध हुन आउँदैन। यो स्पष्ट छ।

नेपाल संवत्का विषयमा अनेकबढाइ चढाइ गरी यो संवत् राजाले चलाएको होइन सामान्य नागरिक्ले चलाएको भनी विभिन्न अड्कलवाजीलाई व्याख्या गर्ने हो भने त्यस सम्बन्धमा सप्ताह, नवाह लगाएपनि सिद्धीदैन।

नेपाल संवत् शुरू भएको पहिलो दिन इशवी ८७९ अक्टोवर २० तारिख वृहस्पतिवार पर्दछ भनी विदेशी विद्वान किलहर्नले दिएको छ। त्यो कुरा साँच्चै हो होइन भन्ने कुराको निर्क्यौल कसले गर्छ त? प्रश्न उठाउन सक्दछौं।

यसको जवाफ लखतीर्थवाट वालुवा झिक्ने भरियाको आधारमा भरियालाई वालुवा झिक्न पठाउने, तत्कालीन राजाको नामबाट वा आफ्नो जीवनभर सुर्वण सिद्ध योग पत्ता लगाउने महान सिद्धवन्त ज्योतिषको नामका आधारमा तय हुने होइन। अत: वालुवा सुनमा परिणत हुन्छ भनी वकालत गर्ने व्यक्तिले सोको स्पष्टता प्रमाणित गर्न सक्नु पर्दछ।

नेपाल संवत्को प्राविधिक एवं साश्वत सत्य पक्ष तर्फ कसैले वास्ता नगर्ने तर वाहय आवरणमा वादविवाद गरी समय विताउनु कहाँ सम्मको जायज होला त्यो भनेर साध्य छैन। प्रशङ्गवस विक्रमसंवत्का वारेमा भन्ने हो भने पनि यो संवत्मा विक्रम नाम पछि मात्र जोड्न ल्याएको देखिन्छ। प्रारम्भिक अभिलेखमा यो संवत्मा कुनै नाम जोडिएको देखिदैन पछि आएर यो संवत् मालव जात संग जोडियो र मालव संवत्, मालवगण संवत् भनी नामाकरण हुन पुग्यो। यसरी मालव संवत् कहलिनु भन्दा अघि कृत संवत् भनिएको पनि भेटिन्छ। यही विक्रम संवत्का संवन्धमा इतिहासकार हरूको भनाइमा संवत् ४६१ देखि ९३६ सम्म मालवगण संवत् भनियो। यसको मतलव संवत् ४६१ अगाडि कृत संवत् भनिन्थ्यो, भने ९३६ पछि यो संवत्को नाम विक्रम संवत् हुन आयो र वीर विक्रमादित्यको नामसंग जोड्न थालियो। यसरी मालव संवत् विक्रमादित्यसंग जोडे पछि विक्रम संवत्को नाम प्रशिद्ध हुन गएको कुरा भारतीय विद्वानले लेखेको इतिहासमा पाइन्छ। यो कुरा हो होइन भारतीय इतिहासका पुस्तकहरूमा हेर्न सकिन्छ।

नेपालमा पाइएका प्राचीन अभिलेखहरूमा पनि संवत्को नाम उल्लेख पाइएको थिएन संवत् अंक र कालक्रमलाई हेरेर मानदेव प्रथमको पालामा व्यवहारमा रहेको संवत् ३८६, चाँगुनारायणको स्तम्भलेखमा छ। संवत् ३८६ को चाँगुको अभिलेख देखिको शतस्थानी संवत्लाई एउटा समूह माने र यो पहिलो समूहलाई कसैले विक्रम संवत् भनियो, कसैले शकसंवत् भनियो आदिइत्यादि नाम दिइसकेका छन्। यसरी नामाकरणको होड भारतीय इतिहासकार पं भगवानलाल इन्द्रजीले प्राचीन अभिलेख संकलन गरी प्रकाश गरे देखि शुरू भएको हामी पाउछौं। वास्तवमा त्यतिवेला संवत्को प्राविधिक पक्ष समाएर गणना गरी ठीक संग निर्णय गरिएको थिएन। यसरी पहिलो सगूहको संवत् शिवदेव प्रथम र अंशुवर्माको संयुक्त शासन चलीरहेको वेला सम्म रहयो। यसको मतलव इतिहासकार हरूले संवत् ५२६ को लेले र धापासीको अभिलेख सम्मलाई पहिलो समूह मानेका छन्।

महासामन्त अंशुवर्माको एकल शासन शुरू भए पछि व्यवहारमा दखापरेको संवत्को अंक दशस्थानीको २९ पहिलो हो। यो संवत् नेपाल संवत् आरम्भ नभएसम्म चलेको

न्डियो। यसरी संवत् २९ देखि नेपाल संवत् आरम्भ भए सम्म भएका संवत्लाई दोश्रो समूह मानेका छन्। यो दोश्रो समूहको संवत्लाई पूर्वाचार्यहरूले हर्षसंवत्, कसैले भोटे संवत् कसैले अंशुवर्मा संवत् त कसैले मानदेव संवत् आदि इत्यादि नामाकरण गर्दै आए। यसरी नामाकरण गरिएतापनि संवत्को सर्वाधिक पक्ष समाएर गणना गरी ठीक संग भएको भने पाइदैन।

अत: संवत्को विषयमा यथार्थतालाई मध्यनजर गरी नेपालमा आफ्नै मौलिक संवत् मानी व्यवहार गर्दै आएका संवत्लाई समूहगत रूपमा वर्गीकरण गरी अध्ययन गर्दा उचित हुने देखी यहाँ ४ समूहमा अध्ययन गरिएको छ।

## पहिलो समूहको संवत्

पहिलो समूहको संवत्को सम्बन्धमा निर्क्यौल गर्न धुरै विद्वानहरू तम्सेर निकै कसरतहरू गरी सकेका छन्। यदि यो संवत्को नामाकरण अभिलेखमा पहिले नै भै दिएको भए वा संवत्को संस्थापनको नाम संग जोडिएर आएको भए विद्वानहरू वीच यति विधि कसरतको आवश्यकता नै पर्ने थिएन। यसरी संवत् मात्र लेखिएका कारणले ती संवत्लाई अलगअलग छुट्याउन अनेक प्रयास भए। त्यतिवेला गणनाका आधार नै सर्वोपरि हुन आए। गणनाको आधार भनेका अभिलेखमा उल्लेख भएका वार नक्षत्र, योग एवं अधिमासहरू मुख्य हुन आउँछ। हुन त मानदेव प्रथमको संवत् ३८६ भन्दा अघिका अभिलेखहरू मध्येमा संवत् ३८१ को अभिलेख भेटिएकेको छ र संवत् १०७ को अभिलेख पनि भेटिसकेको छ [illegible]यिनीहरू पनि त्यत्तिकै महत्वपूर्ण छन्। यसरी संवत् [illegible] उप्रान्त पनि ५३५ र ५३६ का अभिलेखहरू भेटिएबाट [illegible] र विवेचनाका लागि प्रशस्त मार्गहरू भेटिसकेको [illegible] पाउँछौं। यो समूह अन्तर्गत १२ वटा अभिलेखका [illegible]र्मिन प्रकरणलाई छनोट गरिएको छ जस्तै:-

१. चाँगुनारायणको संवत् ३८६ को अभिलेख
२. विष्णुपादुका फेदीको संवत् ३९८ को अभिलेख
३. चाँगुको निरपेक्षको संवत् ४२७ को अभिलेख
४. सूर्यघाटको विजयवतीको संवत् ४२७ को अभिलेख
५. पाटन वहालुखाको संवत् ४३५ को अभिलेख
६. किसिपिडीको संवत् ४४९ को अभिलेख
७. ब्रम्हटोलको संवत् ४७९ को अभिलेख
८. देउपाटनको संवत् ४८७ को अभिलेख
९. धर्मस्थलीको संवत् ५१७ को अभिलेख
१०. सतुङ्गलको संवत् ५१९ को अभिलेख
११. लेलेको संवत् ५२६ को अभिलेख
१२. धापासीको संवत् ५२६ को अभिलेख

## दोश्रो समूहको संवत्

दोश्रो समूहको संवत्को सम्बन्धमा पनि निर्क्यौल गर्न स्वदेशी एवं विदेशी विद्वानहरूको विभिन्न तर्क, धारणा, एवं अवधारणाहरू जाहेर भई निकै समय खर्च भै सकेको यथार्थ भेटिन्छ। आश्चर्यको कुरो यही देखिन्छ कि यो समूहको पहिलो अभिलेख नै संवत् २९ बाट शुरूभएको छ। वास्तवमा संवत्को शुरूवात २९ बाट होइन १ बाट शुरू हुनु पर्ने थियो। यस विपयमा अनेक धारणा अवधारणाहरू ल्याउने क्रममा संवत् २९ भन्दा २८ वर्ष अघि ५२७-२९ = ४९८ मा यो दोश्रो समूहको संवत्को जन्म भयो भनी मान्न थालियो। यो कुराको पुष्टी हुन १ देखि २९ वीचको एउटा मात्र अभिलेख भेटिएको भए पनि प्रयाप्त आधार बन्ने थियो। अत: आधारहीन धारणा सिवाय अरू भन्न सकिने ठाउँ त्यहाँ छैन। यही दोश्रो समूहको संवत् क्रममा अन्तिम अभिलेख संवत् ३०१ को भेटिएको छ। यो संवत् ३०१ को लगत्तै अर्को वर्ष नेपालमा अर्को नयाँ संवत्को शुरूवात भयो जसलाई हामी नेपाल संवत् भन्दै छौं। यो दोश्रो समूह अन्तर्गत ८ आठ वटा अभिलेखका तिथिमितिका संवत् प्रकरणहरू छनोट गरिएको छ। जस्तै:-

१. वुङ्गमतीको संवत् २९ को अभिलेख
२. भक्तपुर इनाय टोलको संवत् ३१ को अभिलेख
३. चाँगुनारायण सुवर्ण कवचको संवत् ३१ को अभिलेख
४. पाटन चक्रवहिलको संवत् ३१ को अभिलेख
५. पाटन सुनधाराको संवत् ३४ को अभिलेख
६. ज्यावहालको संवत् ५३५ को अभिलेख
७. गोकर्ण वालुवा गाउँको संवत् ५३६ को अभिलेख
८. सहोत्तर तन्त्रको संवत् ३०१ को अभिलेख

## तेश्रो समूहको संवत्

तेश्रो समूहको संवत्का सम्वन्धमा भन्नुपर्दा यो नेपाल संवत् हो । यो संवत् १ देखि शुरू भइ हाल सम्म अविछिन्न रूपमा चल्दै आएर ११२९ पुगेको छ । यो संवत्का सम्बन्धमा स्वदेशी एवं विदेशी विद्वानहरूले अनेक अनेक धारणा अवधारणाहरू जाहेर गरीसकेका भेटिन्छन् । जुनवेला यो संवत्को शुरूवात भयो त्यतिवेला चल्दै आएको अघिल्ला संवत् कति भयो, त्यतिवेलाको राजनीतिक, धार्मिक सामाजिक, आर्थिक, साँस्कृतिक अवस्थालाई प्रकाश पार्ने श्रोत सामग्री खोजी कार्य हुनु नितान्त आवश्यक थियो तर त्यतातर्फ कसैको ध्यान गइरहेको छैन । नेपाल संवत् शुरू हुँदा तत्कालीन शासक को थिए ? भन्ने कुरामा समेत वाद विवाद भइरहेका हामी देखीरहेका छौं । यो चिन्ताको विषय हो ।

नेपाल संवत् प्रयोग गरिएको पहिलो अभिलेख कुन हो भन्ने सम्बन्धमा कसैले पाटन मंगलबजारको मंगहिटीमा रहेको ॐ संवत् माता अंकित टुटेधारा अभिलेख भन्दछन् भने कसैले लंकावतार ग्रन्थमा अङ्कित संवत् २८ लाई पहिलो मान्दछ । फेरि नेपालवत्सर भनी स्पष्ट उल्लेख भएको श्रोतको रूपमा ने.सं. १४८ को अष्ट साहश्रिकालाई मानेको पाईन्छ । जेहोस् नेपाल संवत् भन्ने नाम पनि संवत्को शुरूवात हुँदा देखि संगसंगै नाम जनिएर आएका थिएनन् । त्यही कारणले गर्दा शक्तिसिंह रामवर्द्धनलाई चीनको वादशाहले लेखेको संस्कृत परवाना पत्रमा नेपाल संवत्लाई महाचीनाव्द भनी सम्बोधन गरिएको पनि हामीलाई थाहा छ । संक्षिप्त गोपाल राजवंशावलीमा पशुपति भट्टारक संवत् भनेर नेपाल संवत्लाई सम्बोधन गरिएको छ । नेपाल संवत् शुरू भइ विकास हुने क्रममा अरू भाँगिदै जाँदा यो संवत्लाई मानिसहरूले शंख्वासंवत्, शङ्खधर कृत संवत् ऋणमुक्तसंवत्, जनसंवत् आदि इत्यादिको संज्ञा दिँदै आए । तर नेपाल संवत् भन्नुमा जति हामी गौरव महसूस गर्दछौं यसको सट्टा शंख्वा संवत् शङ्खधरकृत संवत्, ऋणमुसंवत् भन्नुमा त्यति गौरव महसूस गर्न सकिन्न । तथापि अन्य विद्वान वुद्धिजीवि, इतिहासकार लगायत गन्य मान्य व्यक्तिहरू अझै पनि शंखधर साख्वालाई कसरी महान बनाउन सकिन्छ भन्नेमा नै समय खर्ची रहेको देख्दछु । यो आश्चर्यको विषय छ ।

नेपाल संवत्संग अन्य संवत् संगको सम्बन्ध वर्ष अन्तरका विषयमा श्रोत प्रमाणहरूले के भन्दैछ ? इतिहास कता तिर दोऱ्याइएको छ ? हाम्रा संवत्हरूका विषयमा विवाद कहिले देखि चल्दै आएको छ ? यतातिर ठीकठीक ध्यान दिनु पऱ्यो भनेर तेश्रो समूह अन्तगर्त १४ वटा अभिलेखका तिथिमितिका संवत् प्रकरणहरू छनोट गरिएको छ । जस्तैः

१) पाटन वुवहालको ने.सं. ५११ को अभिलेख
२) पाटन सुनधाराको ने.सं. ५२४ को अभिलेख
३) कान्तिपुर मखन टोलको ने.सं. ७६१ को अभिलेख
४) भक्तपुर सैनिक व्यारेक पार्टीको ने.स. ७५० को अभिलेख
५) भ.पु. दरवार कुमारी चोकको ने.सं. ७९७ को अभिलेख
६) भक्तपुर टुडिखेल सत्तलको ने.सं. ७९८ को अभिलेख
७) भक्तपुर दरवार कुमारीचोकको ने.सं. ८०१ को अभिलेख
८) भक्तपुर दरवार तलेजु चोकको ने.स.. ८०५ को अभिलेख
९) भक्तपुर दरवार ढुंगेधाराको ने.सं. ८०८ को अभिलेख
१०) भक्तपुर दरवार दुगेधाराको ने.सं. ८०८ को अभिलेख

[illegible] भक्तपुर दरवार मालती चोकको ने.सं. ८१८ को अभिलेख

[illegible] भक्तपुर डोलेश्वरमा रहेको ने.सं. ८२८ को अभिलेख

[illegible]३। भक्तपुर मूलचोकको ने.सं. ८४२ को अभिलेख

[illegible]४। भक्तपुर नगदेशको ने.सं. ८८९ को अभिलेख

**चौथो समूहको संवत्**

नेपालमा प्रचलित संवत् मध्ये चौथो समूहको संवत्का रूपमा विक्रम संवत्लाई लिन सकिन्छ । हाल विक्रम संवत् प्रत्येक वर्ष बैशाख १ गते याने बैशाख संक्रान्तिका दिनमा नव वर्षको रूपमा मनाइन्छ । चान्द्र वर्ष तिथि पक्षबाट चल्दछ भने सौर वर्षमा महिनाको पहिलो दिन संक्रान्ति र अन्तिम दिन मसान्त मानेर १ वर्षमा १२ सक्रान्ति १२ मसान्त पर्दछ । चान्द्रमानमा पनि पूर्णिमालाई अन्तिम मानिने पूर्णिमान्त र् औसीलाई अन्तिम मान्ने अमान्तमान भनिन्छ ।

चान्द्र वर्ष अन्तर्गत ३५४ दिनको १ वर्ष हुन्छन् भने सौरवर्षमा ३६५ दिनको १ वर्ष हुन्छ । यसरी चान्द्रमान र सौर मानको हिसाव रथको दुई पांग्रा जस्तै गरी सगसंगै आउने हो । चान्द्र वर्ष मानिने भए तापनि ३५४ दिनको १ वर्ष मानेर हुँदैन वास्तवमा ३६५ दिनकै एक वर्ष हुने भएकाले ११/११ दिनका दरले ३ वर्ष भएपछि एक अधिमास क्षममास पर्न आउँछ । अधिमास क्षयमास कतिवेला पर्दछ भन्ने सम्बन्धमा जुनवेला २ संक्रान्ति बीच २ औसी पर्न आइन् भने त्यहाँ अधिमास पर्न आउछ भने त्यसतै गरी एक चान्द्र महिना भित्र २ संक्रान्ति पर्न आइन भने त्यहाँ क्षयमास हुन्छ भन्ने नियम ज्योतिषमा पाइन्छ ।

अहिले विक्रम संवत्का विषयमा पनि - विक्रमसंवत् हिन्दुस्थानका विक्रमादित्य राजाका नामबाट चलेको संवत् हो । नेपालमा यस संवत्लाई चन्द्र समसेरले सरकारी संवत्को रूपमा लादन ल्याएको साथै विक्रमसंवत् राजा महाराजासंग जोडिएको छ । विक्रम संवत्मा कहिले ३२ दिनका महीना पनि आउने हुँदा धेरै अव्यवहारिक छ भन्ने जस्ता किचलो उठाउन थालेको छ । फेरि हामीसंग आफ्नै गौरवशाली संवत् हुँदाहुँदै विदेशीले चलाएको विक्रमसंवत् के को दरकार भन्ने खालका वेढङ्गी तर्कहरू आइरहेको पनि देखीरहेका छौं ।

वास्तवमा नेपालमा तिथिमितिमा चल्ने चान्द्रमानको वर्ष लिच्छविकाल देखि चल्दै आएको भएतापनि अधिमास क्षयमास मान्ने परिपाटी दृष्टान्त रूपमा रहेको त्यहाँ देखिएबाट त्यतिवेला सौरमान अनुसारको वर्ष पनि संगसंगै चलेको थियो भन्ने प्रष्ट हुन आउँछ । अत: हाम्रो संस्कृति, परम्परा, संस्कार आदि चान्द्रमानको तिथिमिति अनुसार निर्देशित रहेतापनि सौरमान अनुसारको संस्कार पनि अन्योन्याश्रित रूपले जोदिदै आएबाट चान्द्रमान र सौरमानको हिसाव भनेको दाँया हात वाँया हात दुवै चाहिन्छ भनेझै हो ।

तर हामीले विक्रम संवत् २०६५ भनी जुन मान्दै आएका छौ । यसमा प्राविधिक रूपले गडवडी छ भन्ने कुरा कसैले चाल पाइरहेको छैन । विक्रमसंवत्मा प्राविधिक त्रुटी औंल्याई मैले आफ्नो लिच्छविकालीन संवत्को निश्चय नामक पुस्तकमा दिई सकेको र अरू लेखहरूबाट धेरै चोटी प्रकाशित गरेको छु तर मेरो कुरालाई वास्ता गरेको देखिएन ।

विक्रमसंवत्को त्रुटी यही कि शकपूर्व २ मा आरम्भ भएको नेपालको लिच्छविकालीन कार्तिकादि संवत्लाई नै शक संवत् मानिनु हो । शकपूर्व २ को लिच्छवि संवत्लाई शक संवत् मानेपछि त्यही लिच्छविसंवत्लाई शक सवंत भनेर शक संवत्मा १३५ जोड्दा विक्रमसंवत् बन्ने सूत्र प्रयोग गरी कृतिम रूपमा बनेको विक्रम संवत्लाई हामी विक्रमसंवत् भनी आएका छौं ।

त्यसकारण यो विक्रम संवत्को चाल चलनलाई न हाँसको चाल न कुखुराको चाल भन्नु पर्ने अवस्था देखिएको छ । कारण यही कि, यो विक्रम संवत् प्रयोग गरी तिथिमिति

हिसाव गरियो भने छेउ टुप्पो कही पनि मिल्न आउदैन । यो यथार्थ सत्य हो ।

भारतीय विद्वान डि सि सरकारले ऐशंट मालव एण्ड द विक्रमादित्य ट्रेडीशन भन्ने पुस्तकको पृष्ठ १६३ मा के भनिएको छ भने विक्रमसंवत्को प्रवर्तन इशा पूर्व ५८ मा एक शक पार्थियाइ शासकले चलाएको भनी लेखेको पाइन्छ । हामी नेपालीहरू विक्रमसंवत्लाई इशापूर्व ५७-५६ गरी मानी आएका छौ यसले पनि त्रुटी राम्रो संग प्रष्ट भई रहेको हामी देख्दछौं ।

भारतमा इश्वी संवत् र शक संवत्को समतुल्यताको दृष्टिले शक संवत् मा ७९-७८ जोड्नु पर्दछ भनी हरेक विद्वानहरूले लेखेका पुस्तकहरूमा पाइन्छ । हामीले शक संवत् भनी मान्दै आएको लिच्छवि संवत्मा ७८-७९ जोडियो भने अर्कै खालको संवत् आउछ ? यसलाई पनि राम्ररी बुझ्नु आवश्यक छ ।

विक्रमसंवत् वनावटी छ कृतिम छ भन्ने कुरा महसूस गर्न माथि तेश्रो समूहको संवत अध्ययन गर्दा प्रयोग गरिएका जुन १४ वटा अभिलेखका संवत प्रकरण छन् त्यसलाई अध्ययन गरेपनि प्रयाप्त छ ।

प्रमाणको लागि ती सम्पूर्ण अभिलेखका संवत प्रकरण यस प्रकार छन् । जस्तै:

**१) चाँगु नारायणको संवत् ३८६ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ (रो) हिणी नक्षत्त्रयुक्ते चन्द्र (म) सि मुहूर्त्ते प्रशस्ते भिजिति**

(लिच्छविकालको अभिलेख पृष्ठ १० बाट)

प्रस्तुत तिथिमिति प्रकरणमा रहेको संवत् ३८६ हो । यो शक संवत् होइन । यो शकपूर्व २ देखि आरम्भ भएको संवत् हो भनी सिद्ध गरी लिच्छविकालीन संवत्को निश्चयमा दिइसकेको छु । यो कार्तिकादि लिच्छवि संवत् भएकोले शक ३८४ को कार्तिक देखि शक ३८५ को आश्विन सम्म रहने संवत् हो ।

**सूर्य सिद्धान्तबाट**

यसको गणनामा यसतो आउँछ जस्तै

| लि.सं. | शक सं. | जेष्ठशुक्ल | बार | घ. | प. | नक्षत्र | घ. | प. |
|---|---|---|---|---|---|---|---|---|
| ३८६ | ३८५ | प्रतिपदा | आइत | ३४ | ५५ | रो | ११ | २९ |

शकपूर्व २ मा संवत् आरम्भ भएको थियो भन्ने कुराको संकेतका संवन्धमा वराहमिहिरले पनि लेखेको छ भन्ने कुरा प्रमोधवर्धन कौडिन्यायेनले लेख्नु भएको कालगणना सिद्धान्त र संवत्हरूमा उल्लेख गर्नुभएको छ ।

पं. नयराज पन्तको लिच्छवि संवत्को निर्णयको पृष्ठ १०३-१०५ मा वराहमिहिरको संवत् ३८७ हुन्छ र गणना टवाक्क मिल्छ भनी दिनु भएको प्रकरण यसतो छ:

***चाँगुको मानदेवको अभिलेखमा संवत् ३८६ जेष्ठ महिनाको शुक्ल पक्षको परेवा तिथि रोहिणी नक्षत्र अभिजित मुहूर्त भनी लेखिएको छ । यस दिनको गणना अव वराहमिहिर का सूत्र अनुसार गरिन्छ । सो अभिलेखको संवत् ३८६ कार्तिकादि शक संवत् हुनाले र जेष्ठ महिनाको हुनाले अभीष्ट समयमा वराहमिहिरको शक संवत् ३८७ हुन्छ । ३८७-२=३८५ । ३८५ ÷ ५ = ७७***

***अभिजित मुहूर्त परेको वेला रोहिणी नक्षत्र पर्दछ भनी मानदेवले अभिलेखमा लेखाएको वाक्य वेदाङ्ग ज्योतिषको रीत अनुसार (वराहमिहिर) को सूत्र अनुसार गणना गर्दा टवाक्क मिल्छ ।***

उपरोक्त उदाहरणबाट लिच्छवि संवत् ३८६ हुँदा शक संवत् ३८५ हुन्छ भन्ने कुरो पं नयराज पन्त स्वयंले पनि

स्वीकारेको छ र यथार्थमा लिच्छवि संवत् ३८६ जेष्ठ भनेको शक संवत्‌बाट ३८५ जेष्ठ भन्ने अटल सत्य ठहरियो भन्नुपर्‍यो ।

चाँगुनारायणको मानदेवको अभिलेखका संवत् वारे धेरै विद्वानहरूले विवेचना गरी सकेका छन् तर त्यस संवत् प्रकरणमा प्रतिपदि भनी अंकित गरिए वावजुद पनि संवत् प्रकरणमा १ उल्लेख आउनुवारे कसैले चुईंक्क वोलेको देखिदैन । वास्तवमा यो १ भनेको आइतवार हो । सूर्य सिद्धान्तबाट गणना गरी हेर्दा पनि आइतवार नै आएको छ । यो अभिलेखमा संवत् गणना गर्न वार नक्षत्र मुहूर्त समेत उल्लेख आएकोले यो अभिलेखको महत्व ज्यादै ठूलो छ ।

**२. विष्णुपादुका फेदीको संवत् ३९८ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ३९८ प्रथमाषाढ शुक्ल दिव १२ ।**

(लिच्छवि संवत्‌को निर्णय ५५९ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ३९८ को अंक शक पूर्व २ को लिच्छवि संवत्‌को अंक ही । सो अंकलाई लिच्छविकालको अभिलेख नामक पुस्तकको पृष्ठ ४२ मा स्व. धनवज्र वज्राचार्यले संवत् ३९६ पढ्नु भएको थियो र स्व. प. नयराज पन्तले यसलाई सुधारेर संवत्‌को अंक ३९८ हो भनी लिच्छवि संवत्‌को निर्णयमा ठम्याउनु भएको थियो । यो संवत् प्रकरणमा "प्रथमाषाढ" भनी दिइएबाट यो वर्ष अधिमास मानेको रहेछ भन्ने बुझियो ।

यो शकपूर्व २ को कार्तिकादि लिच्छवि संवत् भएकोले संवत् ३९८ भनेको शक संवत्‌बाट भन्नु पर्दा शक ३९६ को कार्तिक देखि शक ३९७ को आश्विन सम्म रहन्छ भन्न सकिन्छ ।

वेंकटेश केतकरले बनाएको सौरार्य ब्राम्हपक्षीय तिथि गणितमा केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणी दिइएको छ । जसमा शक ३९७ को आषाढमा अधिमास परेको दिइएको छ । शक ३९७ को आषाढको अधिमास लिच्छवि संवत् ३९८ को दायरा भित्र पर्दछ ।

यसको मतलव हामी प्रष्ट रूपले के बुझ्न सक्दछौ भने लिच्छवि संवत् ३९८ मा शक ३९७ आषाढको अधिमासलाई भित्र्याएको रहेछ भन्ने देखियो । शक संवत् भनेको चैत्रादि संवत् र लिच्छवि संवत् भनेको कार्तिकादि संवत् भन्ने हेक्का त्यतिवेला पनि राखेको रहेछ भन्ने देखायो । फेरि आषाढमा परेको अधिमासलाई आषाढमा नै मानेको देखियो तर कुन सिद्धान्त प्रयोग गरियो होला भन्ने विचार गर्नुपर्ने अवस्था आउँछ ।

यसरी आषाढमा परेको अधिमास आषाढ मै मान्नका लागि धर्म निर्णय तिथि सार सग्रहमा दिइएको नारद मत मात्र आकर्षित हुने देखियो । यसले स्पष्ट बताउँछ कि संवत् कार्तिकादि व्यवहार गरिएतापनि अधिमास व्यवहार गर्दा चैत्रादि परिपाटीतिर आकर्षित भएको रहेछ भन्ने बुझियो । किनभने नारद मत चैत्रादि सिद्धान्तमा आधारित हो भन्ने कुरा वर्षको पूर्वाध चैत्र बैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र भनी दिइए वाटै स्पष्ट हुन्छ ।

**३) चाँगुको संवत् ४२७ को निरपेक्षको अभिलेख**

संवत् प्रकरण:

**संवत् ४२७ कार्त्तिके शुक्ल दिवा १३**

(लिच्छविकालका अभिलेख ७९ पृष्ठ)

यो अभिलेखको प्रस्तुत संवत् प्रकरण किन महत्वपूर्ण छ भन्ने सम्बन्धमा केही कुरा औल्याउन सकिन्छ । यो अभिलेखमा "श्री मानदेव नृपतौ जगतीम्भुनक्ति" भन्ने वाक्याँश परेको छ जसको अर्थ श्री मानदेवले पृथ्वीको रक्षा गरी रहनु भएको वेलामा भन्ने हुन्छ । अतः लिच्छवि संवत् ४२७ को कार्तिकमा

मानदेव जीवित थिए भन्ने प्रष्ट बुझिन्छ। यो शक पूर्व २ को लिच्छवि संवत् भएकोले शक ४२५ को कार्तिक देखि शक ४२६ को आश्विन सम्म रहन्छ।

**४) सूर्यघाटको संवत् ४२७ को विजयवतीको अभिलेख**

संवत् प्रकरण:

**संवत् ४२७ आषाढ शुक्ल दिव १**

(लिच्छविकालका अभिलेख ८३ पृष्ठ)

अभिलेखको प्रस्तुत संवत् प्रकरण किन महत्वपूर्ण छ भन्ने सम्बन्धमा केही कुरा औल्याउन सकिन्छ यो अभिलेखमा "मानदेव वभूव" भन्ने वाक्यांश उल्लेख भएको छ। जसको अर्थ हो "मानदेव हुनुहुन्थ्यो" भन्ने हुन्छ। यसको मलतव मानदेव त्यसवेला दिवंगत भइ सकेको दर्शाउछ। अतः लिच्छवि संवत् ४२७ कार्तिकको अभिलेखमा जीवित थिए भन्ने वर्णन भएको मानदेव ४२७ आषाढमा दिवंगत भइ सक्यो भन्ने देखिएबाट यो संवत् चैत्रादि, माघादि कुनै पनि थिएन भन्ने प्रष्ट हुन्छ। कार्तिकमा जीवित भएको व्यक्ति आषाढमा मृत्यु भइसकेको हुन सक्छ अन्यथा संभव छैन भन्ने देखिएबाट यो अभिलेखको झन विशेष महत्व छ। यो शकपूर्व २ को लिच्छविसंवत् भएकोले शक ४२५ को कार्तिक देखि शक ४२६ को आश्विन सम्म रहन्छ।

**५) पाटन वाहालुखाको संवत् ४३५ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ४३५ द्वितीय पौषे शुक्ल दिव ५।**

(लिच्छविकालका अभिलेख ११३ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ४३५ को अंक शकपूर्व २ को लिच्छवि संवत्को अंक हो। यो संवत्को प्रकरणमा "द्वितीय पौषे" भनी दिइएबाट यो वर्ष अधिमास मानेको रहेछ भन्ने बुझियो।

यो संवत् ४३५ शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् भएकोले शक ४३३ को कार्तिक देखि शक ४३४ को आश्विन सम्म रहन्छ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक ४३३ को कार्तिक देखि शक ४३४ को आश्विन भित्र अधिमास परेको दिइएको छैन। यसको मलतव लिच्छवि संवत ४३५ लाई नै शक संवत् ठान्न पुग्यो भन्ने देखियो। किनकि उक्त सारणीमा शक ४३५ को आषाढमा अधिमास परेको दिइएको छ।

तर विचार गर्नुपर्ने के देखियो भने अघि शक ३९७ आषाढमा परेका अधिमासलाई लिच्छवि संवत् ३९८ को आषाढमा माने जस्तैको स्थिति यहाँ छैन। यहाँ शक ४३५ को आषाढमा परेको अधिमास लिच्छवि संवत् ४३५ को पौषमा मानेको देखियो।

यसको मलतव धर्म निर्णय तिथिसार संग्रहको नारदमत र भारद्वाज मत दुवै आकर्षित हुन सकेन।

बरू नेपालको मौलिक परिपाटी जसमा कुन महिनामा परेको अधिमासलाई कुन महिनामा मान्ने भन्ने कुरा लिच्छवि संवत् कार्तिकादि संवत्को रूपमा व्यवहारमा आए देखि अन्तर्निहित हुँदै आएको परिपाटी थियो। यसलाई संशोधन मण्डल भनौ लिच्छवि संवत्को निर्णय गर्ने पं नयराज पन्तका हिमायतीहरूले यो परिपाटीलाई शङ्करमानले आविस्कार गरेको भनी अनेक अनेक तवरले गिल्ला गरे, अत्यन्त उछाले, गाली गरे भन्नु नभन्नु किसिमले भने (हेर्नुहोस् पूर्णिमा अंक ७८ मा)।

वास्तवमा नारदमत भन्नाले चैत्रादि मत, भारद्वाजमत भन्नाले श्रावणादि मत भन्ने दृष्टान्त रूपले देखिंदादेखिदै लिच्छवि संवत् कार्तिकादि भए पछि यसको पनि आफ्नै परिपाटी हुन्छ भनेर बुझ्नु पर्दथ्यो। शंकरमान राजवंशी मेरो पिताजी

हुन्छ। नेपालको आफ्नै मौलिक परम्परा रहेको वहाँले दर्शाउनु हुँदा उहाँलाई मूर्ख सिद्ध गर्नेतिर सबै जना लागे वास्तवमा उहाँहरू स्वयं के भन्ने यो अध्ययनबाट देखियो। वर्षको पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ, फागुन चैत्रमा अधिमास परे आषाढमा अधिमास मान्ने, वर्षको उत्तरार्ध वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विनमा अधिमास परे पौषमा अधिमास मान्ने भन्ने कार्तिकादि संवत्को परिपाटी नेपालमा थिए। यही परिपाटीलाई अधिमास मान्ने परिपाटीको रूपमा आकर्षित गराए बमोजिम आषाढमा परेको अधिमास पौषमा मानेको बिल्कूल मनासीव हो। दूर्भाग्यवस शक पूर्व २ को लिच्छवि संवत्लाई शक संवत् मानेको मात्र भएन। कालान्तरमा गएर लिच्छवि संवत्लाई शक संवत्को रूपमा बुझ्न थाले पछि नै संवत् समस्या ठूलो समस्याको रूपमा बल्झिदै आएको कुरा खुलस्त भयो।

**६) किसिपिडीको संवत् ४४९ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ४४९ प्रथमाषाढ शुक्ल दशमी।**

(लिच्छविकालका अभिलेख १३६ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ४४९ को अंक शक पूर्व २ को लिच्छवि संवत्को अंक हो। यो संवत्को प्रकरणमा "प्रथमाषाढ" भनी दिइएबाट यो वर्ष अधिमास मानेको रहेछ भन्ने बुझियो।

यो संवत् ४४९ शकपूर्व २ को कार्तिकादि लिच्छवि संवत् भएकोले शक ४४७ को कार्तिक देखि शक ४४८ को आश्विन सम्म रहन्छ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास तालिकामा शक ४४८ को फागुनमा अधिमास परेको दिइएको छ। शक ४४८ को फागुनको अधिमास लिच्छवि संवत् ४४९ को दायरा भन्दा वाहिर पर्दछ।

यहाँ पनि धर्म निर्णय तिथिसार संग्रहको नारदमत र भारद्वाज मत आकर्षित भएन।

वरू नेपालको मौलिक परिपाटीमा वर्षको पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ, फागुन, चैत्रमा अधिमास परे आषाढमा अधिमास मान्ने जुन परिपाटी थिए त्यही परिपाटीमा आकर्षित भएको प्रष्ट रूपले देखियो।

यसको मतलव शक ४४८ को फागुनमा परेको अधिमास लिच्छवि संवत ४४९ मा मानेको कुरा मिल्यो भने जस्तो देखियो तर मिल्यो भन्न खोजेको होइन। कुन महिनाको अधिमासलाई कुन महिनामा मान्ने भन्ने कुरामा नेपालको मौलिक परिपाटी जुन थिए त्यता तिर आकर्षित भएको सन्दर्भमा मात्र सीमित छ भन्ने यो लेखेको आसय हो।

भनिन्छ, पं भगवानलाल इन्द्रजीले नेपालका लिच्छविकाल देखिका अभिलेख खोजी गरी प्रकाश गरेको वेला लिच्छविकालमा दुई थरि संवत् देखा पर्दा एउटा विक्रम संवत् अर्को हर्ष संवत् भनेर व्यक्त गरे देखि संबत् सम्बन्धी चर्चा परिचर्चा भएको भनी मान्दै आएका छन्। तर वास्तवमा यो कुरा बिल्कूल गतल रहेछ। संवत् सम्बन्धी चर्चा परिचर्चा त लिच्छविकाल मै शुरू भै सक्यो भन्ने कुरा यी आधारबाट खुलस्त भएको छ।

**७) का.इ. ब्रह्मटोलको संवत् ४७९ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ४७९ द्वितीय आषाढ शुक्ल दशम्याम्।**

(लिच्छविकालका अभिलेख १८५ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ४७९ को अंक शक पूर्व २ को लिच्छवि संवत्को अंक हो। यो संवत्को प्रकरणमा "द्वितीय आषाढ" भनी दिइएबाट यो वर्ष अधिमास मानेको रहेछ भन्ने बुझियो।

यो संवत् ४७९ शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् भएकोले शक ४७७ को कार्तिक देखि शक ४७८ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास ारणीमा शक ४७८ को भाद्रमा अधिमास परेको दिइएको ६ । शक ४७८ भाद्रको अधिमास लिच्छवि संवत् ४७९ को ायरा भित्र पर्दछ ।

नेपालको मौलिक परिपाटी अनुसार भन्नुपर्दा भाद्रमा रेको अधिमास पौषमा पर्नु पर्ने हुन्छ तर यहाँ आषाढमा अधिमास परेको मानेपछि तिनताका संवत्लाई शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत्को रूपमा व्यवहार गरिए तापनि अधिमास मान्दा भने धर्म निर्णय तिथिसार संग्रहको नारद मतमा आकर्षित हुन पुगेको प्रष्ट देखियो ।

त्यहिवेला एक थरि पण्डित आउँछ नेपालको परम्परागत मौलिक परिपाटी अपनाउछ भने अर्को थरि पण्डित आएर होइन भनी व्याख्या गरी नारदमत आकर्षित गराइदिने गरेको यथार्थ यहाँ प्रष्टिन आएको छ ।

**८) देउपाटनको संवत् ४८७ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ४८७ प्रथमाषाढ शुक्ल द्वितीयायाम्**

(लिच्छविकालमा अभिलेख १९८ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ४८७ को अंक शकपूर्व २ को लिच्छवि संवत्को अंक हो । यो संवत्को प्रकरणमा "प्रथमाषाढ" भनी दिइएबाट यो वर्ष अधिमास मानेको वुभियो ।

यो संवत् ४८७ शक पूर्व २ को लिच्छवि संवत् भएकोले शक ४८५ को कार्तिक देखि शक ४८६ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक ४८६ को आश्विनमा अधिमास परेको दिइएको छ । शक ४८६ को आश्विनको अधिमास लिच्छवि संवत् ४८७ को दायरा भित्र पर्दछ ।

नेपालको मौलिक परिपाटी अनुसार भन्नुपर्दा आश्विनमा परेको अधिमास पौषमा मान्नु पर्नेहुन्छ तर यहाँ आषाढ मै अधिमास मानेबाट नेपालको परम्परागत परिपाटी त्यागेको देखियो । धर्म निर्णय तिथिसार संग्रहको नारदमत अनुसार विचार गर्दा आश्विन महिनामा परेको अधिमास पौषमा मान्नुपर्ने देखिन्छ यताबाट नारदमत पनि त्यागेको देखियो ।

धर्म निर्णय तिथिसार संग्रहको भारद्वाज मत अनुसार विचार गर्दा आश्विनमा परेको अधिमास आषाढमा मान्नु पर्ने देखिएको छ यसको मतलव भारद्वाज मत माथि आकर्षित भएको देखियो तर भारद्वाजमत अंगाल्दैमा अधिमास मिलेको ठहरिदैन भन्ने कुरा बुझ्नु आवश्यक छ ।

किनभने भारद्वाज मतले श्रावणादि वर्षमा आधारित सिद्धान्तलाई अवलम्वन गरेको र वर्षको पूर्वार्धमा श्रावण, भाद्र, आश्विन, कार्तिक, मंसिर, पौष मा परेको अधिमास भए आषाढ मान्नु पर्ने दिइएको छ । तर नेपालको प्राचीन लिच्छवि संवत् कार्तिकादि संवत् भएकोले कार्तिकादि संवत् र श्रावणादि संवत् एउटै हुनै नसकिने हुँदा भारद्वाजमत मान्नु गलत थियो भन्ने प्रष्ट वुझिन्छ ।

**९) धर्मस्थलीको संवत् ५१७ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ५१७ प्रथमाषाढ शुक्ल दिवा द्वादश्याम् ।**

(लिच्छविकालका अभिलेख २६१ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ५१७ को अंक शक पूर्व २ को लिच्छवि संवत्को अंक हो । यो संवत्को प्रकरणमा "प्रथमाषाढ" भनी दिइएबाट यो वर्ष अधिमास मानेको रहेछ

न्ने बुझियो । यो संवत् ५१७ शकपूर्व २ को कार्तिकादि लिच्छवि संवत् भएकोले शक ५१५ को कार्तिक देखि शक ५१६ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणी मा शक ५१६ को भाद्रमा अधिमास परेको दिइएको छ । शक ५१६ भाद्रको अधिमास लिच्छवि संवत् ५१७ को दायरा भित्र पर्दछ ।

नेपालको मौलिक परिपाटी अनुसार भन्नु पर्दा भाद्रमा परेको अधिमास पौषमा मान्नु पर्ने हुन्छ । तर यहाँ आषाढमा अधिमास मानेबाट नेपालको परम्परागत परिपाटी त्यागेको देखियो ।

धर्म निर्णय तिथि सार संग्रहको नारद मत र भारद्वाज मत अनुसार भाद्रमा परेको अधिमास आषाढमा मानेर नारद मत र भारद्वाज मतमा आकर्षित भएको देखियो । तर नारद मत बाट र भारद्वाज मत अंगाल्दैमा अधिमास मिलेको ठहरिदैन भन्ने कुरा बुझ्नु आवश्यक छ ।

किनभने नारदमत चैत्रादिवर्षमा आधारित सिद्धान्त हुन, भारद्वाजमत श्रावणादि वर्षमा आधारित सिद्धान्त हुन् र नेपालको प्राचीन लिच्छवि संवत् कार्तिकादि संवत् को सिद्धान्तमा आधारित भएकोले ती सबै एउटै हुनै नसकिने भएको हुँदा भारद्वाज मत र नारद मत बाट मिल्यो भन्नु बिल्कुल गलत मान्यता हो । यदि यसलाई सही मान्यता मान्ने हो भने औंसी र पूर्णे एकै दिन पर्‍यो भने जस्तै हुन जाने प्रष्ट हुन आउँछ ।

**१०) सतुङ्गलको संवत् ५१९ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ५१९ प्रथम पौष शुक्ल दिवा द्वादश्याम् ।**

(लिच्छविकालको अभिलेख २६४ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ५१९ को अंक शक पूर्व २ को लिच्छवि संवत्को अंक हो । यो संवत्को प्रकरणमा "प्रथम पौष" भन्ने दिइएबाट यो वर्षमा अधिमास मानेको रहेछ भन्ने बुझियो ।

यो संवत् ५१९ शकपूर्व २ को कार्तिकादि लिच्छवि संवत् भएकोले शक ५१७ को कार्तिक देखि शक ५१८ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक ५१७ को कार्तिक देखि शक ५१८ को आश्विन भित्र कुनै पनि अधिमास परेको दिइएको छैन । शक ५१९ को आषाढमा अधिमास परेको दिइएको छ ।

नेपालको मौलिक परिपाटी अनुसार भन्नुपर्दा आषाढमा परेको अधिमास पौषमा मान्नुपर्ने हुन्छ र अभिलेखमा पनि पौषमा नै अधिमास मानेबाट अधिमास मिल्यो भन्ने देखियो तर वास्तवमा आषाढमा परेको अधिमास पौषमा मानेको भएतापनि यो अधिमास यहाँ मिलेको मानिदैन । किनभने शक ५१९ को आषाढको अधिमास लिच्छवि संवत् ५१९ को दायरा भन्दा बाहिर पर्दछ । अत: अधिमास मिल्यो भन्न मिल्दैन ।

यता धर्म निर्णय तिथि सार सग्रहको नारदमत र भारद्वाज मत दुवै यहाँ आकर्षित हुन सकेको देखिएन ।

यहाँ मुख्यत: ध्यानाकर्षणको विषय भनेको शक पूर्व २ को लिच्छवि संवत् ५१९ लाई नै शक संवत् मानेर भ्रमोत्पादक परिस्थिति श्रृजना गरेको यथार्थ ज्वलन्त उदाहरणको रूपमा यहाँ देख्न पाउछौं ।

**११) धापासीको संवत् ५२६ को अभिलेख:**

संवत् प्रकरण:

**संवत् ५२६ बैशाख शुक्ल दिवा पञ्चम्याम् ।**

(लिच्छविकालका अभिलेख २८० पृष्ठ)

अभिलेखको प्रस्तुत संवत् प्रकरण किन उल्लेखनीय छ भन्ने सम्बन्धमा केही कुरा औल्याउन सकिन्छ । यसमा संवत् ५२६ बैशाख दिइएको छ । यो शक पूर्व २ को कार्तिकादि

लिच्छवि संवत् हो । अत: शक ५२४ को कार्तिक देखि शक ५२५ को आश्विन सम्म रहन्छ । यहाँ वैशाखको मिति दिइएको छ र अभिलेखको पाठमा "श्री महासामन्तांशुवर्मणा मां विज्ञाप्य" भन्ने वाक्यांश प्रयोग गरिएको छ । यसको अर्थ अंशुवर्माले हाम्रो आज्ञालिई भन्ने अर्थ आउछ । यस सम्बन्धमा प्रसिद्ध इतिहासकार धनवज्र वज्राचार्यको भनाई अनुसार पनि माथि भनिए भैं अर्थ गरिएको हामी पाउछौं । यसको मतलव शासनाधिकारमा राजा शिवदेव प्रथमको अधिनमा शक्ति केन्द्रित थियो भन्ने कुरा प्रकट हुन्छ ।

यसरी लिच्छवि संवत् ५२६ वैशाख तद्नुसार शक संवत् ५२५ वैशाख सम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन कायम थियो र शासनाधिकार भने राजा शिवदेव प्रथममा निहित थियो भन्ने स्पष्ट हुन आउँछ ।

### १२) लेलेको संवत् ५२६ को अभिलेख

संवत् प्रकरण:

**संवत् ५२६ आश्वयुज शुक्ल दिवा ।**

(लिच्छविकालका अभिलेख २८३ पृष्ठ)

अभिलेखको प्रस्तुत संवत् प्रकरण किन उल्लेखनीय छ भन्ने सम्बन्धमा केही कुरा औंल्याउन सकिन्छ । यसमा संवत् ५२६ आश्विन दिइएको छ । यो संवत् शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् हो । अत: शक ५२४ को कार्तिक देखि शक ५२५ को आश्विन सम्म रहन्छ । यस अभिलेखमा "श्री महासामन्तांशुवर्मा स्मदनुमोदनया" भन्ने वाक्यांश प्रयोग गरिएको छ । यस वाक्यांशको अर्थ अंशुवर्माले शिवदेवसंग आज्ञा लिइकन भन्ने नभई अंशुवर्माले जे निर्णय गर्छ त्यसमा हाम्रो अनुमोदन हुने छ भन्ने भाषा प्रयोग भएको हामी पाउँछौं ।

यस किसिमको भाषाले आश्विन महिनामा आएर राजा शिवदेवले अशुवर्मालाई सम्पूर्ण शासनाधिकार सुम्पी सकेको कुरा प्रष्ट रूपले प्रकट भएको हामी देख्न सक्छौं । अर्को कुरा शिवदेव अशुवर्माको संयुक्त शासनको अन्तिम अभिलेख मात्र होइन शिवदेव कै अन्तिम अभिलेखको रूपमा लेले को यो अभिलेखलाई लिइन्छ ।

### १) बुंगमतीको संवत् २९ को अभिलेख

संवत् प्रकरण:

**संवत् २९ ज्येष्ठ शुक्ल दशम्याम् ।**

(लिच्छविकालका अभिलेख २९१ पृष्ठ)

अभिलेखको प्रस्तुत संवत् प्रकरण किन महत्वपूर्ण छ भन्ने सम्बन्धमा केही कुरा औल्याउन सकिन्छ । यसमा संवत् २९ ज्येष्ठ दिइएको छ । यो संवत् २९ शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् ५२९ को संक्षिप्त रूपको संक्षिप्त लिच्छवि संवत् हो । अत: यो संवत् शक ५२७ को कार्तिक देखि शक ५२८ को आश्विन सम्म रहन्छ ।

यसरी एक्कै चोटी २९ बाट शुरू भएको यो संवत्का सम्बन्धमा अनेक शास्त्रार्थ र मत मतान्तरहरू चल्दै आएको छ । ती अनेक मतमतान्तर जाहेर भएका मध्ये एउटा मतले विद्वत जगतमा निक्कै प्रभाव पार्न सकीरहेको छ त्यो हो यो संवत् २९ लाई शक ४९८ बाट उठेको मानदेव संवत् भन्ने । यसरी मानदेव संवत् मान्ने मतावलम्बीहरूले लिच्छविकालमा चलेको पहिलो समूहको संवत्लाई शक संवत् नै मान्दै आएको हामी देखी आइरहेका छौं । लिच्छविकालमा चलेको संवत्लाई दुई थरि संवत्को रूपमा मान्नुको साथै पहिलो थरि संवत्को क्रममा ५२६ पुगेपछि ५२७ को बदला २९ भनी छुट्टै संवत् को थालनी भएको मान्यता राखेको छ । फलस्वरूप ५२७ मा २९ घटाए पछि ४९८ आउने भएकाले शक ४९८ बाट उठेको मानदेव संवत् हो भनियो । यस कुरालाई यथेष्ट पृष्ठपोषन सुमतितन्त्र नामक ज्योतिप ग्रन्थले गरेको छ भनी एक तमासले विद्वत् जगत स्वीकार गर्दै आएको छ । वास्तवमा यसलाई गणितीय परीक्षण गरि ने हो भने विल्कूल निराधार एवं आधारहीन सावित हुन आउँछ ।

यदि ४९८ देखि नयाँ संवत्को उठान भएको कुरा सत्य भएको भए ५२६ सम्म यो पहिलो समूहको संवत् देखापरि रहनुमा कारण के ? यदि २९ भन्ने छुट्टै संवत् भएको भए १ देखि २८ सम्मको एउटा पनि अभिलेख भेटिनु नपर्ने र संवत् ५२६ उप्रान्त ५२७ देखिनुको बदला ५२७ को ठाउँमा २९ भएको भए पुन: ५२७ को क्रम कै संवत् ५३५ र ५३६ को अभिलेख पुन: देखापर्नुको अर्थ के हो ?

यी कुरामाथि अलि गम्भीर रूपले विचार गर्नु आवश्यक छ र यो केवल तर्क मात्र होइन भन्ने पनि सोच्नु आवश्यक छ। अभिलेखमा उल्लेखित संवत् २९ लाई मानदेव संवत् भनी मान्नका लागि सुमतितन्त्र नै एउटा वलियो आधार हो भनी मान्दछन् भने अव भन्नु हुन्छ मानदेव संवत् ३०४ वर्ष सम्म चल्यो भन्ने कुरा सुमतितन्त्रकै बचन भै हाल्यो। त्यसो भए. नेपाल संवत् आरम्भ कहिले भयो त भन्दा पक्कै पनि मानदेव संवत् ३०५ हुँदा नेपाल संवत् १ भएको भन्नु पर्ने खण्ड आउँछ।

यथार्थमा कथित मानदेव संवत् ३०३ हुँदा नै नेपाल संवत् १ भएको प्रत्यक्ष रूपले हिसावले देखाइरहेको छ भने सुमतितन्त्रको ३०४ सम्म चल्यो भन्ने बचन कहाँ खोज्ने ? यसमाथि पनि गम्भीर रूपले ध्यान पुऱ्याउनु आवश्यक छ।

**२) भक्तपुर इनायटोलको संवत् ३१ को अभिलेख**

संवत् प्रकरण:

**संवत् ३१ द्वितीय पौष शुक्लाष्टम्याम्।**

(लिच्छविकालका अभिलेख ३१५ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ३१ को अंक शक पूर्व २ को लिच्छवि संवत् ५३१ को संक्षिप्त लिच्छवि संवत्को अंक हो। यो संवत्को प्रकरणमा 'द्वितीय पौष' भनी दिइएबाट यो वर्ष अधिमास मानेको रहेछ भन्ने बुझियो। यो संवत् ३१ शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् ५३१ को समानान्तर वर्ष भएकोले शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्म रहन्छ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक ५३० ज्येष्ठमा अधिमास परेको दिइएको छ। शक ५३० जेठमा परेको अधिमास संक्षिप्त लिच्छवि संवत् ३१ को परिधि भित्र पर्ने देखियो। यहाँ धर्म निर्णय तिथि सार संग्रहको नारदमत र भारद्वाज मत दुवै आकर्षित हुन सकेन। किनकि चैत्रादि र श्रावणादि संवत्का विशेषता थिएनन। वरू नेपालको मौलिक परिपाटीमा वर्षको पूर्वार्ध याने कार्तिक, मंसिर, पौष, माघ, फागुन चैत्र मा अधिमास परे आषाढमा अधिमास मान्ने र वर्षको उत्तरार्ध याने बैशाख, ज्येष्ठ, असार, श्रावण, भाद्र, आश्विनमा अधिमास परे पौषमा अधिमास मान्नु पर्ने नियम रहेको छ।

अत: शक ५३० ज्येष्ठको अधिमास संवत् ३१ को पौषमा मानेको शत प्रतिशतले मिलेको देखियो। यहाँ नेपालको आफ्नै मौलिक परिपाटी जुन परिपाटीमा अधिमास कसरी मान्ने भन्ने प्रष्ट रहेकोले सोही परिपाटी यहाँ आकर्षित भएको पनि यथार्थत: घाम जस्तै छर्लङ्ग भएको हामी पाउँछौं।

**३) चाँगुनारायणको संवत् ३१ को अभिलेख**

संवत् प्रकरण:

**एक त्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया**
**माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने।**

(लिच्छविकालका अभिलेख ३१७ पृष्ठ)

(संवत् ३१ माघ शुक्ल त्रयोदशी पुष्य नक्षत्र आइतबार)

***यताबाट अभिलेखको संवत् ३१ मा माघ शुक्ल त्रयोदशीको दिन आइतबार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ।***

(लिच्छवि संवत्को निर्णय ११ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ३१ को अंक शकपूर्व २ को लिच्छवि संवत् ५३१ को संक्षिप्त लिच्छवि संवत्को अंक हो। यो संवत्को प्रकरणमा साल संवत् महीना तिथिको अलावा वार र नक्षत्र समेत आएको छ। यही संवत् ३१ को वर्षमा अधिमास परेको मानेको कुरा संवत् ३१ को भटुवालको अभिलेख तथा भक्तपुर इनाय टोलको अभिलेखले वताएको छ। यस प्रकारले अभिलेखको संवत् प्रकरणमा वार नक्षत्रको उल्लेख आउनु र यही वर्ष अधिमास परेको देखिनुले संवत्को निर्णय गर्न प्रशस्त आधार मिलेको छ।

यो संवत् ३१ शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् ५३१ को समानान्तर वर्ष भएकोले शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्म रहन्छ।

अभिलेखमा उल्लेखित संवत् प्रकरणको गणना, ब्रह्म सिद्धान्तबाट गर्ने कि, आर्य सिद्धान्तबाट गर्ने कि अथवा सूर्य सिद्धान्त बाट गर्ने आफ्नो स्वेच्छा हो। होइन ती तीनै थरिका सिद्धान्त बाट गर्छ भने पनि कुनै आपत्ति हुने कुरा होइन। विज्ञानले पृथ्वी गोलो छ भन्ने सिद्ध भएपछि जुनसुकै सिद्धान्त बाट गरे पनि पृथ्वी गोलो नै सिद्ध हुन्छ भने झैं संवत् गणना गर्ने सिद्धान्तमा सूर्य सिद्धान्त आर्य सिद्धान्त र ब्रह्म सिद्धान्त रहेका छन्। यहाँ कोही कोही विद्वानहरू संवत्को गणना ब्रह्म सिद्धान्तबाट गर्नु हुँदैन भन्ने मान्यता राख्ने गरेको पाइन्छ। यो मान्यता कसले राख्यो होला भन्ने कुरा नाम नकोट्याए पनि सबैले बुझ्ने हुनाले यहाँ नाम कोट्याउन आवश्यक ठानिएन।

तर यसतै भनिने भएकोले मेरो लिच्छविकालीन संवत्को निश्चय नामक पुस्तकको पृष्ठ ४० मा ती तीनै वटा सिद्धान्तबाट गणना गर्दा पनि टवाक्क मिलेकोले गणनाको परिणाम दिइएको छ। (हेर्नुहोस् लिच्छविकालीन संवत्को निश्चय पृष्ठ ३५-४० सम्म)

**ब्रह्म सिद्धान्त बाट**

लि.सं. ३१ (५३१) शक ५२९ माघ शुक्ल

| तिथि | वार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| १३ | १ | ३४ | १३ | पुष्य | ४ | ५६ |

**सूर्य सिद्धान्त बाट**

लि.सं. ३१ (५३१) शक ५२९ माघ शुक्ल

| तिथि | वार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| १३ | १ | ४० | १२ | पुष्य | १० | ४५ |

**आर्य सिद्धान्त बाट**

लि.सं. ३१ (५३१) शक ५२९ माघ शुक्ल

| तिथि | वार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| १३ | १ | ३७ | ४ | पुष्य | ७ | ५७ |

यी तीनै वटा सिद्धान्तबाट पनि वार आइतवार नै आएको र नक्षत्र पुष्य नै आएकोले गणना एकदम ठीक ठाउँमा छ भनी बुझ्नु आवश्यक छ।

चाँगुनारायणको संवत् ३१ को अभिलेखमा वार नक्षत्र उल्लेख आएको र संवत् ३१ को अर्को अभिलेख भक्तपुर इनाय टोल अभिलेख हो जसमा अधिमासको उल्लेख आएको हुँदा गणना गर्ने आधार प्रशस्त मिलेको हो। ती आधार प्रयोग गरी लिच्छवि संवत्को निर्णय नामक ग्रन्थ प्रतिपादन भएको थियो। त्यस ग्रन्थको पृष्ठ ११-१९ सम्म गणना प्रस्तुत गरिएको छ जुन गणनाको निचोड यस प्रकार छ :

**सूर्य सिद्धान्त अनुसार**

अभिलेखको संवत् (मानदेव संवत्) ३१ विक्रम संवत् ६६४ शाके ५२९ माघशुक्ल

| वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| आदित्य | त्रयोदशी | ३९ | २ | तिष्य | ९ | ४७ |

यसरी चाँगुको अशुवर्माको अभिलेखमा लेखिएका तिथिवार नक्षत्र सवै टवाक्क मिल्न आए भनी दिइयो ।

यहाँ निर "लिच्छवि सवतको निर्णय" मा पनि गणनाको परिणाम दिइएको र "लिच्छविकालीन संवत्को निश्चय" मा पनि गणनाका परिणामहरू दिइएकोमा गणनाको परिणाम उस्तै देखिएतापनि के कुरामा समानता छ र के कुरामा समानता छैन यसको तुलना गरी हेर्नु आवश्यक भएको देखियो । अत: तलको तालिका नं. १ मा तुलना गरी देखाइएको छ जस्तै

तालिका नं. १

| लिच्छवि संवत्को निर्णय | लिच्छविकालीन संवत्को निश्चय | तुलना |
|---|---|---|
| क) सूर्य सिद्धान्त | सूर्य सिद्धान्त | समानता |
| ख) वार- आदित्य | वार-आदित्य | समानता |
| ग) तिथि - त्रयोदशी | तिथि-त्रयोदशी | समानता |
| घ) नक्षत्र - तिष्य | नक्षत्र-पुष्य | तिष्य र पुष्य एउटै भएकोले समानता |
| ङ) तिथिको घडीपला ३९/२ | तिथिको घडीपला ४०/१२ | केही फरक तर आपत्ती छैन |
| च) नक्षत्रको घडपला ९/४७ | नक्षत्रको घडीपला १०/४५ | केही फरक तर आपत्ती छैन |
| छ) शक संवत् ५२९ आएको | शक ५२९ आएको | समानता |
| ज) मानदेव संवत्मा ६३३ जोडेर विक्रम संवत् वनाइ त्यसवाट १३५ घटाएर शक ५२९ बनाएको | शकपूर्व २ को लिच्छवि संवत् ५३१ को समानान्तरको संक्षिप्त लिच्छवि संवत् मानेको । अत: लिच्छवि संवत् ५३१ बाट २ घटाएर शक ५२९ बनाएको | तरिका फरक |
| झ) मानदेव संवत् ३१ भनेको शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्म रहन्छ । | लिच्छवि संवत् ३१ भनेको शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्म रहन्छ । | समानता |
| ञ) शक संवत्लाई चैत्रादि बाट हिसाव गरेको | लिच्छवि संवत् कार्तिकादिबाट हिसाव गरेको | फरक |
| तिनताका चलेका संवत् कार्तिकादि थिए भनी सकारेको तर हिसाव गर्दा चैत्रादि बाट गरेको | तिनताका चलेका संवत् कार्तिकादि भएकोले हिसाव पनि कार्तिकादिबाट गरेको | फरक |

ठहर:

सामान्यतया हिसावमा समानता देखिए तापनि पं. नयराज पन्तको हिसाव के कारणले त्रुटीपूर्ण भयो भन्ने सम्बन्धमा विचार गर्दा शक संवत् मा १३५ जोडेर विक्रमसंवत् आउनु पर्नेमा शक पूर्व २ को लिच्छवि संवत्मा १३५ जोडेर विक्रम संवत् बनाएको नै सबैभन्दा ठूलो भूल भएको हो भन्ने प्रष्ट भएको छ ।

### ४) पाटन चक्रवहिलको संवत् ३१ को अभिलेख

संवत् प्रकरण:

***संवत् ३१ बैशाख शुक्ल प्रतिपदायाम्***

(रोलम्ब भोलम १८ पृष्ठ २८)

अभिलेखमा उल्लेखित संवत् ३१ को अंक शक पूर्व २ को लिच्छवि संवत् ५३१ को संक्षिप्त लिच्छवि संवत्को अंक हो। यो संवत्को प्रकरणमा अधिमास पनि छैन वार पनि छैन तर महिना बैशाख छ। त्यसकारणले यो संवत् प्रकरणलाई उल्लेखनीय मानी केही कुरा औंल्याउन सान्दर्भिक ठानिएको छ।

यो शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् ५३१ को समानान्तर वर्ष भएकोले यो शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्म रहन्छ। यो अभिलेख पछि मात्र फेला परेको भएर इतिहासकार धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेख नामक ग्रन्थमा समावेश छैन।

संवत् ३१ का सम्बन्धमा "लिच्छवि संवत्को निर्णय" नामक पुस्तकको पृष्ठ ९ मा दिइएको र सकारिएको व्यहोरा यस प्रकार छ :

अंशुवर्मा देखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुराको संकेत अनन्तलिङ्गेश्वर मा रहेको नरेन्द्रदेवको अभिलेखबाट पाइन्छ। यसको मतलव संवत् ३१ ले कार्तिक, मंसिर, पौष, माघ, फागुन, चैत्र, बैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, सम्म विचरण गर्दछ। यदि प्राचीन कालमा नेपालमा शक संवत् पनि कार्तिकादि भएको भए शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्मरहन्छ भन्ने अवस्था नै आएन। मानदेव संवत् ३१ को समानान्तर शक ५२९ हुँदो हो त चैत्र देखि ५३० हुन पाउँदैन। संवत् ३१ जस्तै कार्तिकमा ३१ चैत्रमा ३१ बैशाखमा ३१ गर्दै आश्विन सम्म संवत् ३१ नै हुन्छ। संवत् ३२ हुन फेरि कार्तिक आएपछि मात्र हुने हो। कार्तिकादि संवत् ३१ लाई ३२ हुन अर्को कार्तिक आउनु पर्ने भए पछि कार्तिकादि शक संवत् ५२९ पनि ५३० हुन अर्को कार्तिक आउनुपर्ने हुन्छ। सामान्यत: सबैले बुझ्ने कुरा हुन्। फेरि "लिच्छवि संवत्को निर्णय"मा दिइएको हेरौं।

यसकारण अभिलेखको संवत् ३१ शक संवत् ५२९ कार्तिक देखि ५३० आश्विन सम्म रहन्छ।

(लिच्छवि संवत्को निर्णय पृष्ठ ७९)

यसको मतलव स्पष्ट देखियो कि अभिलेखको संवत् ३१ चाहीं कार्तिकादि र शक संवत् चाहीं चैत्रादि नै हो भन्ने कुरा अरूबाट सिद्ध गरी रहनै परेन लिच्छवि संवत्को निर्णयका ग्रन्थकार स्वयंले वोलेका कुरा हुन्। त्यसो भए लिच्छविकालमा चलेका पहिलो थरि संवत्लाई शक संवत् नै हो भन्ने आधार ग्रन्थकार स्वयंले इन्कार गरेको देखियो।

शक संवत्लाई कार्तिकादि मान्नु हुन्छ भने

संवत् ३१ माघ = शक ५२९ माघ

संवत् ३१ बैशाख = शक ५२९ बैशाख हुनै पर्छ।

संवत् ३१ बैशाखलाई शक ५३० बैशाख मान्न पाइन्दैन।

तर लिच्छवि संवत्को निर्णय अनुसार बैशाखमा ५३० शक नै हुन आउने भएकोले निर्णयमा दिइएको गणना त्रुटीपूर्ण छ भन्ने प्रष्ट हुन आउँछ।

### ५) पाटन सुनधाराको संवत् ३४ को अभिलेख

संवत् प्रकरण:

**संवत् ३४ प्रथम पौष शुक्ल द्वितीयायाम्।**

(लिच्छविकालका अभिलेख पृष्ठ ३४०)

अभिलेखमा उल्लेखित संवत् ३४ को अंक शक पूर्व २ को लिच्छवि संवत् ५३४ को संक्षिप्त लिच्छवि संवत्को अंक हो। यो संवत्को प्रकरणमा "प्रथम पौष" भनी दिइएबाट यो वर्षमा अधिमास मानेको रहेछ भन्ने बुझियो।

यो संवत् ३४ शकपूर्व २ को कार्तिकादि लिच्छवि संवत् ५३४ को समानान्तर वर्ष भएकोले शक ५३२ को कार्तिक देखि शक ५३३ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास तालीमा शक ५३३ को बैशाखमा अधिमास परेको दिइएको छ । शक ५३३ को बैशाखको अधिमास संवत् ३४ को दायरा भित्र पर्ने देखियो । यहाँ धर्म निर्णय तिथिसार संग्रहको नारद मत र भारद्वाज मत दुवै आकर्षित हुन सकेनन् । अभिलेखमा उल्लेखित संवत् कार्तिकादि विशेषतामा आधारित भएको तर नारदमत चैत्रादि र भारद्वाजमत श्रावणादि भएको हुँदा आकर्षित हुन नसकेको प्रष्ट छ ।

नेपालको मौलिक परिपाटी अनुसार वर्षको पूर्वार्धमा परेको अधिमास आषाढमा मान्ने । जस्तै कार्तिक, मंसिर, पौषं, माघ, फागुन, चैत्र वर्षका पूर्वार्ध हुन् ।

वर्षको उत्तरार्धमा परेका अधिमास पौषमा मान्ने । जस्तै बैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, वर्षका उत्तरार्ध हुन् ।

अत: शक ५३३ वैशाखको अधिमास संवत् ३४ को पौषमा अधिमास मानेको शतप्रतिशतले मिलेको देखियो ।

**६. ज्यावहालको संवत् ५३५ को अभिलेख**

**संवत् प्रकरण:**

**संवत् ५३५ श्रा (व) (ण) शुक्लदिवा सप्तम्याम्**

(लिच्छविकालका अभिलेख पृष्ठ ३४३)

अभिलेखको प्रस्तुत संवत् प्रकरण किन महत्वपूर्ण छ भन्ने सम्बन्धमा केही कुरा औंल्याउन सकिन्छ । यो शकपूर्व २ को कार्तिकादि लिच्छवि संवत् ५३५ हो । अत: यो संवत् ५३५ भनेको शक ५३३ को कार्तिक देखि शक ५३४ को आश्विन सम्म रहन्छ । किन्नाका पहिले देखि चल्दै आएको संवत्लाई संक्षिप्त संवत्को रूपमा व्यवहार गर्ने कार्य शुरूवात भइसकेको थियो । संवत् ५२९ लाई ५०० छोडी २९ लाई मात्र लिएर व्यवहार गर्ने कार्यको थालनी अंशुवर्माले गरिसके अनुसार संवत् ५३५ लाई संक्षिप्त रूपमा ३५ भनेर व्यवहार गर्न सकिन्थ्यो तर गरिएन भन्ने कुरा प्रष्ट देखिएबाट पूर्ण संवत्लाई संक्षिप्त गराउनै पर्ने बाध्यात्मकता भने थिएनन् भन्ने पनि प्रष्ट रूपले प्रकट भएको छ । किनभने अंशुवर्मा स्वयं जसले संक्षिप्त संवत् थालनी गराए उनैले ज्यावहालको अभिलेखमा पूर्ण संवत् ५३५ पनि प्रयोग गरिएबाट प्रमाणित हुन जान्छ ।

यही संवत् ५३५ को अभिलेख प्राप्त भएको विषयलाई लिएर इतिहासकारहरू अन्य मनस्कमा परेको देखिन्छ जसको उदाहरण लिच्छविकालका अभिलेख भन्ने पुस्तकमा इतिहासकार धनवज्र बज्राचार्यले दिनुभएका व्यहोरा यस प्रकार छ ।

***यस अभिलेखको वेहोरा विचार गर्दा यो अंशुवर्माले गरिदिएको होइन भन्ने देखिन्छ । यसमा संवत् ५३५ दिइएको छ । मानदेवको चाँगुको अभिलेख देखि शिवदेवको लेलेको अभिलेख सम्ममा देखिएको संवत् नै यो पनि हो । अंशुवर्माले एक्लै सोझै शासन गर्न थालेपछि आफ्ना अभिलेखमा यस संवत्को प्रयोग गरेका थिएनन् । यस अभिलेखमा फेरि यस संवत्को (शक संवत्को) उल्लेख कसरी भयो । यो प्रश्न वडो विचारणीय छ ।***

(लिच्छविकालका अभिलेख पृष्ठ ३४३-३४४)

यसतो हुनुको प्रमुख कारण अभिलेखका अधिकाँश अक्षर ज्यादै खिइएको हुँदा त्यसमा अंशुवर्माको नाम भेट्टाउन नसकेर भ्रम सृजना भएको हो । वास्तवमा अंशुवर्मालाई सम्पूर्ण अधिकार सुम्पीसके पछिको अभिलेख भएकोले शिवदेवले पुन: गरिदिएका हुन् कि भन्ने अनुमान गर्नु मात्र हो । यसतै गतल अनुमानलाई इतिहासकारहरूले पछ्याएको कारण एउटा टुगोमा पुग्न नसकेर कुहिरोको काग जस्तै हुनु परी रहेको प्रष्ट बुझिन आएको छ ।

७) गोकर्ण वालुवा गाउँको संवत् ५३६ को अभिलेख

संवत् प्रकरण:

**संवत् ५३६ द्वितीय पौष शुक्ल पञ्चम्याम् ।**

(लिच्छविकालीन संवत्को निश्चय १२७ पृष्ठ)

अभिलेखमा उल्लेखित संवत् ५३६ को अंक शकपूर्व २ को लिच्छवि संवत्को अंक हो । यो संवत्को प्रकरणमा "द्वितीय पौष" भनी दिइएवाट यो वर्षमा अधिमास मानेको रहेछ भन्ने बुझियो । प्राप्त भएका लिच्छविकालका अभिलेखहरू संख्याको दृष्टिकोणले भन्नुपर्दा दुइसय थान भन्दा बढी अथवा झण्डै दुइ सय पच्चीस थान पुगी सकेका छन् । साँच्चै भन्नु पर्दा तराजुका दुई फाली मध्ये एउटामा संवत् ५३६ को अभिलेखलाई राख्ने र अर्कोमा बाँकी सम्पूर्ण लिच्छवि अभिलेख राख्ने हो भने पनि संवत् ५३६को अभिलेख नै भारी भएको म मान्दछु । किनभने नेपालमा १५०० वर्ष अघि देखि अनिर्णित भएर रहेको संवत् समस्यालाई यो अभिलेखले स्वात्तै समाधान गरिदिएको मैले पाएको छु । त्यसर्थ कारण के हुन् त भन्दा महत्वपूर्ण मुख्य कुरा यी हुन् भन्न सकिन्छ । जस्तै :

१) अभिलेखको संवत्मा २९ को क्रम आएको हुँदा हुँदै पुनः पहिलेकै क्रमको संवत् ५३६ भेटिनु ।
२) यसमा पनि "द्वितीय पौष" भनी अधिमास उल्लेख हुनु
३) संवत् ५३५ को अभिलेखमा जस्तो अक्षर अस्पष्ट यसमा नहुनु
४) संवत् ५३५ को अभिलेखमा अंशुवर्माको नाम अस्पष्ट थिए भने यसमा महासामन्त अंशुवर्माको नाम स्पष्ट पाउनु
५) यी अभिलेख अंशुवर्माको होइन शिवदेव को हो भन्ने ठाउँ नै नहुनु । यसका महत्वपूर्ण पक्ष हुन् ।

यो संवत् ५३६ शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् भएकोले शक ५३४ को कार्तिक देखि शक ५३५ को आश्विन सम्म रहन्छ । केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक ५३५ को भाद्रमा अधिमास परेको दिइएको छ । यसरी शक ५३५ को भाद्रमा परेको अधिमास लिच्छवि संवत् ५३६ को दायरा भित्र परेको देखियो ।

धर्म निर्णय तिथि सार संग्रहको नारदमत अनुसार विचार गर्ने हो भने भाद्रमा परेको अधिमास आषाढमा मान्नु पर्ने हुन्छ । यहाँ पौषमा अधिमास परेको हुँदा नारदमत आकर्षित भएन । धर्म निर्णय तिथि सार संग्रहको भारद्वाज मत अनुसार विचार गर्ने हो भने भाद्रमा परेको अधिमास आषाढ मै मान्नु पर्ने हुन्छ । यहाँ पौषमा अधिमास परेको हुँदा भारद्वाज मत पनि आकर्षित भएन । नेपालको मौलिक परिपाटी अनुसार वर्षको पूर्वार्ध मा परेका अधिमास आषाढमा मान्ने । जस्तै कार्तिक, मंसिर, पौष, माघ, फागुन, चैत्र, वर्षका पूर्वार्ध हुन् ।

वर्षका उत्तरार्धमा परेका अधिमास पौषमा मान्ने । जस्तै : वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन वर्षका उत्तरार्ध हुन् । अतः शक ५३५ को भाद्रको अधिमास लिच्छवि संवत् ५३६ को पौषमा मानेको हुनु शतप्रतिशतले मिलेको देखियो ।

८) सहोत्तरतन्त्रको उपसंहार वाक्यको संवत् ३०१ को अभिलेख

संवत् प्रकरण:

**वर्षे चैकोत्तरस्मिंस्त्रितयशतगते माधवे मासि शुक्ले**
**सप्तम्यां पुष्यऋक्षे दश (श) तकिरणे वासरे सिद्धयोगे ॥**

(लिच्छविकालका अभिलेख ५९९ पृष्ठ)

(संवत् ३०१ वैशाख शुक्ल सप्तमी पुष्य नक्षत्र आइतवार सिद्धयोग)

***यताबाट अभिलेखको संवत् ३०१ मा वैशाख शुक्ल सप्तमीको दिन आइतबार पुष्य नक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।***

(लिच्छवि संवत्को निर्णय पृष्ठ १९)

अभिलेखमा उल्लेखित संवत् ३०१ को अंक शकपूर्व २ को लिच्छवि संवत् ८०१ को संक्षिप्त लिच्छवि संवत्को अंक हो । यो संवत्को प्रकरणमा साल संवत् महिना तिथिको अलावा वार नक्षत्र, र योग समेत उल्लेख आएको छ । त्यसर्थ संवत् सम्बन्धी अनिर्णित समस्यालाई समाधान गर्न यो अभिलेख पनि ज्यादै महत्वपूर्ण सावित भएको छ ।

यो संवत् ३०१ शकपूर्व २ को कार्तिकादि लिच्छवि संवत् ८०१ को समानान्तर वर्ष भएकोले शक ७९९ को कार्तिक देखि शक ८०० को आश्विन सम्म रहन्छ ।

अभिलेखमा उल्लेखित संवत् प्रकरणको गणना मौर्य ब्राह्मपक्षीय तिथिगणितमा दिइएका ब्रह्म सिद्धान्त, आर्य सिद्धान्त र सूर्य सिद्धान्त मध्ये जुनसुकै सिद्धान्तबाट गणना गर्दा पनि वार आईतबार तिथि सप्तमी नक्षत्र पुष्य आयो भने त्यो गणना मिल्यो भन्न सकिन्छ । ती तीनै थरिका सिद्धान्तबाट गणना गर्न चाहन्छ भने पनि कुनै आपत्तीको कुरा त्यहाँ हुने होइन ।

पं नयराज पन्तको लिच्छवि संवत्को निर्णयमा सूर्य सिद्धान्तलाई अनुशरण गरी सहोत्तरतन्त्रको उपसंहारमा दिईएको तिथि मितिको गणना गर्दा आएको परिणाम यसरी दिइएको छ ।

अभिलेखको संवत् (मानदेव संवत्) ३०१ विक्रमसंवत् ९३५ शाके ८०० बैशाख शुक्ल

| वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| आदित्य | सप्तमी | ३३ | १३ | तिष्य | ३७ | १४ |

सूर्येऽर्कमूलोत्तरपुष्यदास्रं ............ ॥२८॥
........ सर्वाऽर्थसिद्धयै कथितानि पूर्वैः ॥२९॥

(मुहूर्तचिन्तामणि शुभाशुभप्रकरण)

(आइतबार अश्विनी, तिष्य, उत्तरफाल्गुणी, हस्त, मूल, उत्तराषाढा उत्तरभाद्र नक्षत्र परेमा सर्वार्थसिद्ध योग पर्छ भनी आचार्यहरूले वताएका छन् ।

यताबाट आइतवार तिष्यनक्षत्र परेकोले सर्वार्थसिद्ध (सिद्ध) योग पऱ्यो ।

यसरी सौश्रुती संहिता सहोत्तरामा लेखिएका तिथि वार नक्षत्र योग सबै टवाक्क मिले भनी दिइयो ।

(लिच्छविसंवत्को निर्णय पृष्ठ २७)

त्यसतै गरी मेरो पुस्तक "लिच्छविकालीन संवत्को निश्चय"मा सूर्यसिद्धान्त मात्र होइन ब्रम्ह सिद्धान्त र आर्य सिद्धान्तले समेत गणना गरी आएको परिणाम यसरी दिएको छु ।

**ब्रम्ह सिद्धान्तबाट**

लि.सं. ३०१ (८०१) शक ८०० बैशाख शुक्ल

| तिथि | बार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| ७ | १ | २६ | २९ | पुष्य | ३० | ४९ |

**सूर्य सिद्धान्तबाट**

लि.सं. ३०१ (८०१) शक ८०० बैशाख शुक्ल

| तिथि | बार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| ७ | १ | ३३ | ११ | पुष्य | ३५ | २६ |

**आर्य सिद्धान्तबाट**

लि.सं. ३०१ (८०१) शक ८०० बैशाख शुक्ल

| तिथि | बार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| ७ | १ | ३२ | २३ | पुष्य | ३९ | २७ |

यी तीनवटै सिद्धान्तबाट पनि वार आइतवार तिथि सप्तमी नक्षत्र पुष्य नै आएकोले गणना एकदम ठीक ठाउँमा छ भनी बुझ्नु आवश्यक छ । योगको सन्दर्भमा भन्नु पर्दा पं. नयराज पन्तले जुन सर्वार्थसिद्ध योग भन्नु भएको छ यसमा मेरो कुनै विमति नभएकोले यसबारे चर्चा नै गरिएन ।

यसरी लिच्छवि संवत्को निर्णयमा दिइएको गणनाको परिणाम र मेरो लिच्छविकालीन संवत् निश्चयमा दिएको गणनाका परिणाम उस्तै देखिन्छ तापनि के कुरामा समानता छ के कुरामा समानता छैन यसबारे तुलना गरी हेर्नुपर्ने आवश्यकता भएको देखियो । अत: तलको तालिका नं. २ मा तुलना गरी देखाइएको छ । जस्तै:

तालिका नं. २

| लिच्छवि संवत्को निर्णय | लिच्छविकालीन संवत्को निश्चय | तुलना |
|---|---|---|
| क) सूर्य सिद्धान्त | सूर्य सिद्धान्त | समानता |
| ख) बार आदित्य | बार आदित्य | समानता |
| ग) तिथि सप्तमी | तिथि सप्तमी | समानता |
| घ) नक्षत्र - तिष्य | नक्षत्र - पुष्य | तिष्य भन्नु र पुष्य भन्नु एउटै भएकोले समानता |
| ङ) तिथिको घडी पला ३३/१३ | तिथिको घडी पला ३३/११ | केही फरक तर आपत्ती छैन |
| च) नक्षत्रको घडी पला ३७/१४ | नक्षत्रको घडी पला ३५/२६ | केही फरक तर आपत्ती छैन |
| छ) शक संवत् ८०० आएको | शक संवत् ८०० आएको | समानता |
| ज) मानदेव संवत्मा ६३३ जोडेर विक्रम संवत् बनाइ त्यसबाट १३५ घटाएर शक ७९९ बनाएको | शक पूर्व २ को लिच्छवि संवत् ८०१ को समानान्तरका संक्षिप्त लिच्छवि संवत् मानेको । अत: लिच्छवि संवत् ८०१ बाट २ घटाएर शक ७९९ बनाएको | तरिका फरक |
| झ) मानदेव संवत् ३०१ भनेको शक ७९९ को कार्तिक देखि शक ८०० को आश्विन सम्म रहन्छ | संक्षिप्त लिच्छवि संवत् ३०१ भनेको शक ७९९ को कार्तिक देखि शक ८०० को आश्विन सम्म रहन्छ | समानता |
| ञ) शक संवत्लाई चैत्रादिबाट हिसाव गरेको | लिच्छवि संवत्लाई कार्तिकादिबाट हिसाव गरेको | फरक |
| ट) तिनताका चलेका शक संवत् नै किन नहुन कार्तिकादि शक भनी सकारेको तर हिसाव चैत्रादिबाट दिएको | तिनताका चलेका संवत् कार्तिकादि भएकोले हिसाव पनि कार्तिकादिबाट गरेको | फरक |
| ठ) कार्तिकादि शक भनेर पनि मान्ने त्यही शक कार्तिकमा ७९९ भएर वैशाखमा ८०० भयो भनेर मान्ने अनौठो चरित्र प्रदर्शन | लिच्छवि संवत् ८०१ (३०१) कार्तिकादि भएकोले चैत्रादि शक ७९९ को कार्तिक देखि शक ८०० को आश्विन सम्म रहने स्पट गरेको | कपटपूर्ण तवरले शक ८०० बनाएको निर्णायकको निर्णय दूषित छ भन्ने देखियो |

अब सहोत्तरतन्त्रको उपसंहार वाक्यमा भएको संवत् ३०१ को संवत् प्रकरणका सम्बन्धमा "लिच्छविकालमा चलेको संवत्" नामक पुस्तक मा दिइएका व्याख्या तर्फ पनि ध्यान दिएर हेर्नु सान्दर्भिक हुने हुँदा एक नजर यता पनि दिन पाठक वृन्दमा विन्ती बिसाउन चाहन्छु ।

संवत् ३०१ को संवत् प्रकरणमा - ***यहाँ संवत् महिना पक्ष तिथिको साथै वार योगको पनि उल्लेख आएकोले गणना गर्ने सजिलो भयो ।***

***अंशुवर्माहरूले प्रयोग गरेको संवत् कार्तिकादि हो भन्ने कुरा सिद्ध भएकोले वैशाखमा १ बढाउनु पर्छ ।***

*३०२ + ६३३ = ९३५ । गणना गर्दा वि.सं. ९३५ बैशाख शुक्ल सप्तमीमा आदित्यबार तिष्य नक्षत्र सिद्ध योग पर्न आयो गणना मिल्न गयो भनी दिइयो ।*

(लिच्छविकालमा चलेका संवत् पृष्ठ ६)

उपरोक्त उद्धरण अध्ययन गरी हेर्दा म तीन छक्कै परें। किनकि "लिच्छविकालमा चलेका संवत्" नामक पुस्तकका लेखकको विद्वता एवं पारख देखेर साँच्चै प्रभावित हुन पुगें र यो विद्वताको मुक्त कण्ठले तारिफ गर्नका लागि उपयुक्त शब्द र शब्दावली म संग छैन भन्नुपर्‍यो ।

जेहोस् यस पुस्तकमा दिइए अनुसार कुनै पनि संवत् कार्तिकादि संवत् भनी सिद्ध हुन आयो भने बैशाखमा १ वढाउनु पर्ने रहेछ । यही कुरा अभिलेख लेख्ने व्यक्ति अथवा सहोत्तर तन्त्र लेख्ने व्यक्तिलाई यो कुरा थाहा थिएन होला यदि थाहा भएको भए ३०१ लेख्नुको सट्टा ३०२ लेख्थे होला ।

खैर नेपाल संवत् पनि कार्तिकादि नै हुन् तर कार्तिकमा ११२९ भएको छ र बैशाखमा पुगेपछि १ थपे के हुने हो त्यस पुस्तकका लेखक स्वयं नै जानुन् त्यो युक्ति हामीलाई चाहिदैंन ।

**१) ललितपुर वुवहाको ने.सं. ५११ को अभिलेख**

संवत् प्रकरण:

***...... कलिराज वर्ष ४४९२ विक्रमराज वर्ष १४४४ शक राज वर्ष १३१३ श्री मन नेपालक श्रयोस्तु संवत् ५११ प्रथमाषाढ शुक्ल दशम्यां घटि २५वेला एकादश्या तिथौ कपिलदिने ...... करणे शशिहोराया स्वाति नक्षत्र घटि ४९ तस्मिनेव नक्षेत्र प्रतिष्ठापिता शिवजोग घटि १५ प्र. सिद्धियोगे सोमबार .........***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ५११ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ । अत: ५११ + ८०२ = १३१३ । यो संवत् १३१३ भनेको लिच्छवि संवत् हो । तर यहाँ शक राज वर्ष १३१३ भनी दिइएको छ । यो शक पूर्व २ को लिच्छवि संवत्लाई शक संवत् भनेर भान पार्ने काम लिच्छवि कालदेखि देखापरेको कुरा हो । यस संवत् प्रकरणमा "प्रथमाषाढ" भनिएबाट यो वर्ष अधिमास परेको भनी बुझियो । नेपाल संवत् ५११ भनेको शक १३११ को कार्तिक देखि शक १३१२ को आश्विन सम्म रहन्छ ।

केरो लक्ष्मण छत्रेले गनेको अधिमास क्षयमास सारणीमा शक १३११ को कार्तिक देखि शक १३१२ को आश्विन बीच अधिमास परेको दिइएको छैन । वरू शक १३१३ को भाद्रमा अधिमास पर्ने दिइएको छ । यसको मतलव शक पूर्व २ को लिच्छवि संवत्लाई नै शक संवत् भनी मानेको देखियो ।

नेपालको परम्परागत अधिमास परिपाटीमा भाद्रमा परेको अधिमासलाई पौषमा मानिन्थ्यो तर यहाँ आषाढमा मानेबाट फेरि धर्म निर्णय तिथि सार संग्रहमा दिइएका नारदमत र भारद्वाज मत पछ्याउन थाली सकेको प्रष्ट बुझियो । यसमा अधिमास नमिलेको कुरालाई थाती राख्दै । नेपाल संवत्को अलावा अरू संवत्को अंक तद्नुसार भनी जुन दिइएको छ त्यता तर्फ पनि ध्यान दिइ हेर्नु सान्दर्भिक ठान्दछु ।

यो संवत् प्रकरणमा विक्रमराज वर्ष १४४४ दिइएको छ । यसको मतलव अभिलेखमा दिइएको शक राज वर्ष १३१३ बीच १४४४-१३१३ = १३१ वर्ष अन्तर आउछ ।

यसबाट के कुरा प्रष्ट हुन्छ भने तिनताका संवत् विषयमा अध्ययन गर्नेहरूले नेपाल संवत् भन्दा ८०२ वर्ष पुरानो लिच्छवि संवत् जसलाई शक राज वर्ष पनि माने यो शक राज वर्ष र विक्रमराज वर्ष बीच वर्ष अन्तर केवल १३१ भनी ठम्याए । फेरि कलिगत वर्ष भनी ४४९२ दिइएको छ ।

यो कलिगत वर्ष ४४९२ - ने.सं. ५११ = ३९८१ वर्ष

विक्रमराज वर्ष भनेको १४४४ - ने.सं. ५११ = ९३३ वर्ष

त्यसकारण नेपाल संवत् र नेपाल संवत् भन्दा ८०२ वर्ष अघि चलेको लिच्छवि संवत् मात्र नेपालको यथार्थ संवत् हुन् बाँकी जम्मै कुरा कपोलकल्पित मानसिकताको उपज हुन् भन्ने कुरा ठोकुवा गर्न सक्दछौं ।

**२) ललितपुर सुन्धाराको ने.सं. ५२४ अभिलेख**

संवत् प्रकरण:

..... ***कलिगत वर्ष ४४०१ श्री विक्रमराज वर्ष १४६१ श्री शक राज वर्ष १३२६ श्री मत नेपालिक श्रयोस्तु ५२४ चैत्र कृष्ण अष्टम्यायां तिथौ उत्तराषाढा नक्षत्र साध्ययोग बृहस्पतिवार ...***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ५२४ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ । अत: ५२४ + ८०२ = १३२६ । यो संवत् १३२६ भनेको लिच्छवि संवत् हो । तर यहाँ श्री शक राज वर्ष १३२६ भनी दिइएको छ । शकपूर्व २ को लिच्छवि सवतलाई शक संवत् भनी भान पार्ने कृयाकलाप लिच्छविकाल देखि देखापरेको हो । नेपाल संवत् ५२४ भनेको शक १३२४ को कार्तिक देखि शक १३२५ को आश्विन सम्म रहन्छ ।

प्रस्तुत संवत् प्रकरणमा श्री विक्रमराज वर्ष १४६१ दिइएको छ । यसको मतलव अभिलेखमा दिइएको शक राज वर्ष १३२६ बीच विक्रमराज वर्षको अन्तर १४६१-१३२६ = १३५ वर्ष हुन्छ ।

यसबाट के कुरा प्रष्ट हुन्छ भने तिनताका संवत् विषयमा अध्ययन गर्नेहरू नेपाल संवत् भन्दा ८०२ वर्ष पुरानो लिच्छवि संवत् जसलाई शक राज वर्ष भनी माने यो शक राज वर्ष र विक्रमराज वर्ष बीच वर्ष अन्तर १३५ भनी ठम्याए । फेरि कलिगत वर्ष भनी ४४०१ मात्र दिइएको छ ।

अब लामो शास्त्रार्थ गर्ने तिर लाग्नु भन्दा ने.सं. ५२४ भन्दा १३ वर्ष अघिको ने.सं. ५११ को अभिलेखमा कलिगत वर्ष ४४९२ दिएको विक्रमराज वर्ष भनी १४४४ दिइएको छ भने प्रस्तुत संवत् प्रकरणमा कलिगत वर्ष ४४०१ र विक्रमराज वर्ष १४६१ दिइएको छ ।

ने.सं. ५२४ - ने.सं. ५११ = १३ वर्ष

विक्रम राज वर्ष १४६१ - विक्रम राज वर्ष १४४४ = १७ वर्ष

कलिगत ४४०१ - कलिगत ४४९२ = - ९१ वर्ष

शक राज वर्ष १३२६ - शक राज वर्ष १३१३ = १३ वर्ष

त्यसकारण नेपाल संवत् र नेपाल संवत् भन्दा ८०२ वर्ष अघि चलेको लिच्छवि संवत्मात्र नेपालको यथार्थ संवत् हुन् बाँकी जम्मै कुरा कपोलकल्पित मानसिकताको उपज हो भनी ठोकुवा गर्न सक्दछौं ।

**३) मखनटोल महादेव मन्दिरको ने.सं. ७६१ को अभिलेख**

संवत् प्रकरण:

***श्री शाके १५६३ श्री संवत् ७६१ मासे ४ तिथौ ७ बारे १ आषाढ शुदि ७ ।***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ७६१ दिइएको छ । नेपाल संवत्लाई श्री संवत् भनी संवोधन गरिएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउछ । अत: ७६१ + ८०२ = १५६३ । यो संवत् १५६३ भनेको लिच्छवि संवत् हो । तर यहाँ श्री शाके १५६३ भनी दिइएको छ । यो शकपूर्व २ को लिच्छवि संवत् भएकोले १५६३ र ने.सं. ७६१ भनेको शक १५६१ को कार्तिक देखि शक १५६२ को आश्विन सम्म रहने हुन्छ । लिच्छवि संवत्लाई शक संवत्को भान पार्ने कृयाकलाप लिच्छविकाल देखि नै आएको हामी चालपाउछौं ।

तिनताका संवत् सम्बन्धी अध्ययन गर्नेहरूले नेपाल संवत् भन्दा ८०२ वर्ष पुरानो लिच्छवि संवत् र नेपाल संवत् मात्र हाम्रो मौलिक संवत् हुन् अरू जम्मै निरर्थक हुन् भनेर बुझेर छोडेको देखियो । साथै शक संवत् भनियो भने हाम्रो मौलिक होइन कि भन्ने अर्थ आउने भएर शक पूर्व २ को संवत्लाई श्री शाके भनेर चिनाउन खोजेको पनि यहा चाल पाइन्छ । तर दूर्भाग्यको कुरो मानिसहरूले शक र शाकेलाई एउटै परिचय भित्र पार्दै लगे भन्ने स्पष्ट बुझियो ।

आखिर यो अभिलेखले नेपाल संवत् र नेपाल संवत् भन्दा ८०२ वर्ष पुरानो लिच्छवि संवत्मात्र यथार्थ हुन् । बाँकी जम्मै कुरा कपोलकल्पित थिए भन्ने कुरा यस अभिलेखले प्रष्ट रूपले बताए ।

४। भक्तपुर सैनिक व्यारेक पाटी को ने.सं. ७५० को अभिलेख संवत् प्रकरण:

*शाके १५५२ नेपाल संवत् ७५० ..... वैशाख कृष्ण द्वादशी रेवति नक्षत्र प्रीति योग वृहस्पति बार"*

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ७५० दिइएको छ। नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ। अतः ७५० + ८०२ = १५५२। यो संवत् १५५२ भनेको लिच्छवि संवत् हो। तर यहाँ शाके १५५२ भनी दिइएको छ। यो शकपूर्व २ को लिच्छवि संवत् भएकोले १५५२ र ने.सं. ७५० भनेको शक १५५० को कार्तिक देखि शक १५५१ को आश्विन सम्म रहने हुन्छ। खास लिच्छवि संवत्लाई शक संवत् हुन् कि भनी भान पार्ने कृयाकलाप लिच्छवि काल देखि आएको हामी चाल पाउँछौं।

तिनताका संवत् सम्बन्धी अध्ययन गर्नेहरूले नेपाल संवत् भन्दा ८०२ वर्ष पुरानो लिच्छवि संवत् मात्र हाम्रो मौलिक संवत् हुन् अरू जम्मै निरर्थक हुन् भनेर बुझेरै छोडेको देखियो। साथै शक संवत् भनियो भने नेपालको होइन भन्ला भनेर शक पूर्व २ को लिच्छवि संवत्लाई शाके भनेर चिनाउन खोजेको यहाँ चाल पाइन्छ। तर दूर्भाग्य कै कुरो हो भन्नु पर्‍यो कि पछिका मानिसहरूले शक र शाके एउटै परिचय भित्र पार्दै लगियो।

आखिर यो अभिलेखले पनि ने.सं. ७६१ भन्दा अघि ने.सं. ७५० देखिनै नेपाल संवत र नेपाल संवत् भन्दा ८०२ वर्ष पुरानो लिच्छवि संवत् मात्र नेपालको यथार्थ हो बाँकी जम्मै कुरा कपोलकल्पित मानसिकताको उपज हो भन्ने कुरा चरितार्थ भएको छ।

५। भक्तपुर दरवार कुमारी चोकको ने.सं. ७९७ को अभिलेख संवत् प्रकरण:

*संवत् ७९७ विक्रम १७३४ शक १५९९ कलि. ४७७८ भाद्र शुदि द्वितिया*

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ७९७ दिइएको छ। नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ। अतः ७९७ + ८०२ = १५९९। यो संवत् १५९९ भनेको लिच्छवि संवत् हो। तर यहाँ शक १५९९ भनी दिइएको छ। यो शकपूर्व २ को लिच्छवि संवत् भएकोले १५९९ र नेपाल संवत् ७९७ भनेको शक १५९७ को कार्तिक देखि शक १५९८ को आश्विन सम्म रहने हुन्छ। खास लिच्छवि संवत्लाई शक संवत् हुन् कि भनी भान पर्ने गरी काम कृयाकलाप लिच्छविकाल देखि नै हुँदै आएको चाल पाइन्छ।

प्रस्तुत संवत् प्रकरणमा विक्रम भनी १७३४ र कलि भनी ४७७८ पनि दिइएका छन्।

लामो शास्त्रार्थ तिर किन जाउँ ने.सं. ५११ को अभिलेखमा संवत् प्रकरण कसरी दिइएको छ ने.सं. ५२४ को अभिलेखमा संवत् प्रकरण कसरी दिइएको छ ? त्यो संग मात्र यो ने.सं. ७९७ को संवत् प्रकरण तुलना गरी हेर्दा पनि छर्लङ्ग हुनेछ जस्तो लाग्छ।

| | | |
|---|---|---|
| ने.सं. ५११ | ने.सं. ५२४ | ने.सं. ७९७ |
| कलि ४४९२ | कलि ४४०१ | कलि ४७७८ |
| विक्रम १४४४ | विक्रम १४६१ | विक्रम १७३४ |
| शक १३१३ | शक १३२६ | शक १५९९ |

| | | | |
|---|---|---|---|
| ने.सं. ७९७ | कलि ४७७८ | विक्रम १७३४ | शक १५९९ |
| - ने.सं. ५२४ | - कलि ४४०१ | - विक्रम १४६१ | - शक १३२६ |
| २७३ वर्ष | ३७७ वर्ष | २७३ वर्ष | २७३ वर्ष |
| ने.सं. ५२४ | कलि ४४०१ | विक्रम १४६१ | शक १३२६ |
| - ने.सं. ५११ | - कलि ४४९२ | - विक्रम १४४४ | - शक १३१३ |
| १३ वर्ष | ऋणात्मक ९१ वर्ष | १७ वर्ष | १३ वर्ष |
| ने.सं. ७९७ | कलि ४७७८ | विक्रम १७३४ | शक १५९९ |
| - ने.सं. ५११ | - कलि ४४९२ | - विक्रम १४४४ | - शक १३१३ |
| २८६ वर्ष | २८६ वर्ष | २९० वर्ष | २८६ वर्ष |

त्यसकारण नेपाल संवत् र नेपाल संवत् भन्दा ८०२ वर्ष अघि चलेको लिच्छवि संवत् मात्र नेपालको यथार्थ संवत् हुन् बाँकी जम्मै कुरा कपोलकल्पित हुन् भन्ने कुरा माथिका वर्ष अन्तर व्यहोराद्वारा ठोकुवा गर्न सक्दछौं ।

**६) भक्तपुर टुडिखेल स्थित सत्तलको ने.सं. ७९८ को अभिलेख** संवत् प्रकरण:

***नेपाल संवत् ७९८ श्री शाके १६०० कलिगत ४७७९ विक्रम १७३५ माघ शुक्ल पञ्चमी रेवति गुरू दिने ।***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ७९८ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ । अत: ७९८ + ८०२ = १६०० । यो संवत् १६०० भनेको लिच्छवि संवत् हो । तर यहाँ श्री शाके १६०० भनी दिइएको छ ।यो शकपूर्व २ को लिच्छवि संवत् भएकोले १६०० र नेपाल संवत् ७९८ भनेको शक १५९८ को कार्तिक देखि शक १५९९ को आश्विन सम्म रहने हुन्छ । यो भन्दा बाँकी कुरा अघि ने.सं. ७९७ को अभिलेखमा जसरी तुलना गरेको हो त्यही बमोजिम तुलना गर्दा पनि हुने कुरो हो ।

यसबाट यो प्रकट हुन आउँछ कि नेपाल संवत्मा ८०२ जोडेपछि आउने लिच्छवि संवत्लाई चाहे शक संवत् नाम देउन् चाहे शाके संवत नाम देउन् तर शकपूर्व २ को स्थान लिन सकिदैन भन्ने कुरा प्रत्यक्ष देख्न पाउछौं ।

हामीले सिक्दै आएको सुन्दै आएको कुरा संझियौ भने नेपाल संवत् मा भए ८०१ र ८०२ जोडे शक संवत् आउछ विक्रम संवत्मा भए १३५ घटाए भने शक संवत् आउँछ । हामीले सुन्दै आएको सिक्दै आएको यही न हो । यही कुरा अन्त हेर्न, पर्दैन पं. नयराज पन्तको लिच्छवि संवत् को निर्णय को ९-१० पृष्ठमा हेर्न सकिन्छ र पूर्णिमा अंक ७८ को १५ पृष्ठ मा हेर्न सकिन्छ ।

त्यसमा - नेपाल संवत्लाई शक संवत् मा परिणत गर्नु पर्दा कार्तिक शुक्ल प्रतिपदा देखि चैत्र (अमान्तमानले फागुन) कृष्ण अमावाश्या सम्म नेपाल संवत्मा ८०१ जोड्नु पर्ने र चैत्र शुक्ल प्रतिपदा देखि कार्तिक (अमान्तमानले आश्विन) कृष्ण अमावाश्या सम्म नेपाल संवत्मा ८०२ जोड्नु पर्ने कुरा स्पष्ट देखिन्छ भनी दिइएको छ ।

यहाँ ने.सं. ७९७ को संवत् प्रकरण र ने.सं. ७९८ को संवत् प्रकरणलाई माथिका भनाइका आधारमा तुलना गरी हेऱ्यो भने पनि थाहा हुन्छ ।

ने.सं. ७९७ को भक्तपुर दरवार कुमारी चोकको अभिलेख मा "भाद्रशुद्धि द्वितिया" उल्लेख छ भने ने.सं. ७९८ को भक्तपुर टुडिखेल स्थित सत्तलको अभिलेखमा "माघ शुक्ल पञ्चमी" उल्लेख छ ।

यसरी शक संवत् र शाके संवत् जे भनिए तापनि शवपूर्व २ को लिच्छवि संवत्लाई मात्र प्रतिविम्वित भएको छ । शक संवत्लाई छैन । किनकि यहाँ ८०१ जोड्ने प्रावधान आएकै देखिदैन । भनाइको मतलव कार्तिक देखि चैत्र भने पछि माघ त्यसै भित्र पऱ्यो तर ८०१ त जोडेनन् ८०२ नै जोडेका छन् । त्यस कारण नामले लिच्छवि संवत्लाई शक संवत् र शाके संवत् जे भनिए तापनि कामले शक पूर्व २ को स्थान ओगट्न सकेको छैन भन्ने कुरा यो भन्दा छर्लङ्ग कसरी गरू ।

**७) भक्तपुर दरवार कुमारी चोकेको ने.सं. ८०१ को अभिलेख** संवत् प्रकरण:

***"नेपाल संवत् ८०१ कलिगत संवत् ४७८१ विक्रम संवत् १७३७ शाके १६०२ माघ मासे शुक्ल पक्ष रवि सप्तमी"***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८०१ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ । अत: ८०१ + ८०२ = १६०३ । यो संवत् १६०३ भनेको लिच्छवि संवत् हो । यो शकपूर्व २ को लिच्छवि संवत् भएकोले १६०३ र नेपाल संवत् ८०१ भनेको शक १६०१ को कार्तिक देखि शक १६०२ को आश्विन सम्म रहन्छ ।

वास्तवमा नेपाल संवत् ८०१ को फागुन सम्म शक १६०१ र चैत्र देखि शक १६०२ हुनुपर्नेमा माघ शुक्ल सप्तमी मै शाके १६०२ भनी यस संवत् प्रकरणमा दिइएको छ। यसले त के भन्यो भने १६०२ नत शक संवत् भयो नत लिच्छवि संवत् नै भयो। यसको मतलव तिनताकाका संवत् का विषयमा ज्ञाता जान्ने आलाकाँचा निर्णय गरेको रहेछ भन्ने स्पष्ट बुझियो।

यही प्रसंगलाई लिएर के कुरालाई जोड्न सकिन्छ भने भात भनेको कहिल्यै नपकाएको व्यक्तिले भात पकाउदा चामलमा पानी हाल्ने कि पानीमा चामल हाल्ने भन्ने द्विविधा भए जस्तै संवत्का विषय त्यतिबेलाका जान्ने सुन्ने व्यक्तिले ८०२ र ८०१ जोडेर शक संवत् बनाउने मात्र थाहा भए तर कुनमा ८०२ जोडने र कुन मा ८०१ जोड्ने थाहा नभएको परिस्थितिलाई यस अभिलेखले प्रष्ट दर्शाएको छ।

यस संवत् प्रकरणमा उल्लेख भएका ने.सं. ८०१ र नेपाल संवत् ७९८ को संवत् प्रकरण वीच तुलना गरि हेरौं।

ने.सं. ८०१ - ने.सं. ७९८ = ३ वर्ष
शाके १६०२ - शाके १६०० = २ वर्ष
विक्रम १७३७ - विक्रम १७३५ = २ वर्ष
कलिगत ४७८१ - कलिगत ४४७९ = २ वर्ष

अव नेपाल संवत् ८०१ को संवत् प्रकरण र नेपाल संवत् ५११ को संवत् प्रकरण वीच तुलना गरी हेरौं।
ने.सं. ८०१ - ने.सं. ५११ = २९० वर्ष
शाके १६०२ - शाके १३१३ = २८९ वर्ष
विक्रम १७३७ - विक्रम १४४४ = २९३ वर्ष
कलिगत ४७८१ - कलिगत ४४९२ = २८९ वर्ष

माथिका संवत् प्रकरण वीचका तुलनाले के कुरा प्रष्ट रूपमा बताउँछ भने यस अधिका संवत् सम्बन्धी ज्ञाताहरूलाई नेपाल संवत् र नेपाल संवत् भन्दा ८०२ वर्ष अधिको संवत् वारे मात्र जानकारी रहेको अन्य संवत्का विषयमा यकीन जानकारी नभएको प्रष्ट दर्शाउछ। शक र शाके भनी जुन देखापरेका छन् यी दुई पनि एकै होइनन् कि शक संवत् भन्दा हाम्रो संवत् केही पृथक छन् कि भन्ने शंका गर्न थालेको भने यस अभिलेखबाट चाल पाइन्छ।

**८) भक्तपुर तलेजु चोकका ने.सं. ८०५ को अभिलेख**

संवत् प्रकरण:

***"नेपाल संवत् ८०५ शक १६०६ विक्रम १७४१ कलि ४७८५ मार्गशिर कृष्ण नवम्यां चित्रा नक्षत्रे सुकर्म्म योगे यथाकरण मुहूर्त के शनैश्चर वासरे"***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८०५ दिइएको छ। नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ। अत: ८०५ + ८०२ = १६०७। यो संवत् १६०७ भनेको लिच्छवि संवत् हो। यो शक पूर्व २ को लिच्छवि संवत् भएकोले शक १६०५ को कार्तिक देखि शक १६०६ को आश्विन सम्म रहन्छ।

वास्तवमा नेपाल संवत् ८०५ को फागुन सम्म शक १६०५ र चैत्र देखि शक १६०६ हुनु पर्नेमा मार्गशिर कृष्ण नवमी मै शक १६०६ भनी यस संवत् प्रकरणमा दिइएबाट नेपाल संवत् ८०१ मा जुन गलत बाटो अपनाएका थिए त्यही गलत बाटो को निरन्तरता यहाँ पनि दिएको प्रष्ट रूपले देखियो।

अरू लामो व्याख्या के गरौं नेपाल संवत् ८०५ को संवत् प्रकरण र ने.सं. ७९८ को संवत् प्रकरण वीच तुलना गरी हेरौं।

ने.सं. ८०५ - ने.सं. ७९८ = ७ वर्ष
शक १६०६ - शाके १६०० = ६ वर्ष
विक्रम १७४१ - विक्रम १७३५ = ६ वर्ष
कलिगत ४७८५ - कलिगत ४४७९ = ६ वर्ष

त्यसतै गरी नेपाल संवत् ८०५ को संवत् प्रकरण र नेपाल संवत् ८०१ को संवत् प्रकरण बीच तुलना गरी हेरौं।

ने.सं. ८०५ - ने.सं. ८०१ = ४ वर्ष
शक १६०६ - शक १६०२ = ४ वर्ष

विक्रम १७४१ - विक्रम १७३७ = ४ वर्ष

कलि ४७८५ - कलि ४७८१ = ४ वर्ष

माथिका संवत् प्रकरणका वीच तुलनात्मक अध्ययनले यो कुरा प्रष्ट रूपले बताउछ कि संवत्का विषयमा जानकारी राख्ने भन्दा पनि अघि जे भन्दै आएको हो त्यसको निरन्तरता दिनु नै ठूलो कुरा ठानी गलत बाटो दोहराइएको मात्र यहाँ प्रष्ट भल्किन्छ।

**९) भक्तपुर दरवार ढुंगेघाराको ने.सं. ८०८ को अभिलेख**

संवत् प्रकरण:

***नेपाल संवत् ८०८ श्री कलिगत ४७८९ श्री विक्रम १७८९ श्री शक १६१० श्रावण मासे शुक्ल पक्ष पूर्णमास्यां तिथौ श्रवण नक्षत्रे सौभाग्य योगे यथाकरण मुहूर्तके बुधवासरे।***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८०८ दिइएको छ। नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउछ। अत: ८०८ + ८०२ = १६१० । यो संवत् १६१० भनेको लिच्छवि संवत् हो। तर यहाँ श्री शक १६१० भनी दिइएको छ। यो शक पूर्व २ को लिच्छवि संवत् भएकोले शक १६०८ को कार्तिक देखि शक १६०९ को आश्विन सम्म रहन्छ। खास लिच्छवि संवत्लाई शक संवत् हुन् कि भनी भान पार्ने गरी काम कृयाकलाप लिच्छविकाल देखि नै हुँदै आएको चाल पाइन्छ। तर जेहोस् लिच्छवि संवत्लाई शक संवत् र शाके संवत् भनी जे नाम दिइएतापनि शकपूर्व २ को स्थान लिन सकेको स्थिति भने पटक्कै छैन। ताकि २ वर्षको इतिहास ज्यान गए मिलाउन सकेको छैन भन्ने प्रष्ट रूपले बताउछ।

अव नेपाल संवत् ८०८ को संवत् प्रकरण संग नेपाल संवत् ८०५ को संवत् प्रकरण वीच तुलना गरी हेरौं

ने.सं. ८०८ - ने.सं. ८०५ = ३ वर्ष

श्री शक १६१० - शक १६०६ = ४ वर्ष

श्री विक्रम १७८९ - विक्रम १७४१ = ४८ वर्ष

कलिगत ४७८९ - कलि ४७८५ = ४ वर्ष

माथिका संवत् प्रकरण वीचको तुलनाले के कुरा प्रष्ट रूपले वताउँछ भने नेपाल संवत् र नेपाल संवत् भन्दा ८०२ वर्ष अघिको संवत् वारे जानकारी रहेको अरू बाँकी संवत्का विषयमा केही गहिरो जानकारी नरहेको दृश्य झल्किन्छ र विक्रम संवत्का विषय मा त बिल्कूलै जानकारी नरहेको समेत यसले प्रष्ट रूपले दर्शाएको छ।

**१०) भक्तपुर दरवार तलेजु चोकको तोरणको ने.सं. ८०८ को अभिलेख**

संवत् प्रकरण:

***संवत् ८०८ ॥ कलि ४७८९ ॥ १७४५ ॥ शाके १६१०॥ बैशाख शुदि द्वितीया।***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८०८ दिइएको छ। नेपाल संवत्मा ८०२ जोडे पछि लिच्छवि संवत् आउँछ। अत: ८०८ + ८०२ = १६१० । वास्तवमा यो १६१० लिच्छवि संवत् हो तर यहाँ शाके भनिएको छ भने ने.सं. ८०८ को ढुंगेधाराको अर्को अभिलेखमा १६१० लाई श्री शक भनी उल्लेख गरेको छ।

यसले एकातिर शक संवत् र शाके संवत् एउटै हो भन्ने पनि अर्थ लाग्छ भने शक भनियो भने वाहिरको बुझिने र शाके भनियो कि नेपाल भित्रको भनी बुझिने भन्न खाजेको जसतो पनि चाल पाइन्छ। जेहोस् हिसावमा नेपालसंवत् मा ८०२ जोड्न वित्तिकै शक संवत्को हिसाव आउने होइन लिच्छवि संवत्को हिसाव आउने हो भन्ने थाहा हुनु आवश्यक रहेछ।

यहाँ सवभन्दा ध्यानाकर्षण को विषय भनेको विक्रम संवत् हो। नेपाल संवत् ८०८ को ढुंगेघाराको अभिलेखमा विक्रमसंवत् १७८९ भनी दिइएको थियो भने नेपाल संवत् ८०८ कै तलेजु चोकको तोरण अभिलेखमा विक्रमसंवत्को अंक १७४५ दिइएको छ।

यसबाट हामीले के सन्देश पाउछौं भने तिनताका पनि शक संवत् र शाके संवत् भन्नाले के बुझ्ने र कसरी बुझ्ने भनी अन्यौलता थियो भने अर्कोतिर सवभन्दा विवादको विषय विक्रम संवत् नै थियो भन्ने कुरा छर्लङ्ग बताएको छ।

**११) भक्तपुर दरवार मालती चोकको ने.सं. ८१८ को अभिलेख**
संवत् प्रकरण:

***ने.सं. ८१८ कलिगत ४७९९ श्री विक्रम १७९९ (१७५५) श्री शक १६२० फागुन मासे शुक्ल पक्ष नवम्यां तिथौ मृगशिरा नक्षत्र विस्कुम्भ योगे यथाकरण मुहूर्त्तके बुधबासरे***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८१८ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ । अतः ८१८ + ८०२ = १६२० । यो संवत् १६२० भनेको लिच्छवि संवत् हो । तर यहाँ १६२० लाई नै श्री शक भनी दिइएको छ । शक पूर्व २ को लिच्छवि संवत्लाई शक संवत भनी भान पार्ने गरी कृयाकलाप लिच्छविकाल देखि हुँदै आएको देख्न पाइन्छ । नेपाल संवत् ८१८ भनेको शक १६१८ को कार्तिक देखि १६१९ को आश्विन सम्म रहन्छ ।

प्रस्तुत संवत् प्रकरणमा मुख्य ध्यानाकर्षणको विषय बनेको विक्रम संवत् नै देखिन्छ । किन कि नेपाल संवत् ८१८ को तदनुसार विक्रम संवत् कति हुन्छ भन्ने सम्बन्धमा मत भेद अत्यन्त चर्को रूपमा देखापरेको कारण यहाँ कोही १७९९ हुन्छ भन्ने निस्के कोही १७५५ हुन्छ भनी निस्केका कारण अभिलेखमा यी दुइटै संवत् अंक दिइएको कुरा प्रत्यक्ष देख्न पाइन्छ । यसले स्पष्ट रूपले के देखायो भने विक्रम संवत् यही नै हो भनेर ठम्याउन नसकेर हो ।

अव ने.सं. ८१८ को संवत् प्रकरण र ने.सं. ८०८ को संवत् प्रकरण बीच तुलना गरी हेरौं

ने.सं. ८१८ - ने.सं. ८०८ = १० वर्ष
श्री शक १६२० - शक १६१० = १० वर्ष
विक्रम १७९९ -विक्रम १७४५ = ५४ वर्ष
विक्रम १७९९ - विक्रम १७८९ = १० वर्ष
विक्रम १७५५ - विक्रम १७४५ = १० वर्ष
विक्रम १७५५ - विक्रम १७८९ = - ३४ वर्ष (ऋणात्मक)
कलिगत ४७९९ - कलिगत ४७८९ = १० वर्ष

माथिका संवत् प्रकरण वीच तुलनाले के कुरा प्रष्ट रूपले बताउँछ भने नेपाल संवत् र नेपाल संवत् भन्दा ८०२ वर्ष अघिको कार्तिकादि संवत् मात्र हाम्रो गौरवका संवत् हुन् अरू बाँकी सवै केवल भ्रमोत्पादक एवं गहिरो जानकारी राखे विना नै प्रयोग गरिएका रहेछन् । सायद नेपालको संवत् विवादलाई निराकरण गर्ने प्रयासको फलस्वरूप मिलाएका हुन् कि कसो । साँच्चै भन्नु पर्दा यस्तो प्रयासले झन वढी समस्या बढाएको प्रष्ट हुन्छ ।

**१२) भक्तपुर डोलेश्वरको ने.सं. ८२८ को अभिलेख ।**
संवत् प्रकरण:

***कलिगताव्द ४८०८ शकाब्द १६२९ विक्रमाव्द १७६४ नेपाल संवत् ८२८ माघ वद्वि ९ ॥***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८२८ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडे पछि लिच्छवि संवत् आउछ । अतः ८२८ + ८०२ = १६३० । यो संवत् १६३० भनेको लिच्छवि संवत् हो । यो शकपूर्व २ को लिच्छवि संवत् भएकोले १६३० र नेपाल संवत् ८२८ भनेको शक १६२८ को कार्तिक देखि शक १६२९ को आश्विन सम्म रहन्छ ।

वास्तवमा नेपाल संवत् ८२८ को फागुन सम्म १६२८ र चैत्र देखि १६२९ हुनु पर्नेमा माघ वदि ९ मै शकाब्द १६२९ भनी यस संवत् प्रकरणमा दिइएको छ । यसले के जनायो भने यो संवत् नता शक संवत् भयो नता लिच्छवि संवत् नै भयो । यसको मतलव तिनताकाका संवत्का विषयमा ज्ञाता वन्नेले आलाकाँचा निर्णय गरेको रहेछ भन्ने स्पष्ट बुझाउछ । फेरि नेपाल संवत् वाहेक अन्य संवत्का विषयमा राम्रो ज्ञान नभएका कारणले नै कलिगत भन्नु सट्टा कलिगताब्द, शक संवत् भन्नु सट्टा शकाब्द र विक्रम संवत् भन्नु सट्टा विक्रमाव्द प्रयोग गरिएका हुन् भन्ने समेत अर्थ लाग्ने देखियो ।

अव नेपाल संवत् ८२८ को संवत् प्रकरण र नेपाल संवत् ८१८ को संवत् प्रकरण वीच तुलना गरी हेरौं ।

ने.सं. ८२८ - ने.सं. ८१८ = १० वर्ष
शक १६२९ - शक १६२० = ९ वर्ष
विक्रम १७६४ - विक्रम १७५५ = ९ वर्ष
कलिगत ४८०८ - कलि ४७९९ = ९ वर्ष

फेरि नेपाल संवत् ८२८ को संवत् प्रकरण र नेपाल संवत् ५११ को संवत् प्रकरण वीच तुलना गरी हेर्दा अझ रमाइलो नतीजा आउछ जस्तै :

नेपाल संवत् ८२८ - नेपाल संवत् ५११ = ३१७ वर्ष
शक १६२९ - शक १३१३ = ३१६ वर्ष
विक्रम १७६४ - विक्रम १४४४ = ३२० वर्ष
कलिगत ४८०८ - कलि ४४९२ = ३०६ वर्ष

माथिका संवत् प्रकरण वीच तुलनाले के कुरा प्रष्ट रूपले देखाउछ भने त्यतिवेला जसले संवत् प्रकरण उल्लेख गराए उसलाई नेपाल संवत् वाहेक अरू कुनै पनि संवत् वारे राम्रो ज्ञान रहेन छ भन्ने देखियो ।

**१३) भक्तपुर दरवार मूलचोकको ने.सं. ८४२ को अभिलेख**
संवत् प्रकरण:

***श्रयोस्तु अथ कलिगत वर्ष ४८३३ विक्रमाव्द १७७९ शकराज वर्ष १६४४ नेपाल संवत् ८४२ श्रावण मासे कृष्ण पक्ष सप्तम्या पर अष्टम्या. रोहिणी नक्षत्र हर्षन योगे यथाकरण मुहूर्ते बुधवासरे ।***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८४२ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउछ । अत: ८४२ + ८०२ = १६४४ । यो संवत् १६४४ भनेको लिच्छवि संवत् हो । तर यहाँ १६४४ लाई नै शकराज वर्ष भनी शक संवत् मानी दिएको छ । शक पूर्व २ को लिच्छवि संवत्लाई शक संवत् भनी भान पार्ने गरी कृयाकलाप लिच्छविकाल देखि हुँदै आएको देखिन्छ । नेपाल संवत् ८४२ भनेको शक १६४२ को कार्तिक देखि शक १६४३ को आश्विन सम्म रहन्छ ।

प्रस्तुत संवत् प्रकरणमा मुख्य ध्यानाकर्षणको विषय भनेको विक्रम संवत् नै देखिन्छ । किनकि नेपाल संवत् ८४२ को तदनुसार विक्रम संवत् कलिगत संवत्, शक संवत् भनेर दिईंदा विक्रम संवत् एउटालाई मात्र विक्रमाव्द, शब्द प्रयोग गरिएको छ । यसरी अब्द भन्नाले भुक्त वर्ष हो कि वर्तमान वर्ष हो ठम्याउन नसकेर मात्र विक्रमाव्द शब्दको प्रयोग गरिएको र शंका प्रकट गरिएको बुझिन्छ ।

जेहोस् यस संवत् प्रकरणवाट पनि नेपाल संवत् र नेपाल संवत् चल्नु भन्दा ८०२ वर्ष अघि चलेको कार्तिकादि लिच्छवि संवत्मात्र हाम्रो मौलिक संवत् हुन् अरू बाँकी फाल्तु संवत् हुन् यसले केवल भ्रमोत्पादक परिस्थिति मात्र निम्त्याउँछ भन्ने प्रष्ट बुझिन्छ ।

**१४) भक्तपुर नगदेशको ने.सं. ८८९ को अभिलेख**
संवत् प्रकरण:

***संवत् ८८९ मार्गशिल शुदि ४ श्री शाके १६९१ विक्रमान्द १८२६ कलि ४८७० ।***

प्रस्तुत संवत् प्रकरणमा नेपाल संवत् ८८९ दिइएको छ । नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउँछ । अत: ८८९ + ८०२ = १६९१ । यो संवत् १६९१ भनेको लिच्छवि संवत् हो । तर यहाँ यही संवत् १६९१ लाई शक संवत् मानीदिएको छ । शकपूर्व २ को लिच्छवि संवत्लाई शक संवत् भनी भानपार्ने गरी कृयाकलाप लिच्छवि कालदेखि हुँदै आएको देखिन्छ । नेपाल संवत् ८८९ भनेको शक १६८९ को कार्तिक देखि शक १६९० को आश्विन सम्म रहन्छ ।

प्रस्तुत संवत् प्रकरणमा मुख्य ध्यानाकर्षणको विषय भनेको विक्रमसंवत् नै देखिन्छ । किनकि नेपाल संवत् ८८९ को तदनुसार भनी दिइएका अन्य संवत्मा श्री शाके १६९१ भन्नु, कलि ४८७० भन्नु, विक्रमसंवत् मात्र विक्रमाव्द भन्नुले केही गडवडीको संकेत त्यहाँ देखिन्छ । किनकि विक्रमाव्द (अव्द) शव्द जोडेर व्यक्त गरिएको छ यसले भुक्त वर्ष कि

वर्तमान वर्ष ठीक संग ठम्याउन नसकेर नै विक्रमाव्द शब्द उल्लेख गरेको हो भन्ने प्रकट हुन आउछ ।

जेहोस यस संवत् प्रकरणबाट पनि नेपाल संवत् र नेपाल संवत् चल्नु भन्दा ८०२ वर्ष अधिको कार्तिकादि लिच्छवि संवत् मात्र हाम्रो मौलिक संवत् हुन अरू बाँकी फाल्तु संवत् हुन् यसले केवल भ्रमोत्पादक परिस्थितिलाई मात्र निम्त्याउँछ भन्ने कुरा यो भन्दा बढी कसरी खुलस्त पार्न सकिएला ।

यसरी धेरै मेहनत गरी यो तयार गरिएको छ । पाठकहरूले अध्ययन मनन, गर्नु हुने नै छ । अत: झूटो गुण अथवा दोष लाउने छैन भन्ने अपेक्षा राख्दछु ।

## निचोड:

उपलब्ध अभिलेख श्रोतलाई राम्ररी केलाइ अध्ययन गरी सके पछि हामी यो निचोडमा पुग्न सक्दछौं ।

## लिच्छविकालमा चलेको पहिलो थरि संवत्

वार नक्षत्र, अधिमासका आधारमा लिच्छविकालमा चलेका संवत् शंकपूर्व २ को कार्तिकादि संवत् हो । यसलाई नामदिंदा लिच्छविकालमा चलेको संवत् भएर लिच्छवि संवत् भन्ने गरिएको हो ।

## लिच्छविकालमा चलेको दोश्रो थरि संवत्

वार नक्षत्र, अधिमासका आधारमा लिच्छविकालमा चलेको संवत् शकपूर्व २ को भएकोले २९ देखि शुरू भएको दोश्रो थरि संवत् शकपूर्व २ को लिच्छवि संवत् ५२९ को संक्षिप्त रूप हो । यो मानदेव संवत् र अंशुवर्मा संवत् भनी बेग्लै संवत् शुरूवात भएको होइन ।

## नेपाल संवत्

नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छवि संवत् आउने हो शक संवत् आउने होइन । नेपाल संवत् १ हुँदा त्यतिवेला शक ८०१ थियो र शक ८०१ को कार्तिक देखि शक ८०२ को आश्विन सम्म रहने भएको हो । हिसावको कुनै गर्म नै नबुझी त्यसको अर्थै नबुझी नेपाल संवत् आरम्भ हुँदा ८०१ भयो भन्दैमा ८०१ जोडने र अझ ८०२ जोडेर शक संवत् आयो भन्दैमा आएको मानिदैन । यहाँ निर हाम्रा इतिहासकार हरूले अत्यन्त गम्भीर त्रुटी गर्दै आइरहेका छन् र संवत् समस्या अझ बल्झाई आईरहेको छ यो चिन्ताको विषय छ ।

## शक संवत्

संवत् भनेको रथ हो भनी मानौं र यसका दुइ पाग्रा भनेका चान्द्रमान र सौरमान हुन् भनी मानौं । लिच्छविकालमा पनि चान्द्रमान र सौरमान संगसंगै रहेको कारणले चान्द्रमानमा ३५४ दिनको एकवर्ष र सौरमानमा ३६५ दिनको एक वर्ष हुने भएर यी दुइटैलाई एक साथ मिलाउन अधिमासको प्रावधान रहेको हुन्छ । अधिमासको प्रावधान संवत्का शुरूवात संगसंगै आउने कुरो हो । कालान्तरमा अधिमास मान्ने क्रममा भ्रम उत्पति भई नेपालमा कार्तिकादि संवत् व्यवहार गर्दा गर्दै पनि अधिमास परिपाटी शक संवत् तिरको आकर्षित हुन गएको कारणले शक पूर्व २ को लिच्छवि संवत्लाई नै शक संवत् र शाके संवत् मान्न पुगेको हो ।

इश्वी सन् र शक संवत्को समतुल्यताको दृष्टिले भारतीय विद्वानहरूले शक संवत्मा ७८-७९ जोडेर इश्वी संवत् संस्कार गर्ने गर्छन् भने हाम्रा इतिहासकारहरूले शकपूर्व २ को लिच्छवि संवत्लाई शक संवत् ठानेर, त्यसमा ७७-७८ जोडेर इश्वी सन ल्याउने गर्दै आएका छन् । यी आधारबाट पनि शक संवत् कुन हो ठम्याउन सकीरहेका छैन भन्ने देखियो र यसमा नै मुख्यत: हाम्रा इतिहासकारहरूको त्रुटी देखापरी रहेको छ ।

## विक्रम संवत्

भारतीय विद्वानहरूले विक्रम संवत्लाई इशा पूर्व ५८मा शुरू भयो भनी मान्दछन् भने नेपाली इतिहासकारहरू इशापूर्व ५६-५७ मान्दछन् ।

लिच्छविकालमा नेपालमा विक्रमसंवत्को कुनै नामोनिशान भेटिदैन । मध्यकालका राजा जयस्थिति मल्लको पालाका अभिलेख

ने.सं. ५११ मा शकपूर्व २ को लिच्छवि संवत्लाई शक संवत् ठानेर त्यसमा १३१ जोडेर विक्रम संवत् वनाएको पाइन्छ। त्यसपछि राजा धर्ममल्लको पालाका ने.सं. ५२४ का अभिलेखमा आएर शकपूर्व २ को लिच्छवि संवत्लाई शक संवत् ठानेर त्यसमा १३५ जोडेर विक्रम संवत् बनाएको पनि पाइयो।

त्यसपछि भक्तपुरका राजा जितामित्र मल्ल र भूपतीन्द्र मल्लका पालाका अभिलेखहरूमा शक पूर्व २ को लिच्छवि संवत्लाई शक संवत् ठाने तापनि विक्रम संवत् यति हुन्छ उति हुन्छ ठम्याउन नसकेर विक्रमाव्द भनेर १७९९ हुने हो कि १७५५ हुने हो द्विविधा उत्पन्न भएर यी दुवै संवत् एउटै अभिलेखमा लेखेको समेत पाइयो।

मल्लकालको अन्तिममा राजा रणजित मल्लको ने.सं. ८८९ को अभिलेखमा विक्रम संवत् १८२६ दिइएको देखेपछि त्यही १८२६ लाई पछ्याएर आएको विक्रम संवत् हाल २०६५ को रूपमा हामीलाई व्यवहार गराइ आएका छन्।

यो विक्रम संवत्को उत्पादन भनेको शक संवत्मा १३५ जोडेर विक्रम संवत् आउछ भन्ने एउटा सूत्रको भरमा शक पूर्व २ को लिच्छवि संवत्लाई शक संवत् ठानेर त्यसमा १३५ जोडेर वनाइएको यो विक्रम संवत् हो। यो विक्रम संवत्को न कुनै इतिहास छ न कुनै आधार नै छ। केवल काल्पनिक धरातलबाट उठेर आएको संवत् भएकोले नेपालमा विक्रम संवत्को कुनै औचित्य देखिंदैन। अत: विक्रम संवत्लाई सुधार्ने भए २०६५ को सट्टा २०६३ भन्नु पर्ने हुन आउँछ। यो संभव हुने कुरा हुँदैन।

विक्रम संवत्लाई सुधार्न सर्व प्रथम शक संवत् चिन्नु पर्ने आवश्यक हुन्छ। शक संवत् चिने पछि त्यसमा मात्र १३५ जोड्ने हुनुपर्नेमा जुन संवत् शक संवत् नै होइन त्यस संवत्मा १३५ जोडियो। त्यसरी विक्रम संवत कदापि वन्दैन। त्यसकारण विक्रम संवत् मिल्दैन भन्ने सरासर देखियो।

यस प्रकारले अशुद्ध भै रहेका कारण भनेको नै शक पूर्व २ को संवत्लाई शक संवत भन्नु हो। संशोधन हुनु पर्ने केन्द्र विन्दु पनि यही हो।

**सन्दर्भग्रन्थ सूची:**


१) लिच्छवि संवत्को निष्कर्ष
- शंकरमान राजवंशी, प्रकाशक दिलिपमान राजवंशी काठमाडौ वि.सं. २०३०।

२) लिच्छवि संवत्को निर्णय
- नयराज पन्त, प्रकाशक नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान कमलादी काठमाडौं २०४३

३) लिच्छविकालका अभिलेख
- धनवज्र वज्राचार्य त्रि.वि.वि. नेपाल तथा एशियाली अध्ययन संस्थान काठमाडौं वि.सं. २०३०

४) लिच्छवि संवत्को परिचर्चा
- शकरमान राजवंशी, प्रकाशक गिरीन्द्रमान राजवंशी काठमाडौं

५) लिच्छवि कालमा चलेका संवत्
- दिनेशराज पन्त, प्रकाशक पुण्य वहादुर श्रेष्ठ काठमाडौं २०३८।

६) लिच्छविकालीन संवत्को निश्चय
- श्याम सुन्दर राजवंशी प्रकाशक गिरीन्द्र मान राजवंशी चन्द्र किरण राजवशी काठमाडौं २०५२

७) पूर्णिमा
- संशोधनमण्डल पूर्णाङ्क ७८, काठमाडौं २०४७

८) ऐतिहासिक भारतीय अभिलेख
- प्रो. कृष्णदत्त वाजपेयी, डा. कन्हैयालाल अग्रवाल, डा. सन्तोष वाजपेयी पव्लीकेशन स्कीम जयपुर भारत १९९२ AD

९) रोलम्व
- जोशी रिशर्च इन्स्टीच्यूट भो. १७ नं. ३ जुलाई सेप्टेम्बर १९९७

# ABOUT THE AUTHORS


| | | |
|---|---|---|
| Dr. Khadga Man Shrestha | – | Ex-Director General<br>DoA<br>Kuleshwor, Kathmandu |
| Tarananda Mishra | – | Ex-Deputy Director General<br>DoA<br>Gairidhara, Kathmandu |
| Hari Ram Joshi | – | Research Scholar<br>Manbhawan, Lalitpur |
| Shyam Sundar Rajbanshi | – | Epigraphist Officer<br>DoA |